# प्राचीन नेपाल
# ANCIENT NEPAL

संख्या १६८
असार २०६५

Number 168
July 2008

**सम्पादक मण्डल**
प्रधान सम्पादक
**कोशप्रसाद आचार्य**
सम्पादक
**विष्णुराज कार्की**
**राजेश माथेमा**
**श्यामसुन्दर राजवंशी**

**Editorial Board**
Chief Editor
**Kosh Prasad Acharya**
Editor
**Bishnu Raj Karki**
**Rajesh Mathema**
**Shyam Sunder Rajbanshi**

# विषय-सूची
# Contents

## अंग्रेजी खण्ड
## English Section

**Ceramic Art of Kathmandu Valley
(From Lichchavi Era to 17th Century AD)**

*Dr. Shaphalya Amatya* ............................................ *1-8*

## नेपाल खण्ड
## Nepali Section

पल्टनको तैनाथी र जङ्गी/निजामती कर्मचारीको तलवमान
वि.सं. २०००

***डा. भवेश्वर पंगेनी*** ............................................ ९-३४

वाराणसी स्थित नेपाली मन्दिर तथा धर्मशाला
संरक्षणका प्रसंगहरू

***गोपाल झा*** ............................................ ३५-४७

बर्दियाको ठाकुरद्वारा मन्दिरस्थित
विष्णुविश्वरूप मूर्तिको एक अध्ययन

***रामबहादुर कुँवर*** ............................................ ४८-५०

पुरातत्व विभागको गतिविधि २०६३/६४

***श्यामसुन्दर राजवंशी***
***सविता न्यौपाने*** ............................................ ५१-६०

REFERENCE

# Ceramic Art of Kathmandu Valley
## (From Lichchavi Era to 17th Century AD)

*Dr. Shaphalya Amatya*

Terracotta or ceramic objects, particularly utensils of various shapes and sizes, have been in use in the Kathmandu Valley since the beginning of the Lichchavi era (synchronizing with the inception of the Christian era). Ceramic objects, mostly potteries, are still in use in plenty in Nepalese society for socio-religious activities like the rites and rituals performances. In the valley of Kathmandu, there exists a special group among the farmer community of Bhaktapur known as Kuma or Kumaley or Prajapati, who are adept in making clay objects or ceramics.

The excavations carried out by His Majesty's Government of Nepal at various places in the Kathmandu Valley during the year 1959, 1964 and 1965 have brought into light numerous pieces of ceramic objects used during the Lichchavi and the Malla periods. But, unluckily, these antiquities were destroyed in 1970 in a big fire, which took place in Singha Durbar, where the Department of Archaeology was located at that time. We have however the report of the work undertaken jointly by His Majesty's Government/Department of Archaeology and the Indian Co-operation Mission, Nepal under the leadership of S.B. Deo at Lazimpat and Handigoan in the month of January 1965. The excavations were conducted in a very small scale but they were unique in the sense that they were the first scientific archaeological excavations of their kind.

In the excavation of 1965 by S.B.Deo at Lazimpat and Handigoan, some very interesting ceramic art objects were found. Among them was a potsherd stamped with a seal bearing the motif of a calf sucking a cow and with the legend 'prasthada' in Gupta characters, identical with the well-known 'Kamadohi' motif on the coins of Amsuverma. It probably belonged to the period of King Amsuverma or 7th century. A variety of terracotta objects were found in the deposits belonging to this period. There were some terracotta beads, lamps and tiles, though not of remarkable art creation, of the contemporary period of the Lichchavis.

In 1966, Dr. N. R. Banerjee undertook a small-scale

excavation at Dhumbarahi near Handigoan. Its report was never published. In this excavation also, the ceramics or clay utensils and artifacts used during the Lichchavi period were discovered. Terracotta human and animal figures of the lion, elephant, horse, cow and buffalo were found. Some miniature replicas of makara spouts were also found. The report says that the Dhumbarahi excavations have brought to light an interesting facet of the terracotta art in the form of an infinite variety of curved hand-pressed moulds. The excavations have also discovered a large number of hallow terracotta figurines of animals modeled by hand in two parts and joined along the medial line. The humped bull takes the pride of place in the menagerie, while the assemblage includes the horse, elephant and, uniquely, the camel. In terms of proportion, symmetry of composition and disposition of curves, they are extremely graceful and they would add a fresh chapter to the history of plastic art in Nepal.

In around 1969-70 (?), a huge deposit of terracotta figurines of various animals and human beings were found when digging was conducted for the construction of a telephone exchange building at Naxal in front of present day Bal Mandir. They were toys small in size but very beautiful. The collection of the Department of Archaeology was lost in the big fire of Singha Durbar. But some of them are still adorning the drawing rooms of ex-royal palace officials and secretaries of the concerned ministries. Undoubtedly, they all belong to Lichchavi period

The excavations at Handigoan in Kathmandu carried out jointly in 1984, which lasted until 1989, by ISMEO, Italy and His Majesty's Government have proved that the valley has continuous history since the beginning of the Christian Era. This fact was again corroborated by the discovery of the stone life-size statue of King Jaya Verma with inscription dated 2nd century A.D. at Maligoan near Handigoan.

The IsIAO (Rome) has conducted some small-scale excavations at Dhumbarahi in 1984 and 1992. The finding of huge deposit of ceramics there has made the archaeologists to conclude that the site is likely to have had a long tradition as a crafts centre specializing in pottery production. Numerous pieces of mostly fragmentary animal figurines are found there, attributable to the 7th century. In 1992 excavations, there were some significant findings of specimens of stamped pottery, usually with sharp fracture, human figurines and seven fragments of terracotta animal pottery. Other remarkable findings from this site are decorated shreds. Out of 748 decorated shreds, belonging to a diagnostic sample of 1696 items, 72 are stamped.

We have no positive evidence for dating the production of stamped pottery in Nepal, but some considerations are possible. Some of them belonged to 7th Century, as they are associated with the terracotta figurines of the same period. The Italian archaeologists have concluded that the pottery of Dhumbarahi belongs to the repertoire of the Gupta pottery of India and shares some basic characteristics with its sculptural and architectural repertoire, as characterized by a sizeable presence of decorations and stereotyped motifs.

The most remarkable and outstanding archaeological excavations in the Kathmandu valley were conducted by ISMEO and later on by IsIAO, Rome in collaboration with His Majesty's Government of Nepal from 1984 to 1989. In these excavations, hundreds of nice pieces of terracotta artifacts and other building materials on clay have been discovered. Some earlier pieces of terracotta art belonging to the 1st and 2nd centuries are the hand-made head of a boar, with eyes shown by applied circlets and a hand-made animal figurine which had legs wide apart and which shows a short twisted tail. Among the early terracotta pieces is a 'grotesque' head with thick, joined eyebrows, elongated eyes, and an open mouth with teeth depicted by means of vertical lines, and large coarsely-made ears. There were holes

in the nostrils and ears. The hair on the reverse side is shown by rows of double-incised lines. (Ph.N.1)

Next is a beautiful standing female figure with small breasts, huge hips and narrow waist. She wears earrings, a thick necklace (called tikama), keyuras and bracelets, a garment made of beads covering her hips, and a belt. A sash divided into two bands around the neck, falls vertically along the axis of the body; a second sash forms a loop above the knees. The female figure has both arms raised, the left one showing a closed fist, the right one holding an indistinguishable object at which she is looking (probably a mirror?) (Ph.N.2). Another interesting piece is a potsherd with a stamped medallion, which shows a humped cow standing to the left with a suckling calf popularly called 'kamadhenu'. This discovery has clearly revealed the fact that 'kamadhenu' tradition was popular in the Nepal-Mandala much before the 7th century or the Amsuverma period.

The most common terracotta object discovered in this excavation is clay lamps of various shapes and sizes and small-figured lamp handles all belonging to Amsuverma period or 7th century. The Italian archaeologists considered them very much of the Gupta tradition of India. Some of the lamps have twin heads as handles. Also lamps with handles depicting various scenes and figures have been found.

Another interesting and beautiful figure is a fragment of a female with left leg bent wearing a long sari-like robe which falls on the right leg, leaving the left one uncovered. Her sari-like robe is fastened with a belt made of two rows of beads with a central buckle.

Among the secular images is a beautiful plaque, rounded on the top, showing an image of Ganesa seated on a low pedestal. He wears a crown and is four-armed. Among the objects he is holding, a rosary is seen in his right lower hand, resting on the knee, parasu is visible in his left upper hand, and modaka is held in his half raised, lower left hand. A mouse can be seen at the right side of the god. The plaque has a round cavity on its bottom, to be fitted on a tenon. On the basis of art style, it is dated $7^{th}$ or $8^{th}$ century by the art historians. (Ph.N.3)

Last but not the least among numerous pieces of terracotta artifacts, I would like to mention the head of Bhairava. Here the Bhairava has third eye, arched eyebrows and grinning mouth. He wears a mukuta with a large central face of Brahma. A perforation through the mouth was apparently intended for pouring the rich beer or also known as hatho, the god being known as Hathodeo. It is considered of 9th or 10th century. The excavated site is so rich in ceramic art that it has given us a vivid picture of ceramic art tradition of Nepal from the very beginning of the century. (Ph.N.4)

In this paper I am not discussing other terracotta materials used as building materials. In Handigoan excavations, numerous architectural fragments, countless numbers of potteries and numerous beads were found. The ceramic art tradition nonetheless developed and flourished during the Lichchavi period and continued during the Malla period also. In Malla period, some terracotta temples were built. Among them the Mahaboudha temple of Patan is famous and noteworthy. The Mahaboudha temple was built in the 16th century and it is a facsimile of India's Boudha Gaya temple. The temple has on its surface Buddha images on every single brick. Various scenes from Buddha's life are shown in minute detail over the entire structure. (Ph.N. 5)

The most noteworthy of all the terracotta images of the Malla period are kept inside a shrine in Hanumandhokha Palace at Mohan Chowk. Inside this courtyard in its west wing on ground floor, there is a shrine ofAstamatrikas. There are terracotta images of goddess Astamatrikas in it. But nobody is allowed to enter into this shrine except the members of the royal family and other related persons. The terracotta Astamatrikas was made by the order of King Pratap


Malla (1641-1674). These Astamatrikas are not only the best example of terracotta art of Nepal of the mediaeval period but also the most beautiful and attractive pieces of art of Nepal. Here, Goddess Chamunda is worshipped as the main deity or Shakti. The images are of about two and half-feet height and they are decorated with silver and other jewelleries. They are so marvelously polished that they look like that of stone.

Another best example of terracotta art tradition of Malla period can be seen at the famous courtyard of Kumari Ghar built by the last Malla King Jaya Prakash Malla in 1757. Every body can visit this courtyard and can see terracotta tile panels on all sides of its plinth course. Here, we can see mating scenes of peacocks, parrots, elephants; hunting scenes, love scenes, dancing scenes, battle scenes Ph.N. 6, playing musical instruments, monks and so on (Ph.N.7.)

Before concluding my paper, I would like to give few examples of terracotta arts from the collection of National Museum, Kathmandu. The terracotta Navadurgas namely Sailputri, Brahamacarini, Chandra Ghanta, Kusmanda, Skandamata, Katyayani, Kalaratri, Maha Gauri, and Shidhidatri, are in display there (Ph.N.8). All are made at the same time and are of about two feet in height and dated 17th century. Most probably they are the few best examples of terracotta art tradition of Nepal continuing from the Lichchavi period. In the collection and exhibition of National Museum, there are some other notable terracotta art pieces also such as four-armed Ganesa sitting in lalitasana mudra, Matsyaavatara or fish incarnation of Vishnu and Bhawani or Durga. But after 17th century, the tradition of making terracotta images began to decline. The use of metals, wood and stone became prominent. Those people, who were responsible for making ceramic figures for secular and religious purposes, are still continuing their profession but their quality and artistic creativeness has degraded in comparison to other fields of arts.

**Bibliography:**


1. S.B Deo, Archaeological Excavations In Kathmandu: 1965, Department of Archaeology, His Majesty's Government of Nepal, Kathmandu, 1968
2. Giovanni Verardi, Excavations At Harigaon Kathmandu, Two Volumes, IsMEO, Rome, 1992
3. Giovanni Verardi, Ed, Nepalese And Italian Contributions To the History And Archaeology Of Nepal, IsIAO, Rome, 1997
4. Mary Shepherd Slusser, Nepal Mandala: A Cultural Study of the Kathmandu Valley, Two Volumes, Princeton University, Princeton, New Jersey, U.S.A., 1982
5. Ronald M. Bemier, The Temples of Nepal,: An Introductory Survey, New Delhi, Second Edition, 1978
6. Sudarshan Raj Tiwari, The Brick and the Bull: An account ofHandigaun, the ancient capital of Nepal, Himal Books, Kathmandu, 2002
7. Gautambajra Bajracharya, Hanumandhokha Rajdurbar (Hanumandhokha Palace), Nepal, Kathmandu, 2033 B.S.
8. Shaphyalya Amatya, Nepalma Puratatoo (Archaeology in Nepal), (Nepali) Sajha Prakashan, Kathmandu, 2036 B.S.




(Ph.N. 1)



(Ph.N. 2)



(Ph.N. 3)



(Ph.N. 4)



(Ph.N. 5)



(Ph.N. 6)

तिनको मातहतमा रहेका जङ्गी/निजामती कर्मचारी एवम् तवल, वर्षमा सरकारलाई बुझाउनु पर्ने सलामी आदिको बिस्तृत विवरण दिइएको छ । २७ पल्टन उल्लेख भएको सो सनदका आधारमा यहाँ राणाकालको अन्त्यतिर ती पल्टनमा कार्यरत कर्मचारीको तलवलगायत दरवन्दीआदिका बारेमा 'पल्टनको तैनाथी र जङ्गी/निजामती कर्मचारीको तलव' शीर्षक दिएर यथाशक्य बिस्तृत चर्चा गर्ने प्रयास भएको छ ।

**सनदको मूल ब्यहोरा**

उल्लिखित सनदको ब्यहोरामा देहायका प्रमुख प्रसङ्ग परेका छन्:[3]

"कौशितोसाखाना अड्डाका हाकिम् कारीन्दले पूर्जि हेरी कंपुतिर्जा अडावाट वाली खाने पट्टीपट्टीका जवनको ८० साल जेष्ट ८ गते २ मा सड (द?) र गरिबक्सेको वालि सवाल वमोजिम् फाराम श्रेस्ता खडा गरी वाली खुवाउने भयाका जवानहरूको २००० सालका वालीलाई कम्याण्डरी कितापमा डरिया ठेकियाको खांगी ढडामा ढ (द?) रिया लेखिया वमोजिम्को फाराम श्रेस्तावाट वाडनालाई चाहिने नगदी दर्द मोहरू ७६४५३५/३ सातलाख चौसट्ठी हजार पान शय पैतीस रुपैञा तीन पैशा तिर्ना अडाका पट्टीपट्टीका फाराम श्रेस्तामा वाली सवालका ड(द ?)फा ड(द ?)फा वमोजिम गरी जिम्मेवारी डि(दि ?) ने र स्व पट्टीका ड (द ?)रज्यानी जवानको ७७ साल वैशाख २१ गते २ का तिर्जा अडाका नाउमा गरीवक्सेका खड्गनिशाना सनड(द ?) वमोजिम् साल १ को जवान १ के कप्तानसम्म र स्व दर्जादेखि माथिकालाई मोहरु २। दुई रूपैयाँ लेफटें र लेफटें देखि मनि सिपाही सम्मके मोहरू १। येक रूपैञा टहलुवा के मोहरू।५० पचास पैशाका दर्ले ७७ सालका वालिदेखि पांगी पांगीमा नै घटाई कट्टी भैसकेको स्वहि सनड(द ?) वमोजिम् सिंहदर्वार नगदि तहवील दाखिल हुने श्री ३ महाराजका हजुर्मा लाग्ने स्व जवानहरूको २००० सालको सलामिमध्ये तलवी जती महिनावारी तलव खाने जवानहरुको महिनावारी तलववाटै वैशाख महिनामा कट्टी गरीसकेको हुनाले स्व (?) जवानको वाहेक गरी वाकि वालिखाने जवानहरुको सलामिवापट् (त ?) मोहरु ४२६/५० चार शय छविप रुपैञा पचास पैशा तिर्जा अडाका स्याहामा जीम्मावारी डि(दि ?) नेस्मेत् जम्मा मोहरु ७६४९६१/५३ सात् लाख चौसट्ठी हजार नौशय यकसट्ठी रुपैञा त्रीपन्न पैशा चाहिडो (दो ?) चाहिडो (दो ?) को पटक गरी डी (दि ?) नाके कौशितोसाखानावाट जीम्मावारी ल्याई तेस अडालाई भयाका सवाल सनड(द ?) को रीत पुऱ्याई पर्चगर्नु भंन्या कंपु तिर्जा अडाका नाउमा सनड(द ?) र स्व वमोजिम् चाहिडो (दो ?) चाहिडो (दो ?) को पटक गरी कौशितोसाखानालाई जिम्मावारी डी (दि ?) नु भंन्या सडर मुल्कीखानाका नाउमास्मेत सनड गरीवक्सेको हुनाले स्व. वमोजिम् चाहिडो चाहिडोको पटकगरी सडर मुल्कीखानावाट जीम्मावारी ल्याई कंपुतिर्जा अडाका हाकिम जीम्मा जीम्मावारी डी (दि ?)नु भंन्या कौशितोसाखाना अडाका नाउमा खड्गनीशाना सनड(द ?) गरीवक्नु पर्ने ठहराञ्यूँ जो मर्जि हुकुं भनि कंपु तिर्जा अडा पावं (?) लगत् फाट् अडाका हाकिम् कारीन्दाले मुल्की अडामार्फत् हाम्रा हजुर्मा विंती पार्डा(र्दा ?) जाहेर भयो तसर्थ स्व ठहरायाको मा हामिवाट पनि सड(द ?) र गरीवक्सेको छ स्व वमोजिं गर्ने कां गर ...."

उल्लिखित सामग्रीले जङ्गी तथा निजामती कर्मचारीले प्रतिवर्ष श्री ३ महाराजको नाममा बुझाउनु पर्ने 'सलामी' रकम दर्जाअनुसार निर्धारण गरिएको जानकारी दिएको छ । सलामीको दर भने एक वर्षका लागि पश्चिमतर्फका कमाण्डिङ् जनरलदेखि कप्तानदर्जासम्मका लाई रू. २/ र लेफटेंदेखि

---

३ कम्पु तिर्जा अड्डा पावं (?) लगत फांट अड्डाका हाकिम् कारिन्दाले मुलुकी अड्डामार्फत राणा प्रधानमन्त्री समक्ष अनुरोध गरेको अनुरोधपत्रबमोजिम कौशितोसाखाना अड्डाका हाकिम कारिन्दाको नाममा वि.सं. ००० साल असरामा जारी गरिएका सनद । यो सनदलाई वि.सं. २००० साल श्रावण ७ गते ५ मा सदर गरिएको देखिन्छ । त्यस्तै सनदमा उल्लेख गरिएको रकम रू. ७६४९६१/५० दुई किस्तामा उपलब्ध गराइएको थियो । यसरी रकम उपलब्ध गराउँदा पहिलो किस्ता वि.सं. २०००/४/१८/२ मा रू. ७३०८३९/२६ तथा यसको चार दिनपछि वि.सं. २०००/४/२०/४ मा दोस्रो तथा अन्तिम किस्तामा रू. ३४१२२/२४ दिइएको कुरा सनदको पछाडि लेखिएको छ । त्यस्तै सबै रकम भुक्तानी भएपछि "..... येस्मा लेखीया वमोजीमको रुपैञा देहायेका मीतीमीतीमा फार(?) वाट पर्च लेखी गयो भनी सही छाप गर्ने साछी...." का रूपमा खरिदार कृष्णा वाहादुरले हस्ताक्षरसमेत गरेको देखिन्छ । यसै सन्दर्भमा उल्लेख्य पक्ष के देखिन्छ भने सनदका रूपमा बेहोराका निकासा गरिएको जम्मा रकम रू. ७६४९६१/५३ लेखिएको भए तापनि सनदको पछाडी चुक्ति भने रू. ७६४९६१/५० अर्थात तीन पैसा कम पाइन्छ । यति ठूलो रकममा तीन पैसा किन कम गरियो वा लेख्न किन छुटाइयो भन्ने कुरा भने थप खोजिको विषय देखिन्छ । बिस्तृत जानकारीका लागि यो सनद परिशिष्टमा दिइएको छ ।

मुनि सिपाहीसम्मकालाईरू. १। तथा टहलुवालाई ०/५० पचास पैसा तोकिएको थियो । यसै सन्दर्भमा राणाकालको अन्त्यतिर आइपुग्दा बनाइएको एउटा जङ्गी ऐनले निजामती एवम् जङ्गी प्रशासनमा संलग्न कर्मचारीलाई स्पष्ट रूपमा दुई तहमा विभाजन गरेको थियो । सो ऐनअनुसार जङ्गीतर्फ अफिसर भन्नाले सुवेदार र सुवेदारभन्दा माथिका दर्जा तथा निजामतीतर्फ डिट्ठा, खर्दार र सोभन्दा माथिका दर्जालाई 'अफिसर' मानिन्थ्यो भने सो भन्दा मुनिकालाई सामान्य मानिन्थ्यो ।[४] जङ्गी सेवाका सन्दर्भमात्रलाई हेर्ने हो भने एउटा सामग्रीले "... अफिसरदेखि सुवेदार... ज्मादारदेखि वानादार..." दुई तहमा स्पष्ट रूपमा विभाजन गरेको पाइन्छ ।[५] जेहोस् प्रस्तुत सामग्रीका अनुसार २७ पल्टनमा जम्मा २०५ पगरी र १४४ पट्टी गरी जम्म ३४९ जनाबाट एक वर्षमा उठाइने जम्मा सलामी रकम रू. ४२६/५० कट्टी गरिएको थियो ।

विभिन्न २७ पल्टनका तैनाथवाला तथा तिनको मातहतमा रहेका जङ्गी, निजामती अफिसर एवम् पल्टनका मातहतमा रहेका सैनिकसमेतका बारेमा जानकारी दिने उपरोक्त सामग्रीलाई देहायका उप-शीर्षक राखी चर्चा गरिएको छ ।

**पल्टनको तैनाथी**

- 'कालिबहादुर' पल्टनलाई सबैभन्दा बढी महत्व दिइएको देखिन्छ । राणाशासनमा प्रधानमन्त्री पदको रोलक्रममा दोस्रो स्थानमा रहेका पश्चिमतर्फका कमाण्डिङ् जनरलद्वारा यो पल्टनको नेतृत्व गरिएको थियो । पश्चिमतर्फका कमाण्डिङ जनरल (पकज) को तैनाथीमा १० पट्टीसम्मका सिपाहीका अतिरिक्त जङ्गीतर्फ मेजरजनरल, कर्णेल, लेफ्टिनेण्टकर्णेल, मेजरकर्णेल तथा कप्तान रहन्थे भने गैरसैनिक अर्थात् निजामतीतर्फ डिट्ठा, मुखिया र नायवराइटार थिए । यस पल्टनमा मेजरजनरल, मेजरकर्णेल तथा मुखिया भने २/२ जना थिए । समग्रमा सिपाहीका अतिरिक्त कालिबहादुर पल्टनको उपरोक्त पदमा जम्मा ११ जना पदाधिकारी थिए । यिनमा ४ जना निजामती र बाँकी ७ जना सैनिक अधिकारी देखिन्छन् ।
- 'रैफल' पल्टनको तैनाथी अर्को उच्चाधिकारी तथा प्रधानमन्त्री पदको रोलक्रममा तेस्रो पूर्वतर्फका कमाण्डिङ् जनरललाई दिइएको थियो । पूर्वतर्फका कमाण्डिङ् जनरल (पूकज) को तैनाथीमा पनि १० पट्टीकै सिपाही थिए भने लेफ्टिनेण्टजनरल, कर्णेल, बृगेडिएरकर्णेल तथा लेफ्टिनेण्टकर्णेल जङ्गीतर्फका अधिकारी एवम् निजामतीतर्फ केवल एक/एकजना खरिदार र राईटर थिए । उल्लेख्य कुरो के देखिन्छ भने सिपाहीका अतिरिक्त जम्मा ८ जना रहेको रैफल पल्टनमा कर्णेलको संख्या ३ हुनुका साथै कर्णेल तहमा नै बृगेडिएरकर्णेल र लेफ्टिनेण्टकर्णेलसमेत सो तहकामात्र ५ जना अफिसर देखिन्छन् ।
- तैनाथी दिइएको व्यक्तिको पदका दृष्टिले चौथो देखिएको 'राजदल' पल्टन थियो । यसको नेतृत्व प्रधानमन्त्री पदको रोलक्रममा चौथो मानिएका दक्षिणतर्फका कमाण्डिङ् जनरल (दकज) लाई दिइएको थियो । दकजको तैनाथीमा केवल ९ पट्टीका सिपाहीमात्र थिए । त्यसैगरी जङ्गीतर्फ लेफ्टिनेण्टजनरल, लफ्टिनेण्टकर्णेल, मेजरकर्णेल र कप्तानमात्र थिए भने निजामतीतर्फ खरिदार, नायवमुखिया, नायवराइटर, वैठके, तहविल्दार, सिपाही र टहलुवा थिए । यसै प्रसङ्गमा महत्वपूर्ण कुरा के देखिन्छ भने दक्षिणतर्फका कमाण्डिङ जनरलको तैनाथीमा एक पट्टी सिपाही कम गरिनुका अतिरिक्त जङ्गीतर्फ भन्दा निजामती तर्फका कर्मचारी धेरै देखिन्छन् । जङ्गीतर्फ केवल चारजनामात्र कर्मचारी थिए भने निजामतीतर्फ ७ जना थिए । अर्को उल्लेख्य पक्ष के थियो भने राजदल पल्टनमा पट्टीका अतिरिक्त सिपाही

४ जङ्गी ऐन, (लेखक, प्रकाशक, मुद्रक तथा मितिसमेत उल्लेख नभएको), पृ. ११ । माथि 'श्रीश्रीश्री महाराज आनेररि लेफटेन्ट जनरल सर चन्द्रसम्सेर जङ्गबहादुर राणा' को ठूलो र त्यसको मुनि 'श्री कमाण्डर इनचीफ जनरल सर भीमसम्सेर जङ्गबहादुर राणा' तुलनात्मक रूपमा सानो अङ्कित छापका साथमा चन्द्रशमशेर र भीमशमशेरहरूको प्रसस्तिसमेतको ७५ पृष्ठ र नं. १ देखि १७१ सम्मको "जजङ्गी ऐन" उल्लिखित पुस्तक, जसमा लेखक, प्रकाशक एवम् मुद्रक पनि उल्लेख नभएको फोटो कपी गरिएको सामग्री । यसको पृष्ठ ५८ नं. ११३ मा एउटा नमूना फारम दिइएको छ । त्यसमा ७२/१/३/४-७२/१/२७/२ मिति उल्लेख गरिएकाले सम्भवतः यो ऐन वि.सं. १९७२ सालमा नै छापिएको हुनसक्ने देखिन्छ ।

५ मोहनप्रसाद खनाल (सम्पा.), सैनिक द्रव्यकोष, काठमाडौं: कर्मचारी सञ्चय कोष, वि.सं. २०३५, पृ. १५ ।

तथा टहलुवा पनि तैनाथ गरिएको थियो। यसरी राखिएका सिपाहीको संख्या ५ र टहलुवा एकजना थिए। यस दृष्टिबाट राजदल पल्टनको बढी दायित्व निजामतीतर्फको रहेको हुनुपर्दछ।

- जनरलहरूमा चौथो नम्बरमा रहेका उत्तरतर्फका कमाण्डिङजनरल (उकज) लाई 'देवीदल' पल्टनको तैनाथी दिइएको थियो। उकजको तैनाथीमा १, २, ३, ४, ६, ७, ८ र ९ गरी जम्मा ८ पट्टीका सिपाही खटाइएको थियो। सिपाही संख्याका आधारमा पनि उनी माथि उल्लेख गरिएका जनरलहरूभन्दा कम अधिकारवाला देखिन्छन्। त्यसैगरी यो पल्टनमा मेजरजनरल, कमाण्डिङकर्णेल, कर्णेल, लेफ्टिनेण्टकर्णेल र कप्तानलाई तैनाथ गरिएको थियो। संख्यात्मक हिसावले कर्णेलको संख्या २ र कप्तानको संख्या ४ थियो। निजामतीतर्फका कर्मचारी भने तुलनात्मक रूपमा निकै कम देखिन्छ। यस पल्टनमा निजामतीतर्फ केवल एकजनामात्र देखिन्छ। यो पद डिट्टा थियो। यस दृष्टिबाट हेर्दा देवीदल पल्टनको प्रमुख कार्य जङ्गीतर्फको नै रहेको सहजै अनुमान लगाउन सकिन्छ।

- माथि उल्लिखित चार कमाण्डिङजनरलका अतिरिक्त कमाण्डिङजनरलमात्र दर्जा भएका एकजनालाई एउटा पल्टनको तैनाथी दिइएको थियो। यसरी तैनाथी दिइने पल्टन 'श्रीनाथ' हो। कमाण्डिङजनरलको तैनाथीमा पनि विभिन्न पट्टीका सिपाही थिए। जस्तो १, २, ३, ४, ५, ७ र ८ गरी जम्मा ७ पट्टीकोमात्र उनलाई तैनाथी दिइएको थियो। यस दृष्टिबाट हेर्ने हो भने माथि उल्लिखित जनरलहरूको तुलनामा उनलाई कम अर्थात् जम्मा ७ पट्टी मात्र दिइएको देखिन्छ। यसैगरी श्रीनाथ पल्टनका कमाण्डिङजनरलको मातहतमा जङ्गीतर्फ २ जना जनरल र १ जना लेफ्टिनेण्ट थिए भने निजामतीतर्फ खरिदार, दरोगा, मुखिया, राइटर, नायवराइटर, कागते ३ पेती (?), वैद्य, चित्रकार, सिपाही तथा टहलुवा थिए। यी पद तथा दर्जालाई हेर्दा श्रीनाथ पल्टनलाई तुलनात्मकरूपमा वढी निजामतीतर्फको दायित्व दिइएको हुनुपर्दछ। त्यस्तै कमाण्डरको मातहतमा दुईजना जनरलहरू रहनु पनि उल्लेख्य नै मानिन्छ। २७ पल्टन उल्लेख भएको प्रस्तुत सामग्रीमा अन्य कुनै पनि पल्टनमा दुईजना जनरल रहेको देखिँदैन। त्यसैकारण यो तैनाथीलाई राणाशासनमा प्रधानमन्त्रीले रोलवाला कमाण्डिङजनरललाई कम विश्वास गरेका कारण उनको क्रियाकलापसमेतको जानकारी लिनका लागि दुईजना जनरलहरूलाई नियुक्त गरिएको पनि हुन सक्दछ। यतिहुँदा पनि सो सम्बन्धमा विस्तृत अध्ययनको आवश्यकता देखिन्छ। जहाँसम्म कमाण्डिङ जनरललाई सैनिक पल्टनको तैनाथी दिइएको प्रसङ्ग छ, श्रीनाथका अतिरिक्त अर्को पल्टन 'गणेशदल' को नेतृत्व पनि अर्का कमाण्डिङजनरललाई दिइएको थियो। श्रीनाथमा दुईजना जनरल र एकजना लेफ्टिनेण्टका अतिरिक्त अन्य निजामती कर्मचारीलाई राखिएको थियो तर गणेशदलमा भने त्यसको उल्टो नायवराईटर र ४ खेति नौसिन्दा एक-एक जनामात्र निजामती कर्मचारी देखिन्छन् भने तीनजना मेजरजनरल, एक/एकजना कमाण्डिङ्कर्णेल र कर्णेल, दुईजना लेफ्टिनेण्टकर्णेल, एकजना मेजरकर्णेल, एकजना कप्तान, एकजना मेजरसुवेदार तथा एकजना सुवेदारसमेत जम्मा ११ जना सैनिक अधिकारी तैनाथ गरिएको थियो। यसरी सैनिक अफिसरहरूको संख्या धेरै हुनुमा गणेशदलले श्रीनाथका तुलनामा वढी जङ्गीतर्फको दायित्व निर्वाह गर्नु पर्ने जस्तो देखिन्छ। त्यतिभए तापनि सैनिक पट्टी भने तुलनात्मक रूपमा कम थियो। श्रीनाथमा ७ पट्टी भए पनि गणेशदलमा यो भन्दा १ कम अर्थात् १, २, ४, ६, ७ र ८ गरी जम्मा ६ पट्टी रहेको थियो।

- दुई लेफ्टिनेण्टजनरलहरूलाई वेग्लावेग्लै दुई पल्टनको तैनाथी दिइएको थियो। यिनमा 'महिन्द्रदल' र 'पशुपतिप्रसाद' पल्टन थिए। पदीय दृष्टिले दुवै लेफ्टिनेण्टजनरल भए तापनि उनीहरूको मातहतमा रहेका जङ्गी/निजामती अधिकारी एवम् सैनिक पट्टीसमेतको पद तथा संख्यामा भने निकै भिन्नता देखिन्छ। त्यतिमात्र नभएर एउटै पल्टनमा दुई/दुई

जना लेफ्टिनेण्टजनरलसमेतलाई तैनाथ गरिएको थियो । जस्तो महिन्द्रदल पल्टनमा दुईजना लेफ्टिनेण्टजनरल राखिएकाले यस पल्टनको प्रमुख अर्थात् तैनाथवाला कसलाई दिइएको थियो भन्ने कुरा भने प्रस्तुत सामग्रीबाट केही खुल्दैन । महिन्द्रदल पल्टनमा दुईजना लेफ्टिनेण्टजनरलका अतिरिक्त सबै सैनिक अधिकारी थिए । यिनमा दुईजना मेजरजनरलका अतिरिक्त कमाण्डिङ्कर्णेल, कर्णेल, मेजरकर्णेल, कप्तान र लेफटें एक/एक जना थिए । उल्लेख्य कुरा के देखिन्छ भने यो पल्टनमा एकजना पनि निजामती कर्मचारी देखिँदैन । दुई/दुईजना लेफ्टिनेण्टजनरलसमेत तैनाथ महिन्द्रदल पल्टनमा किन एकजना पनि निजामती कर्मचारीलाई राखिएन भन्ने सन्दर्भ अनौठो मानिन्छ । त्यस्तै सैनिकको सन्दर्भमा महिन्द्रदल पल्टनमा १ देखि १० पट्टीका सिपाहीको तैनाथी थियो । यसरी एउटा पल्टनमा दशवटा पट्टी तैनाथ गरिनु पनि महत्वपूर्ण नै देखिन्छ ।

- माथि उल्लिखित उच्चपदस्थ सैनिक अधिकारीहरूमध्ये दुईजना लेफ्टिनेण्टजनरललाईमात्र बेग्लाबेग्लै पल्टनको तैनाथी दिइएको थियो तर मेजरजनरल दर्जाका ७ जनालाई पृथक-पृथक ७ पल्टनको तैनाथी दिइएको पाइन्छ । यस्ता पल्टनमा 'वर्दवाहादुर', 'कालीवक्स', 'पुरानोगोरख', 'सुर्जेदल', 'रामदल', 'कालिप्रसाद' र 'भगवतिप्रसाद' थिए । यी पल्टनहरूमध्ये वर्दवाहादुर र कालीवक्स पल्टनमा लेफ्टिनेण्टजनरलपछि ३/३ जना र रामदलमा एकजना लेफ्टिनेण्टकर्णेललाई तैनाथ गरिएको थियो भने पुराना गोरख र सुर्जेदल पल्टनमा लेफ्टिनेण्टजनरलदेखि दोस्रो तहमा कर्णेललाई तैनाथ गरिएको थियो । यसैगरी भगवतिप्रसाद पल्टनको तैनाथी मेजरनजरललाई दिइए तापनि उनीदेखि तलको तहमा एकजना कप्तानको नियुक्ति भएको पाइन्छ । वर्दवाहादुर पल्टनका अन्य सैनिकमा दुईजना मेजरकर्णेल थिए भने एक/एकजना डिट्ठा र नायवडिट्ठा थिए । कालिवक्स पल्टनमा भने केवल जङ्गी अधिकारीहरूमात्र थिए । यस्ता अधिकारीमा तीनजना लेफ्टिनेण्टकर्णेलका अतिरिक्त एकजना मेजरकर्णेल र दुईजना कप्तान थिए ।

  मेजरजनरलको तैनाथीको अर्को पल्टन सुर्जेदलमा पनि तैनाथवालाका अतिरिक्त एकजना कर्णेल र तीनजना लेफ्टिनेण्टकर्णेलमात्रलाई राखिएको थियो । यसैगरी रामदलमा पनि मेजरजनरल र लेफ्टिनेण्टकर्णेलका अतिरिक्त मेजरकप्तान, कप्तान र सुवेदार थिए । यी तीन पदमा भने २/२ जनाको दरबन्दी भएको देखिन्छ । मेजरजनरलको तैनाथीमा रहेको भगवतिप्रसाद पल्टनमा पनि उनीपछि एकजना कप्तान र तीनजना मेजरसुब्दारलाई खटाइएको देखिन्छ । यस दृष्टिबाट कालिबक्स, सुर्जेदल, रामदल तथा भगवतिप्रसाद पल्टनहरूमा केवल जङ्गी अफिसरहरूमात्र रहने र एकजना पनि निजामती कर्मचारी नरहने व्यवस्था भएको पाइन्छ । पुरानागोरखमा मेजरजनरल र कर्णेलका अतिरिक्त एकजना कप्तान, एकजना मुखिया र दुईजना राइटर, कालीप्रसादमा मेजरजनरल र कर्णेलका अतिरिक्त जङ्गीतर्फ तीनजना कप्तान, दुई/दुईजना लेफटें र सुवेदार तथा निजामतीतर्फ १/१ जना मुखिया र नायवराइटर थिए । पल्टनको प्रमुख अर्थात् तैनाथवालाका अतिरिक्त जहाँसम्म सैनिक एवम् निजामती अधिकारीको सन्दर्भ छ यी पल्टनहरूमध्ये वर्दवाहादुरमा- ७, कालिबक्समा- ५, पुरानागोरखमा- ५, सुर्जेदलमा- ४, रामदलमा- ७, कालिप्रसादमा- १० र भगवतिप्रसादमा- ४ जनामात्र थिए । यसदृष्टिबाट मेजरजनरलको तैनाथीमा रहेकामध्ये सबैभन्दा बढी अफिसरहरू रहेको कालिप्रसाद र सबैभन्दा कम रहेको सुर्जेदल र भगवतिप्रसाद देखिन्छन् । जहाँसम्म सैनिक पट्टीको सन्दर्भ छ वर्दवाहादुरमा- ८, कालिबक्समा- १०, पुरानागोरखमा- ९, रामदलमा- ८, कालिप्रसादमा- ७ र भगवतिप्रसादमा- २ पट्टीमात्र सैनिक शक्ति दिइएको थियो । यहाँनेर उल्लेख्य पक्ष के देखिन्छ भने मेजरजनरलको तैनाथीमा रहेको पल्टन सुर्जेदलमा एकपट्टीसम्म पनि नहुनु महत्वपूर्ण मानिन्छ । अन्य पल्टनहरूमध्ये सबैभन्दा बढी पट्टी अर्थात् १० पट्टी कालिबक्स पल्टनमा र सबैभन्दा कम भगवतिप्रसादमा थियो ।

- पल्टनको नेतृत्व गर्ने सन्दर्भमा जनरलतहका सैनिक अधिकारीहरूमा एकजनामात्र सो अवसर पाएको देखिन्छ । 'सम्सेरदल' यस्तो एउटामात्र पल्टन थियो जसको तैनाथी जरनललाई दिइएको थियो । उक्त एक जनरलको मातहतमा दुई मेजरजनरल, एक

लेफ्टिनेण्टकर्णेल, दुई कप्तान र एक 'सीप' थिए। यहाँनेर सम्सेरदलमा राखिएको 'सीप' को स्पष्ट अर्थ नखुलेको भए तापनि सम्भवतः यो पद 'सिनियर खरिदार' हुनुपर्दछ। यदि यो हो भने यस पल्टनमा एकजनामात्र निजामती कर्मचारी देखिन्छ। यसैगरी यस पल्टनमा नं. १, ३, ६, ७, ८, ९ र १० समेत जम्मा ७ पट्टीका सिपाही रहेका थिए।

- कमाण्डिङकर्णेल पदका अधिकारीलाई पनि एउटा मात्र पल्टनको तैनाथी दिइएको थियो। यो 'सिंहनाथ' पल्टन थियो। पल्टनका प्रमुखका रूपमा रहेका कमाण्डिङ्कर्णेलका अतिरिक्त यस पल्टनमा जङ्गीतर्फ तीन/तीनजना कप्तान र मेजरसुवेदार (मेसु?), एकजना लेफटें तथा निजामतीतर्फका मुखिया, राईटर र नायवराइटर एक/एक जना थिए। यो पल्टनमा जम्मा ७ पट्टी सिपाहीको दरवन्दी थियो।

- प्रस्तुत सामग्रीमा उल्लिखित मेजरजनरललाई सबैभन्दा बढी अर्थात् ७ पल्टनको तैनाथी दिइएको कुरा माथि नै चर्चा भइसक्यो। यो पदपछि वढी पल्टनको तैनाथी पाउने सैनिक अधिकारी अर्थात् 'कर्णेल' थियो। कर्णेलको तैनाथीमा 'भैरुं', 'जवरजङ्', 'गोरखनाथ', 'दौरे', 'नत्रागोरख' र 'पैजं' समेत ६ पल्टनहरू थिए। कर्णेललाई विभिन्न पल्टनको तैनाथी दिइए तापनि कतिपयको मातहतमा एकजनासम्म पनि अधिकारी तथा सिपाहीको उल्लेख देखिँदैन। जस्तो भैरुं र पैजं पल्टन कर्णेलको तैनाथीमा राखिएको भए तापनि तिनको मातहतमा कुनै सैनिक अधिकृतको उल्लेख पाइँदैन। गोरखनाथ पल्टनमा एकजना कर्णेलका अतिरिक्त एकैजना कप्तानको उल्लेख छ। कर्णेलको तैनाथीमा रहेका पल्टनमध्ये नत्रागोरख सबैभन्दा शक्तिशाली देखिन्छ। तैनाथवालाका अतिरिक्त यसमा जङ्गीतर्फ लेफ्टिनेण्टकर्णेल, कप्तान, क्वाटरमाप्टर एक/एक जना, सुवेदार दुईजना र निजामतीतर्फ नायवमुखिया र वहिदार एक/एकजना थिए। जवरजङ्मा कर्णेलको मातहतमा दुईजना लेफ्टिनेण्टकर्णेल र एकजना मेजरकर्णेलका अतिरिक्त एकजना खरिदार थिए भने दौरै पल्टनमा लेफ्टिनेण्टकर्णेल, कप्तान र मुखिया एक/एकजना थिए। जहाँसम्म कर्णेलको मातहतको पल्टनमा सिपाही पट्टीको सन्दर्भ छ कतिमा एक पट्टीसम्म पनि पाइँदैन भने कुनैमा जनरलतहको सैनिक अधिकृतको तैनाथमा भन्दा बढ्ता पट्टी कार्यरत देखिन्छ। यसै सन्दर्भमा नत्रागोरख पल्टनमा १, २, ३, ४, ५, ६ र ८ गरी ७ पट्टी थिए भने भैरुं, जवरजङ्, गोरखनाथ र दौरै पल्टनमा एक पट्टीसमेत सिपाहीको उल्लेख पाइँदैन। यहाँनेर उल्लेख्य कुरा के पनि देखिन्छ भने भैरुं र पैजं पल्टनमा एकजना कर्णेलका अतिरिक्त जङ्गी तथा निजामतीतर्फको कुनै पनि पदको उल्लेख पाइँदैन भने सिपाहीको उल्लेख हुने पट्टी नभए तापनि जवरजङ्, गोरखनाथ र दौरै पल्टनमा कतिपय जङ्गी तथा निजामती अधिकारीहरू भने थिए। सिपाही पट्टीकै सन्दर्भमा नत्रागोरखका अतिरिक्त पैजं एउटामात्र पल्टन हो जसमा नं. १ र ८ गरी दुई पट्टीमात्रको उल्लेख छ। समग्रमा कर्णेलको तैनाथीमा रहेको उल्लिखित ७ पल्टनमा सबैभन्दा बढी शक्ति भएको नत्रागोरख देखियो भने २ पट्टीसम्म पनि भएको अर्को एकमात्र पल्टन पैजंका अतिरिक्त अन्य ५ पल्टनमा सिपाहीको चर्चासम्म पनि पाइएन। त्यसो त भैरुं र पैजंका अतिरिक्त अन्य सबैमा एक र सो भन्दा बढी ७ जनासम्म जङ्गी तथा निजामती अधिकारीहरूको तैनाथी थियो। कर्णेलको मातहतका यी पल्टनहरुमध्ये नत्रागोरखमा दुईजना कर्णेलको दरवन्दी भएकाले सो पल्टनको नेतृत्व कसले गर्थ्यो वा दुवैलाई छुट्टाछुट्टै कामको नेतृत्व दिइएको थियो भन्ने बारेमा भने स्पष्ट उल्लेख नपाइएकाले यसका बारेमा अझ अनुसन्धान गर्नुपर्ने देखिन्छ।

- लेफ्टिनेण्टकर्णेल र मेजरकर्णेललाई पनि पल्टनको तैनाथी दिइएको थियो। लेफ्टिनेण्टकर्णेल र मेजरकर्णेललाई एक/एक पल्टनको तैनाथी दिइएको थियो। खासगरी लेफ्टिनेण्टकर्णेललाई 'भैरवनाथ' र मेजरकर्णेललाई 'दोर्ज' पल्टनको नेतृत्व दिइएको थियो। भैरवनाथ पल्टनको तैनाथी दिइएको लेफ्टिनेण्टकर्णेलको मातहतमा तीनजना कप्तान र एकजना लेपटें देखिन्छन्

भने मेजरकर्णेलको तैनाथीमा रहेको दोर्ज पल्टनमा भने एकजनासम्म पनि जङ्गी वा निजामती कर्मचारी थिएनन् । त्यतिमात्र नभएर यी दुवै पल्टनमा एउटा पनि पट्टीको चर्चा गरिएको छैन ।

- कप्तानलाई पनि पल्टनको तैनाथी दिइएको पाइन्छ । कप्तानले नेतृत्व गर्ने पल्टनको नाम 'सेर' पल्टन थियो । एकजना कप्तानको मातहतमा यस पल्टनमा जङ्गीतर्फ टेंपोररी कप्तान, मेजरसुवेदार एक/एक जना थिए भने मुखिया र राईटर एक/एक जना निजामतीतर्फका कर्मचारी थिए । त्यतिमात्र नभएर यस पल्टनमा २, ३, ४, ५, ६, ७ र ८ गरी ७ पट्टी सिपाही पनि खटाइएको थियो । यसमा खटाइएका तीनजना जङ्गी तथा दुईजना निजामती कर्मचारी र पट्टीको अध्ययन गर्दा सेर पल्टनको तैनाथवाला कप्तानलाई कतिपय मेजरजनरल र कर्णेल तैनाथवालालाई भन्दा बढी शक्ति दिइएको देखिन्छ । यसरी बढी अधिकार दिइनुको वास्तविक कारण स्पष्ट नभए तापनि राणा प्रधानमन्त्रीले विश्वासिलो व्यक्तिको पद सानै भए तापनि उसको मातहतमा धेरै शक्ति दिने गरेको जस्तो देखिन्छ ।

- उल्लिखित २७ पल्टनको तैनाथी पाउने सबैभन्दा तल्लो तहको सैनिक अधिकृत लेफटें देखिन्छ । लेफटेंलाई एउटामात्र पल्टनको तैनाथी दिइएको थियो । यो 'पार्श्व' पल्टन हो । पार्श्व पल्टनमा दुईजना लेफटेंको उल्लेख गरिएको छ । उनीहरूका अतिरिक्त उक्त पल्टनमा कुनै पनि पदको उल्लेख नभएकाले दुईमा कसको के भूमिका थियो तथा एउटा पल्टनमा एकजनामात्र तैनाथवाला रहन्छन् भन्ने जस्ता जिज्ञाशा रहनु स्वाभाविकै मानिए तापनि यस बारेमा पनि अझ अनुसन्धान गरिनुपर्ने देखिन्छ ।

## पल्टनमा रहेका पद/दर्जाको तलवमान

**क. तैनाथवाला (प्रमुख/कमाण्डर)**

पल्टनको तैनाथी पश्चिमतर्फका कमाण्डिङ्जनरलदेखि तल्लो तहमा लेफटेंसम्मका अधिकारीलाई दिइएको प्रसङ्ग माथि परिसकेको छ । यस दृष्टिबाट हेर्ने हो भने प्रधानमन्त्रीको रोलक्रममा दोस्रो तहमा रहने व्यक्ति पनि एउटा पल्टनको तैनाथवाला (प्रमुख) रहेको देखिन्छ भने सो रोलक्रममा सम्भवतः नदेखिने लेफटेंलाई पनि पल्टनको तैनाथवाला बनाइएको पाइन्छ । यसै सन्दर्भमा वि.सं. १९२४ साल मार्ग सुदी १० मा जंगबहादुरले अन्तिम समयमा निर्माण गरेको प्रधानमन्त्रीको रोलक्रममा पहिलो नम्बरमा 'श्री ३ महाराज जंगबहादुर कुंवर राणाजी' देखि तीसौं नम्बरमा 'कर्णेल यक्षबिक्रम बहादुर कुंवर राणाजी' सम्ममात्रको नाम कतिपय सामग्रीमा उल्लेख पाइन्छ ।[६] त्यस्तै प्रधानमन्त्री भीमशमशेरको समय ई.सं. १९३० (वि.सं. १९८७) मा बनाइएको रोलक्रममा 'प्राइमिनिष्टर र कमाण्डर ईन चीफ श्री ३ महाराजा भीमशमशेर जंग राणा बाहादुर' देखि तेइसौं क्रममा 'मेजरजनरल मदनशमशेर' सम्मको नाम पाइन्छ ।[७] राणा प्रधानमन्त्रीका लागि तयार गरिएका यी दुई उदाहरणमा 'लेफटें' दर्जासम्मको उल्लेख नपाइएकाले प्रस्तुत सन्दर्भमा यो पदको हैसियत कमै देखिन्छ । यति हुँदाहुँदै पनि लेफटेंसमेतलाई पल्टनको तैनाथी दिइएको कुरा भने माथि उल्लिखित सामग्रीले स्पष्ट गर्दछ ।

जहाँसम्म तैनाथवाला अर्थात् निर्धारित पल्टनको प्रमुखलाई दिइने तलवदरको सम्बन्ध छ यसमा पनि विविधता देखिन्छ । प्रधानमन्त्रीको रोलक्रममा माथि रहेका कतिपयको तलव तल्ला दर्जाकोभन्दा कम भएका थुप्रै उदाहरणहरू पाइन्छन् । रोलक्रमको सन्दर्भमा वि.सं. १९१४ साल वदी ८ रोज ३ उल्लेख भएको एउटा सामग्री पाइन्छ । सो सामग्रीमा प्रधानमन्त्रीले विभिन्न भाइहरूलाई कमाण्डर इन चीफका अतिरिक्त विभिन्न क्षेत्रको कमाण्डिङ् जनरल, मेजर जनरलसमेतको दर्जा एवम् दायित्व दिइएको प्रसङ्ग यसप्रकार उल्लेख गरिएको छ[८]

".... श्री ३ महाराज दाज्यैज्यूबाट श्री ३ महाराज जङ्ग

६ सतिशकुमार, *राणा पोलिटी इन नेपाल: ओरिजन एण्ड ग्रोथ*, न्यूयोर्क: एसिया पब्लिशिङ्ग हाउस, ई.सं. १९३३, पृ. १६१-१६२ ।
७ एड्रिन सेभर, *नेपाल अण्डर द राणाज*, न्यू दिल्ली: अक्सफोर्ड एण्ड आइवीएच पब्लिशिङ्ग कम्पनी, ई.सं. १९९३, पृ. ४५२ ।
८ कृष्णकान्त अधिकारी, *नेपाल अण्ड जंग बहादुर १८४६-१८७७ (भोलम- १)*, काठमाडौं : बुक, ई.सं. १९८४, पृ. १३६-३७ ।

बहादुर राणाजी प्राइमिनिष्टर यण्ड कमाण्डर इन चीफका पितावको मुपत्यारी दर्सन गरी बक्सनु भयो. श्री ३ महाराज दाज्यैज्यूबाट मेरो सिकन्तर भै गैह्र कामको साधसोध निकासी पैसारी गर्नु भनी मलाई कम्याण्डर इन चिफ जनरली दर्शन गराइ बक्सनु भयो. त्रिशुल गंगापश्चिम महाकाली पूर्वका फौज इलाकाको साधसोध गैह्र काम गर्न भनी श्री ठाइला भाइ रणउद्दीप सिंहकुवर राणाजीले कम्यान्डर इन चीफ जनरली दर्सन गऱ्या. मेची पश्चिम महाकाली पूर्व भरमधेशको साधसोध गैह्र काम गर्नु भनि श्री कान्छा (?) भाइ जगत समसेर जङ्ग कुवर राणाजीले कम्यान्डीङ जनरली दर्शन गऱ्या. नाममूढ पूर्व मेची पश्चिम भर पाहाडको साधसोध गैह्र काम गर्न भनि श्री कान्छा भाइ श्री धीरशम्शेर जङ्ग कुवर राणाजीले पनि कम्यान्डीङ दर्सन गऱ्या. इनै कान्छा भाइको पानगी श्री नानी लेफटेन जनरल जगतजङ्ग बहादुर कुवर राणाजीले दर्सन गऱ्यो. लेफटेन (?) जगतजङ्ग बहादुर को पानगी श्री नानी बवर जङ्ग बहादुर कुवर राणाजी मेजन ( मेजर ?) जनरली दर्सन गऱ्यो. श्री नानी ववर जङ्ग बहादुरको पानगी श्री नानी भीमजङ्गबहादुर कुवर राणाजीले मेजर जनरली दर्सन गऱ्यो. श्री नानी भीम जङ्ग बहादुरको पानगी श्री नानी बम्वीर विक्रम बहादुर कुवर राणाजीले मेजर जनरलीको दर्शन गऱ्यो..."

यसै सन्दर्भमा चार क्षेत्रका कम्याण्डिङ जनरलको अधिकार क्षेत्रका बारेमा एउटा सामग्रीले यसप्रकारको धारणा राखेको देखिन्छ;[९]

> **"... त्रिशुली गंगा पश्चिम महाकाली पूर्वका इलाकाको फौजी व्यवस्था गर्ने जनरल पश्चिमतर्फका कमाण्डिङ् जनरल, मेची पश्चिमभरको पहाडको फौजी अधिकार दक्षिणतर्फका कम्याण्डिङ जनरल र क्षेत्र उल्लेख नभएको इलाकाको फौजी व्यवस्था उत्तरतर्फका कम्याण्डिङ जनरलको मातहतमा कायम राखियो । तिनीहरूलाई राणाकालमा पकज, पूकज, दकम र उकजका रूपमा सम्बोधन गरिएको पाइन्छ....."**

राणाकालीन नेपालको प्रशासनिक इतिहासमा सम्भवतः यहींदेखि चार कमाण्डिङ् जनरलको धारणा जन्मेर विकसित भएको हुनुपर्दछ । उल्लिखित चार कमाण्डिङ् जनरलहरूमध्ये प्रधानमन्त्रीको रोलक्रममा क्रमशः पश्चिमतर्फका कमाण्डिङ् जनरल, पूर्वतर्फका कमाण्डिङ् जनरल, दक्षिणतर्फका कमाण्डिङ् जनरल र उत्तरतर्फका कमाण्डिङ् जनरल पर्दथे ।[१०] पद तथा रोलक्रममा अगाडि राखिए तापनि सुविधाका दृष्टिले रोलमा पछाडि परेकालाई बढी तलव दिइएको पाइन्छ । उदाहरणका लागि कालिबाहादुर पल्टनका तैनाथवाला पश्चिमतर्फका कमाण्डिङ् जनरललाई रू. २२६२९/६ दिइएको थियो भने उनी भन्दा रोलमा तीन तह पछाडि रहेका उत्तरतर्फका कमाण्डिङ् जनरललाई देवीदल पल्टनको तैनाथीका साथ रू. ३०८०४/९३ दिइएको थियो । त्यतिमात्र नभएर पश्चिमतर्फका कमाण्डिङ् जनरलभन्दा तल रहेका पूर्वतर्फका कमाण्डिङ् जनरललाई रैफल पल्टनका साथ रू. २८३७९/८० र रोलमा अझ तल रहेको राजदलका तैनाथवाला दक्षिणतर्फका कमाण्डिङ् जनरललाई रू. २७७३५/९६ दिइएको देखिन्छ । यस हिसाबले हेर्ने हो भने चार कमाण्डिङ् जनरलहरूमध्ये रोलमा सबैभन्दा पछाडि पर्नेलाई सबैभन्दा बढी तलव सुविधा दिइएको र उनीपछि पछाडिबाट क्रमशः कम/कम गरी सबैभन्दा थोरै तलव पश्चिमतर्फका कमाण्डिङ् जनरललाई दिइएको कुरा बि.सं. २००० सालको वालीमा उल्लेख छ । त्यतिमात्र नभएर चार कमाण्डिङ् जनरल भन्दा रोलमा तल रहेका सम्सेरदल पल्टनका तैनाथवाला जनरलको तलव रू. २२६३२/५८ थियो । श्रीनाथ र गणेशदल पल्टनमा कमाण्डिङ् जनरललाई तैनाथी दिइएको थियो । उनीहरू दुवैलाई भने समान अर्थात् रू. २०९०८/ तलव रकम तोकिएको थियो । यसैगरी महिन्द्रदल र पशुपतिप्रसाद गरी दुई पल्टनलाई नेतृत्व गर्ने दायित्व लेफ्टिनेण्ट जनरललाई सुम्पिएको थियो । यसरी एउटै दर्जा र तहमा रहेका दुईजनाको तवल भने फरक थियो । जस्तो पशुपतिप्रसाद पल्टनका तैनाथवाला लेफ्टिनेण्टजनरललाई रू. ३०९५/६१ तथा महिन्द्रदल पल्टनकालाई रू. २७४३/७ तोकिएको थियो ।

---

९ सित्रप्रसाद शर्मा (सम्पा.), *नेपालको सैनिक इतिहास*, काठमाडौं: शाही नेपाली जंगी अड्डा, वि.सं. २०४९, पृ. १४१ ।

१० मनिशकुमार, *पाद टिप्पणी न.* ६, पृ. १६२-१६३ ।

यसरी समान दर्जा र पदवालालाई पनि झण्डै रू. ३५२/ कमबेशी तलब दिनुको पछाडि कुनै स्पष्ट कारण भने देखिँदैन ।

उल्लिखित पल्टनहरूमध्ये बर्दबाहादुर, कालिवक्स, पुरानागोरख, सुर्जेदल, रामदल, कालिप्रसाद र भगवतीप्रसाद गरी जम्मा सात पल्टनहरूको तैनाथी मेजरजनरललाई दिइएको थियो । उनीहरूको तलब पनि क्रमशः ८९३४/८७, ६९१७/६०, ६९१७/६०, ६९१७/६०, ६९१७/६०, १३९१७/६० र ९२/४६ उल्लेख गरिएको छ । भगवतीप्रसाद पल्टनका तैनाथवालालाई जम्मा रू. ९२/४६ मात्र किन उल्लेख गरिएको हो तथा उनलाई दिइनु पर्ने वास्तविक रकम कति हो र किन उल्लेख नगरिएको हो भन्ने विषय स्पष्ट पार्ने सामग्री फेलानपरेकाले किटानकासाथ भन्न सकिँदैन । जहाँसम्म अन्य पल्टनका तैनाथवालाहरूमध्ये सबैभन्दा बढी तलब कालीप्रसाद पल्टनका तैनाथवालाको देखिन्छ । यो पल्टनका तैनाथवाला मेजरजनरललाई रू. १३९१७/६० तोकिएको थियो भने यो भन्दा कम र अन्यमध्ये भन्दा बढी बर्दबहादुर पल्टनका तैनाथवाला मेजरजनरललाई दिइएको थियो । यसरी दिइने रकम रू. ८९३४/८७ थियो । यिनका अतिरिक्त कालिवक्स, पुरानागोरख, सुर्जेदल र रामदल पल्टनका तैनाथवाला मेजरजनरललाई भने समान तवल रू. ६९१७/६० दिइएको देखिन्छ । समाज दर्जा र दायित्व पाउने अधिकारीहरूमध्ये कुनैलाई रू. १३९१७/६०, कुनैलाई रू. ८९३४/८७ र कतिपयलाई रू. ८९१७/६० अर्थात. क्रमशः रू. ४९८२/७३ र रू. २०१७/२७ फरकगरी तलब सुविधा दिएको देखिन्छ । यहाँनेर उल्लेख्य कुरा के पनि छ भने एक लेखकले पश्चिमतर्फका कमाण्डिङ जनरलको तलब रू. ५००००/, पूर्व, दक्षिण र उत्तरतर्फका कमाण्डिङ जनरलहरूको रू. ४००००/, जनरलहरूको रू. २५०००/ लेफ्टिनेण्ट जनरलहरूको रू. १५०००/ र मेजर जनरलको रू. ७०००/ भएको उल्लेख गरेको पाइन्छ । त्यसैगरी कर्णेलहरूको तलब रू. ६०००/ भएको पनि उल्लेख पाइन्छ ।[११] माथिको अध्ययनले भने सेभरको यो भनाइलाई यथार्थ पुष्टि गर्दैन ।

एउटा पल्टनमा कमाण्डिङकर्णेलको तैनाथी थियो । यो पल्टन सिंहनाथ हो । सिंहनाथ पल्टनका तैनाथवाला कमाण्डिङकर्णेललाई भने रू. ७३१६/४ तलब तोकिएको देखिन्छ । यसैगरी उल्लिखित सामग्रीमा ६ पल्टनको तैनाथी कर्णेललाई दिइएको थियो । यिनमा भैरुं, जवरजङ, गोरखनाथ, दोरै नत्रागोरख र पैजं थिए । यी पल्टनका तैनाथवाला मध्ये सबैभन्दा बढी तलब दोरै र नत्रागोरखका कर्णेलहरूलाई थियो । उनीहरू दुवैलाई रू. १९९२२/१६ तोकिएको थियो । त्यस्तै सबैभन्दा कम तलब रू. ३०२१/१३ गोरखनाथ पल्टनको कर्णेलको थियो भने भैरुं पल्टनका कर्णेललाई रू. ४३३७/२५ एवम् जवरजङ पल्टनका कर्णेललाई रू. ६३२१/६६ तोकिएको थियो । पैजं पल्टनको तैनाथी दिइएका कर्णेलको तलब भने उल्लेख गरिएको छैन । यसप्रकार एउटै तहमा पनि बढीमा १६९०१/०३ र घटीमा १३६००/५ रूपैयाँ तलबमानमा फरक परेको देखिन्छ ।

लेफ्टिनेण्टकर्णेल, कप्तान, मेजरकप्तान र लेफटेंलाई एउटा/एउटा पल्टनको तैनाथी दिइएको थियो । उनीहरूमध्ये लेफ्टिनेण्टकर्णेल र मेजरकप्तानको तलब भने तोकिएको छैन । उनीहरूलाई क्रमशः रू. २१/६३ र रू. १५/३४ दिने भन्ने उल्लेख भएकाले यो रकम केका आधारमा तोकिएको हो तथा उनीहरूको वास्तविक तलब कति हो भन्ने कुरा स्पष्ट हुँदैन । त्यसैगरी सेर पल्टनको तैनाथी कप्तानलाई रू. ३९३/२ तलबमानका साथ र पार्श्व पल्टनमा रू. ३४१/८५ तलब खानेगरी लेफटेंलाई तैनाथी दिइएको थियो ।

समग्रमा सामान्यतया एउटा पल्टनको प्रमुख अर्थात् कमाण्डरको हैसियत एकै किसिमको हुनुपर्ने देखिए तापनि व्यवहारमा भने त्यसो भएको पाइँदैन । पदीय हिसाबमा पनि प्रधानमन्त्रीको रोलक्रममा दोस्रो स्थानमा रहेकादेखि लेफटेंसम्मका दर्जावालालाई विभिन्न पल्टनको तैनाथी दिइएको देखिन्छ । पदका दृष्टिले जस्तै तलबमानका दृष्टिले पनि पल्टनका तैनाथवालाको सुविधामा विविधता देखिन्छ । प्रस्तुत सामग्रीका आधारमा पनि सबैभन्दा बढी तलब पाउने देवीदल

११ सेभर, पाद टिप्पणी नं. ७, पृ. ४३७ ।

पल्टनका कमाण्डर अर्थात् तैनाथवाला उत्तरतर्फका कमाण्डिङ्जनरल र सबैभन्दा कम तलव सम्भवतः पार्श्व पल्टनका तैनाथवालाको थियो । उनीहरूको तलवमान क्रमशः रू. ३०८०४/९३ र रू. ६८३/७१ थियो । त्यसो त भैरवनाथ पल्टनका तैनाथवाला लेफ्टिनेण्टकर्णेलको तलव उल्लेख गरिने स्थानमा रू. २१/६३, भगवतीप्रसाद पल्टनको तैनाथवाला मेजरजनरलको तलव उल्लेख गरिने स्थानमा रू. ९२/४६ र दोर्ज पल्टनको तैनाथवाला मेजरकर्णेलको तलवमान उल्लेख गरिने स्थानमा रू. १५/३४ उल्लेख गरिएकाले उनीहरूको वास्तविक तलव कति थियो भन्ने कुरा भने स्पष्ट हुँदैन । त्यतिमात्र नभएर पैजं पल्टनको तैनाथी कर्णेललाई दिइएको भए तापनि सो पदको तलवमानमा भने कुनै रकम उल्लेख नगरिएकाले यो पनि स्पष्ट छैन ।

### ख. जङ्गीतर्फका अधिकारी/कर्मचारी

प्रस्तुत सनदमा जङ्गीतर्फ चार कमाण्डिङ्जनरलका अतिरिक्त पल्टनमा रहेका सिपाही र टहलुवासम्मका सैनिक कर्मचारीको संख्यात्मक विवरणलाई हेर्दा जनरल- १, लेफ्टिनेण्टजनरल- २, मेजरजनरल- ५, कर्णेल- ८, कमाण्डिङ्कर्णेल- ३, बृगेडियरकर्णेल- १, लेफ्टिनेण्टकर्णेल- १३, मेजरकर्णेल- ८, कप्तान- १६, टेंपोररी कप्तान- १, लेफटें- ४, सुवेदार- ६, मेजरसुवेदार- ४, दरोगा- १, सिपाही- २, टहलुवा- २ र क्वाटरमास्टर- १ देखिन्छन् (यहाँ उल्लेख गरिएका सिपाही भने पट्टीमा उल्लेख गरिएका भन्दा बेग्लै हुन्) । समग्रमा पट्टीमा उल्लेख गरिएका बाहेक २७ पल्टनमा रहेका १८ विभिन्न दर्जामा जङ्गीतर्फ ८२ जना जति अफिसरसमेत संलग्न देखिन्छन् । विभिन्न दर्जाको तलवमान पनि स्वभावैले फरक थियो । यसै सन्दर्भमा एउटै दर्जामा समेत फरक फरक तलव दिइने देखिन्छ । तलवमानका दृप्टिले चार कमाण्डिङ् जनरल र एक जनरलका अतिरिक्त एउटै दर्जामा पनि एकरूपता नभएकाले पदीय हिसाबले फरक रकमको यथाशक्य चित्र यहाँ प्रस्तुत गरिएको छ ।

दुईजना लेफ्टिनेण्टजनरलको पनि एउटै तलवमान छैन । जस्तो राजदल पल्टनका लेफ्टिनेण्टजनरलको तलव रू. १४०४३/९ थियो भने रैफल पल्टनका लेफ्टिनेण्टजनरलको रू. १३४०२/६८ थियो । यी दुई पदमा रू. ६४१/२२ तलव फरक थियो । पाँचमध्ये सबैभन्दा बढी तलव गणेशदल पल्टनको मेजरजनरलको रू. ९७१०/७ थियो भने यो पछि सम्सेरदल पल्टनको रू. ९४१७/ थियो । यिनका अतिरिक्त एकको रू. ६९६८/२४ र अन्य दुईको रू. ६९१७/६० थियो । यस दृप्टिबाट मेजरजनरलको तलवमानमा नै रू. २७९३/१ फरक देखिन्छ । आठ कर्णेलमध्ये सबैभन्दा बढी पश्चिमतर्फका कमाण्डिङ्जनरलको तैनाथीमा रहेको पल्टन कालिवाहादुरका कर्णेलको तलव रू. १९९२२/१६ थियो । यी तलव सुर्जेदल र कालिप्रसाद पल्टनका कर्णेलको पनि थियो । देवीदल पल्टनका कर्णेलको तलव रू. ९९६१/११ र सबैभन्दा कम भने महिन्द्रदल पल्टनका कर्णेलको रू. ६०९८/१८ थियो । यस दृप्टिले हेर्दा एउटै कर्णेल दर्जामा पनि तलवमानको फरक रू. १३८२३/९८ देखिन्छ । यसै सन्दर्भमा गणेशदल र पैजं पल्टनको कर्णेलको तलवमान भने सनदमा उल्लेख छैन । तीनमध्ये देवीदल पल्टनका कमाण्डिङ्कर्णेलको रू. ९६११/५८ र गणेशदल पल्टनका कमाण्डिङ्कर्णेलको रू. ७६०९/ भए पनि महिन्द्रदल पल्टनका कमाण्डिङ्कर्णेलको तलवमान भने उल्लेख गरिएको पाइँदैन । दुईको उल्लिखित तलवमानमा पनि रू. २००२/५८ फरक देखिन्छ । त्यस्तै एकजना बृगेडिएरकर्णेलको तलवमान भने रू. ५३१५/७ थियो ।

उल्लिखित १३ लेफ्टिनेण्टकर्णेलहरूमध्ये सबैभन्दा बढी तलवमान कालिवहादुर पल्टनमा थियो । यो पल्टनको लेफ्टिनेण्टकर्णेलको तलव रू. ५२१५/८७ थियो । सबैभन्दा कम भने गणेशदल पल्टनमा रू. ८६१/६५ थियो । यस पदमा एकलाई रू. ३६६१/५८, दुईलाई रू. ३४२३/३०, एक/एकलाई रू. २२८५/३२, रू. २४०२/९६ र रू. २१३२/६५ तलवमान उल्लेख गरिएको थियो । यसैगरी दुईको रू. १७२३/३०, र अन्य दुईको अरू. ११२३/३० उल्लेख थियो । यहाँनेर उल्लेख्य कुरो के पनि देखिन्छ भने श्रीनाथ पल्टनको लेफ्टिनेण्टकर्णेलको तलव भने मात्र रू. ०/७३ उल्लेख पाइन्छ । यो पदमा रू. ४३५४/२२ सम्म तलव रकम फरक देखिन्छ । यस्तै ८ जना मेजरकर्णेलमा सबैभन्दा बढी तलवमान जवरजङ् पल्टनमा रू. १९७७/९१ र कम गणेशदल पल्टनमा रू. १२/३३ उल्लेख छ । यसका अतिरिक्त रू. १३२०/६४, ११७०/६१, ११४१/२२, ८४१/२२ र रू.

५७४/८९ तलव उल्लेख थियो। अन्य पदहरूमा जस्तै महिन्द्रदल पल्टनको मेजरकर्णेलको तलवमान पनि उल्लेख छैन। यदि गणेशदल पल्टनमा मेजरकर्णेल पदको तलवमान रू. १२/३३ मात्र मान्ने हो भने यो पदको तलवमानमा रू. १९६५/२१ फरक हुन आउँदछ। यति हुँदाहुँदै पनि एक मेजरकर्णेलको तलव रू. १२/३३ मात्र तलव हुन भने सक्दैन। यसमा कुनै लिखतको त्रुटी वा अन्य कुनै स्थानमा सो पदको तलव उल्लेख भएको हुनुपर्दछ।

टेंपोररीसमेतको गणना गर्दा जङ्गी अधिकारीमा सबैभन्दा बढी दर्जा 'कप्तान' को देखिन्छ। माथि नै उल्लेख भएबमोजिम कप्तानको संख्या १७ (टेंपोररीसमेत) थियो। यो पदलाई सबैभन्दा बढी तलव सुविधा कालिवाहादुर पल्टनमा रू. ३३४२/४ र कम सम्भवत: भैरवनाथ पल्टनमा रू. ३८७/७३ थियो। यसका अतिरिक्त रू. २०८५/२१, १०३७/६२, ७७८/६६, ५८८/३५, ४७८/३६ र रू. ४०२/६१ तलव पाउने कप्तानहरू पनि थिए। त्यसो त रू. ३७/८६, २६/७४, २४/९१, ५/९७, २/६४, २/२० र रू. ०/४८ रकम तलव उल्लेख गरिएका कप्तानहरू पनि देखिन्छ। पछिल्लो तलवमानलाई यथार्थ नमानी पहिला उल्लेख गरिएको तलवमानका आधारमा पनि कप्तान पदमा रू. २९५४/६७ रकमको तलवमान फरक हुन आउँछ।

लेफटें पदमा सबैभन्दा बढी रू. ५१७/९५ र कम रू. ११८/५७ तलवमान रहेको थियो। यसैगरी ६ सुवेदारमा सबैभन्दा बढी रू. ६०६/२२ र कम रू. ४७/९१ तलवमान तोकिएको थियो। यसको बीचमा रू. १७४/९७, १४८/७७, १५१/२४ र रू. १३२/९२ तलवमान उल्लेख छ यस दृष्टिबाट लेफटें पदमा रू. ३९९/३८ तलवमान फरक छ। यस्तै मेसु (मेजरसुवेदार ?) मध्ये बढी तलव पाउनेले रू. २७३/५८ र कम पाउनेले रू. २२/७८ पाउने देखिन्छ। यिनका अतिरिक्त रू. २०२/४२ र रू. २२/८७ पनि तलव पाउने मेजरसुवेदार देखिन्छन्। यस्तै दरोगालाई रू. १२८४/७८, क्वाटरमाष्टरलाई रू. २५०/२४, पट्टीमा उल्लेख नगरिएका सिपाहीलाई रू. ७३/३७ र रू. ४२/९४ तथा टहलुवालाई रू. २७/७२ र रू. ३३/३२ तलवमान उल्लेख गरिएको थियो।

**ग. निजामतीतर्फका अधिकारी/कर्मचारी**

उल्लिखित सामग्रीअनुसार विभिन्न पल्टनमा विभिन्न दर्जाका निजामती कर्मचारी पनि थिए। यस्ता कर्मचारीमा डिट्ठा, नायवडिट्ठा, मुखिया, नायवमुखिया, राईटर, नायवराईटर, खरिदार, सिनियर खरिदार, वैद्य, तहविल्दार, बैठके, नौसिन्दा, चित्रकार, बहिदार, कागते ३ पेती (?), ४ खेती नौसिन्दा आदि थिए। पल्टनमा रहने निजामती कर्मचारीमा सबैभन्दा माथिल्लो दर्जावाला डिट्ठा र सबैभन्दा तल्लो सम्भवत: कागते ३ पेती जस्तो देखिन्छ। विभिन्न पल्टनअन्तर्गत कालिवाहादुर, देविदल र वर्दवाहादुर गरी डिट्ठाको दरवन्दी जम्मा तीन थियो। तीमध्ये एकको तलवमान रू. ३८७/१० थियो भने देविदल पल्टनमा केवल रू. ०/४९ उल्लेख गरिएको भए तापनि वर्दवाहादुर पल्टनमा डिट्ठाको तलवमान उल्लेख नै गरिएको पाइँदैन। यस्तै वर्दवाहादुर पल्टनमा एकजना नायव डिट्ठाको दरवन्दी राखिएको थियो जसलाई रू. २३९/३८ तलवमान उल्लेख गरिएको थियो। कतिपय पल्टनमा मुखियाको पनि दरवन्दी राखिएको थियो जसलाई रू. २३९/३८ तलवमान उल्लेख गरिएको थियो। कतिपय पल्टनमा मुखियाको पनि दरवन्दी थियो। मुखिया दरवन्दी हुनेमा कालिवाहादुर, श्रीनाथ, पुरानागोरख, सिंहनाथ, दोरै, कालिप्रसाद र सेर पल्टन थिए। मुखिया पदमा सबैभन्दा बढी दोरै पल्टनमा मुखियाको तलव रू. २०१/५९ र कम श्रीनाट पल्टनमा रू. १९/२५ थियो। यसका अतिरिक्त मुखियालाई रू. १८५/३६, १५६/५७, १००/९२, ९३/१३ र रू. ६३/४५ तलव तोकिएको थियो। मुखिया पदमा रू. १८२/३४ रकम तलवमानमा फरक परेको देखिन्छ। यस्तै राजदल र नत्रागोरख पल्टनमा नायवमुखियाको दरवन्दी राखिएको थियो। दुवैमध्ये एउटालाई रू. २२६/१६ र अर्कोलाई रू. ७८/२५ तलव तोकिएको थियो।

पाँच पल्टनमा राईटरको दरवन्दी थियो। राईटरको सबैभन्दा बढी तलव रकम रू. १५४/५१ र कम रू. ५८/९५ थियो। यसका अतिरिक्त राईटरको रू. १३६/९२, ९२/९८ र रू. ७९/६१ समेत तलव उल्लेख थियो। यसप्रकार राईटर एउटै पदमा पनि रू. ९५/९६ रकम तलवमानमा फरक पाइन्छ। यस्तै सातवटाजति पल्टनमा नायवराईटरको दरवन्दी थियो। यो पदका लागि बढीमा रू. १६६/१३ र

कममा रू. १५/२४ तलवमान उल्लेख गरिएको थियो। यिनका अतिरिक्त रू. ११०/१२, ९३/९८, ८४/८६ र रू. ७१/१५ तलवमान उल्लेख गरिएको थियो। त्यसो त श्रीनाथ पल्टनमा तैनाथ नायवराईटरको तलवमान रू. १/६ उल्लेख छ। उल्लेख्य कुरा के पनि देखिन्छ भने कतिपय राईटरको भन्दा नायवराईटरको तलवमान बढी देखिन्छ भने नायवराईटरमात्रको तलवमानको सन्दर्भमा रू. १५०/८९ फरक पर्न गएको छ। यस्तै चार पल्टनमा खरिदारको दरबन्दी थियो। खरिदारको तलवमान बढीमा रू. ५३७/७ र कममा रू. २०१/४० थियो। यसका अतिरिक्त रू. २०२/५४ र रू. ३५१/५२ खरिदारको तलवमान पनि देखिन्छ। खरिदारको तलवमानमा रू. ३३६/३ फरक परेको छ। एकजना सिनियर खरिदारको पनि दरबन्दी थियो। यो पदकालागि रू. ८०/६९ तलव थियो। यसैगरी बैठके, तहविल्दार, वहिदार, चित्रकार, बैद्य, कागते ३ पेती (?) र ४ खेती नौसिन्दा पदको एक/एक दरबन्दी कायम थियो। यी पदकालागि क्रमश: रू. ३९/४४, ८०/७१, १७६/६४, ६४/१३, १९८/४१, १४/५६ र रू. १०७/२२ तलवमान तोकिएको थियो।

समग्रमा डिट्ठादेखि कागते ३ पेतीसम्मकालागि सबैभन्दा बढी तलव रू. ३८७/१० र कम रू. ३९/४४ दिइने थियो। यसै सन्दर्भमा डिट्ठाको तलव रू. ६००/, खरदारको रू. ४६०/, वैद्यको रू. ३००/ तलव भएको कुरा पनि प्रकाशमा आएको पाइन्छ।[१२] यो दर भने उपलब्ध सनदसँग मेल खाँदैन।

**उपसंहार**

राणाकाल पूर्व सामान्यतया कर्मचारीलाई जङ्गी तथा निजामतीका रूपमा दुई सेवामा विभाजन गरिएको पाइँदैन। त्यसैगरी उनीहरूको पारिश्रमिक अर्थात् तलव पनि सामान्यतया जिन्सीमा नै दिइन्थ्यो। जिन्सीअन्तर्गत 'जागिर' जमिन पर्दथ्यो। उच्च पदाधिकारीलाई केहीमात्रामा नगदमा तलव दिने गरिए तापनि तल्ला तहका कर्मचारीलाई जमिनमात्र दिइने गरेको देखिन्छ। उदाहरणका लागि वि.सं. १९६१ मा महाविर विष्टलाई पाल्पामा रहेको गणेशदल कम्पनीको सुवेदारी मानको पगरी दिँदा ११ खेत (पच्चीस रोपनी बराबरको जमिन)[१३] (१०० मुरी धान उब्जनी हुने जमिनलाई १ खेत भन्ने गरिएको पनि पाइन्छ) र नगद रू. ४००/- पनि दिइएको देखिन्छ। यसैगरी महाविर विष्टको मातहतमा रहने जमदारलाई ६ खेत र नगद रू. २२०/-, मेजर, अजिटन, कोत्याहवल्दारका अतिरिक्त अगाडि/पछाडि निसान्, हवल्दार, अमल्दार, सिपाही, पीपाको, जमादार, पीपा, तवल्या, तासा, मार्फा, भेरी, लोहार, सार्की, कामी, तोपका खलासी कसैलाई पनि नगद तलव नदिएर केवल जागिरका रूपमा जमिन दिइएको थियो। यसै सन्दर्भमा नगद तलव नदिइने अगाडि निसानलाई २/८० देखि तोपको खलासीलाई सबैभन्दा कम १/६० खेत तलवका रूपमा दिइएको पाइन्छ। यसरी पद दर्जा दिँदा नगदलगायत दिइएको कुरालाई यसप्रकार उल्लेख गरिन्थ्यो:[१४]

> "... आगे अगिन्दर विष्टको नाति. दामोदर विष्टको छोरा वतन तापल्या महाविर विष्टके पालपाको गणेसदल कंपनिको सुवेदारी मानको पगरी वक्स्यौं. लडाञी भीडाञी सवारी सिकारी उर्दि कवाएत. पहरा चौकि हाल हुकुम. मा रुजु रहि हाम्रा निमक्को सोभो चिताई. वमोजिम रैवन्दी तपसिलका जागीर पेत पुवा नगदि ली. कंपनि सोमना ? सामील जहा पटायो ताहा पुग्न्या दर्द नाप्तिंगरी रापनु. जागीर जानि भोग्ये गर ..."

राणाकालको अन्त्यतिरसम्म आइपुग्दा भने आफ्ना कर्मचारीलाई जागिरका रूपमा जमिन नभएर नगद रकम नै दिने गरेको कुरा माथिको सनदले स्पष्ट पारेको छ। सामान्यतया कतिपय अवस्थामा प्रधानमन्त्रीको आदेश नै मूल कानून हुने गरेको राणाशासन व्यवस्थामा एउटै पद/दर्जा भए तापनि प्रधानमन्त्रीको निकटस्थलाई बढी अधिकार एवम् तलव दिइने व्यवस्था पनि त्यतिकै व्यापक रहेको सन्दर्भ उल्लिखित तलव एवम् मातहतका कर्मचारीको पद/दर्जा एवम् संख्याबाट जान्न सकिन्छ।

---

१२ *ऐजन*।

१३ वासुदेव त्रिपाठी (सम्पा.), *नेपाली बृहत शब्दकोश*, काठमाडौं: नेपाल राजकीय प्रज्ञा-प्रतिष्ठान, वि.स. २०४०, पृ. ३०७।

१४ वि.स. १८६१ साल मीति जेष्ठ वदि १० रोज १ मा अगिन्दर विष्टको नाति. दामोदर विष्टको छोरा वतन तापल्या महाविर विष्टलाई पाल्पाको गणेसदल कंपनिको सुवेदारी मानको पगरी दिंदा लेखिएको लिखत।

कम्पु तिर्जा अड्डा पावं (?) लगत फाँट अड्डाका हाकिम् कारिन्दाले मुलुकी अड्डामार्फत् राणा प्रधानमन्त्री समक्ष अनुरोध गरेको अनुरोधपत्रबमोजिम कौशितोसाखाना अड्डाका हाकिम कारिन्दाको नाममा वि.सं. २००० साल असारमा जारी गरिएको सनद

कौशितोसाखाना अड्डाका हाकिम् कारिन्दा ते पुर्जि हेरी कंपु तिर्जा अड्डाबाट वाति खाने पहिले पहिलेका
जवानको ८० साल जेष्ट ८ गते २ मा सदर गरिबक्सेका वाति जवान बमोजिम् फाराम प्रेश्रा खडा गरीवा
ही खुवाउने भयाका जवान हरूको २००० सालका वाति हाई कम्पाउडारे किताप मा डरिया ठेकिया
खौगीजामा डरिया होस्तियाबमोजिम् को फाराम प्रेश्राबाट बाड्न हाई थाहा हुने गरि दिदै मोहर ७६०५।२।।
१ साल हाल चौसठी हजार पांच साय पैंतीस रुपैंआ तीन पैसा तिर्जा अड्डाका पहिले पहिलेका फाराम प्रेश्रा
वाति सवालका दफा दफा बमोजिम् गरी जीम्मावारी डीने र स्वपहिलेका दरड्यानी जवानको ,, साल
वैशाख २१ गते २ का तिर्जा अड्डाका बाडमा गरीबक्सेका खडा निसाना सनद बमोजिम साल १ को जगा
१ के कप्तान सम्म र स्व दर्जा देखि माथि का हाई मोहर २।९८३ रुपैंआ होफाँ र होफाँ देखि मुनि सिपाही
सम्म के मोहर १।मेक रुपैंआ हरूबाके मोहर ।५० पचास पैसाका दर्ले ,, साल का वाति देखि बो
गी कौसीमा ने घटदे कही भै सकेको रवादि सनद बमोजिम सिह दर्बार जादे नइ बीत दाखिल हुने
श्री ३ महाराजका हजुर्मा हाजिर स्व जवान हरूको २००० सालको सवाल मध्ये तलवी गरी भ
सवारी तलब खाने जवान हरूको महिना वारी तलब वाटे वैशाख महिना माकट्टी गरी सके को हुना [illegible]
जवानको याडेक गरी बाकि याति खाने जवान हरूको सताभि वापट मोहर ४२३।५० चार साय [illegible]
पैसा पचास पैसा तिर्जा अड्डाका स्याहा मा जीम्मावारी डीने जेत जम्मा मोहर ७६४८९।५३ साल
हाल चौसठी हजार नौ साय एक सही रुपैंआ त्रीपन्न पैसा चाहिडो चाहिडो को पदक गरी डीनाके

रावचोबीसी हजार नोहाय पकसी [illegible] चाहिडो चाहिडो को परव गरी डीया कै हितोसा खाता वार जीम्या नरी त्याहि तेसअडा ताहि भयाकाससात सवड को रीत पुयाहि थयो तै भैया कैपुतितजो अडाकाताउमा सवड खवमोतिम चाहिडो चाहिडो को परव गरी कोहितो सारवाता ताहि जीम्या वाड़ी डी तु भैया सडर मुल्की खाताकाताउमा भेत सवड गरीवकेस को हुवाने खवै मोतिम चाहिडो चाहिडो को परव गरी सडर मुल्की खाता [illegible] जीमावारी त्याहि कैपुतितजो अडा का हवि जीम्या जीम्या वारी डी तु भैया कोहितोसा खाता अडा का ताउमा खडु [illegible] सवड गरीवकस उपरै ८ हाजर जो भर्ति हुवै भति कैपुतितजो अडा पावै नगर फाजू अडाका हाकिम कारीदा ने मुल्की अडाम के व हामा हजुमा विनती वाडी जाहेर भयो तसयं खव [illegible] को मा [illegible] पेनि सडर गरी [illegible] कोह खव [illegible]

तफ्सील

| अडामि | जवार | खांकी व्याव मोतिमवाड व्दे जका वाडी व्दे मोहा | हाकिम कै कोसिंह खाए, चाहिडो की हाकिम तफ्सीन मोहह | जका |
|---|---|---|---|---|
| **कातिवाहपुर** | | | | |
| श्रीपकज | १ | २२६२८।६ | २। | २२६३।१६ |
| मेज | २ | १३८३५।२० | ४। | १३८३८।२० |
| करौलि | १ | १८८२२।१६ | २। | १८८[illegible] |
| टेकु | १ | [illegible] | [illegible] | ४[illegible]।७ |
| मेफ | २ | ११४८।७८ | २। | ११४९।७८ |
| कप | १ | ३३४।२४ | २। | ३३४[illegible]४ |
| गोडा | १ | ३८।१० | १। | ३८८।१० |
| भुरिकिया | २ | १४३।२७ | २। | १४८।२७ |
| नरा | १ | ११०।१२ | १। | १११।१२ |
| | १२ | ६६७३७।८० | १८। | ६६७५५।८० |
| **पट्टीपट्टी** | | | | |
| १पट्टी | १ | १३८।२० | १। | १२८।२० |
| २पट्टी | १ | ३८८।६४ | १। | ३८८।२४ |
| ३पट्टी | १ | ५४८।८८ | १। | ५५०।८८ |
| ४पट्टी | १ | ८४।६४ | १। | ८५।६४ |
| ५पट्टी | १ | ७४ | १। | १।७४ |
| ६पट्टी | १ | १३२।७५ | १। | १३३।७५ |
| ७पट्टी | १ | ४।८५ | १। | ५।८५ |
| ८पट्टी | १ | ३२।६५ | १। | ३३।६५ |
| ९पट्टी | १ | ७३।६५ | १। | ७७।६५ |
| १०पट्टी | १ | ६०।८८ | १। | ६१।८८ |
| | १० | १४७०।८ | १०। | १४८०।८ |
| **रैफत** | २२ | ६८२०७।६८ | २८। | ६८२३५।६८ |

रैफत

| | | | | |
|---|---|---|---|---|
| श्रीयुकज | १ | २८३७९।८० | २। | २८३८१।८० |
| लेज | १ | १३४०२।६८ | २। | १३४०४।६८ |
| करोंत | ३ | ३७३६।८ | ६। | ३७४०।४ |
| वक | १ | ५३१५।७ | २। | ५३१७।७ |
| लेक | १ | | २। | २। |
| खरीदार | १ | २०१।४० | १। | २०२।४० |
| राईटर | १ | १३६।९२ | १। | १३७।९२ |
| | ९ | ७४८३३।७ | १६। | ७४८४९।७ |

पदीपदी

| | | | | |
|---|---|---|---|---|
| १पदी | १ | १४।५८ | १। | १५।५८ |
| २पदी | १ | २९०।१८ | १। | २९१।१८ |
| ३पदी | १ | ८९।७४ | १। | ९०।७४ |
| ४पदी | १ | ३२२।१८ | १। | ३२३।१८ |
| ५पदी | १ | २९६।१५ | १। | २९७।१५ |
| ६पदी | १ | ३७७।२९ | १। | ३७८।२९ |
| ७पदी | १ | २२५।८८ | १। | २२६।८८ |
| ८पदी | १ | ४३६।२९ | १। | ४३७।२९ |
| ९पदी | १ | १७९।३९ | १। | १८०।३९ |
| १०पदी | १ | २८२।८७ | १। | २८३।८७ |
| | १० | २५१४।९३ | १०। | २५२४।९३ |
| | १९ | ७७३४८।८० | २६। | ७७३७४।८० |

राजदत

| | | | | |
|---|---|---|---|---|
| श्रीदकज | १ | ३७३५।९५ | २। | ३७३७।९५ |
| लेज | १ | १४०४३।९ | २। | १४०४५।९ |
| लेक | १ | ११२३।२० | २। | ११२५।२० |
| मेक | १ | ११४१।२२ | २। | ११४३।२२ |
| कप | १ | ५८८।३५ | २। | ५९०।३५ |
| खरीदार | १ | २०२।४८ | १। | २०३।४८ |
| नाम | १ | २२६।१६ | १। | २२७।१६ |
| नारा | १ | १५।२४ | १। | १६।२४ |
| वेठके | १ | ३९।४४ | १। | ४०।४४ |
| नहकिदार | १ | ८०।७१ | १। | ८१।७१ |
| सिपाहि | ५ | ३६६।८५ | ५। | ३७१।८५ |
| रहनुवा | १ | ३७।७२ | १।५० | २८।२२ |
| | १६ | ४११५९।४८ | २०।५० | ४५६११।८ |

पदीपदी

| | | | | |
|---|---|---|---|---|
| | ५२ | ४५ | | |
| **पट्टीपट्टी** | | | | |
| १पट्टी | १ | ५१।३७ | १। | ५२।३७ |
| २पट्टी | १ | ३९।१८ | १। | ४०।१८ |
| ३पट्टी | २ | २१२।८९ | २। | २१४।८४ |
| ४पट्टी | ३ | २६४।९४ | ३। | २६७।९४ |
| ५पट्टी | १ | ४०३।५१ | १। | ४०४।५१ |
| ६पट्टी | १ | ८४।५९ | १। | ८५।५९ |
| ७पट्टी | १ | १६९।५३ | १। | १७०।५३ |
| ८पट्टी | १ | २८।७ | १। | २९।७ |
| ९पट्टी | १ | ९८।८२ | १। | ९९।८२ |
| | १२ | १३५३।५५ | १२। | १३६५।५५ |
| | २८ | ४६९४।१२ | ३२।५० | ४६९७।६२ |
| **देवीदत्त** | | | | |
| उकत | १ | ३०८८४।९३ | २। | ३०८८६।९३ |
| मेज | २ | १३९३३।४८ | ४। | १३९४०।४८ |
| कक | १ | ९६११।५८ | २। | ९६१३।५८ |
| करॉन | १ | १९९२२।२२ | २। | १९९२४।२२ |
| लेक | १ | ३४२३।३० | २। | ३४२५।३० |
| कप | ४ | ३११४।६६ | ४। | ३११८।६६ |
| गेठा | १ | १४९ | १। | १४९ |
| | ११ | ८०१३।६६ | १७। | ८०३०।६६ |
| **पट्टीपट्टी** | | | | |
| १पट्टी | १ | ७५।३५ | १। | ७६।३५ |
| २पट्टी | १ | ३७।२४ | १। | ३८।२४ |
| ३पट्टी | १ | १६२।४१ | १। | १६३।४१ |
| ४पट्टी | १ | २३।२ | १। | २४।२ |
| ६पट्टी | १ | २९४।२८ | १। | २९५।२८ |
| ७पट्टी | १ | २१०।३३ | १। | २११।३३ |
| ८पट्टी | १ | २३१।२४ | १। | २३२।२४ |
| ९पट्टी | १ | ६२।३१ | १। | ६३।३१ |
| | ८ | १४३०।४८ | ८। | १४३८।४८ |
| | २० | ८२२४।१४ | २५। | ८२४९।१४ |

श्रीनाथ

| | | | | |
|---|---|---|---|---|
| **श्रीनाथ** | | | | |
| कज | १ | -२०९०८ - | २। | -२०९१० |
| जतरन | २ | -३४४८३।६७ - | ४। | -३४४९०।६७ |
| नोक | १ | -७३ - | | -७३ |
| खरिदार | १ | -३५१।५२ - | १। | -३५२।५२ |
| दरोगा | १ | -१२८४।७८ - | १। | -१२८५।७८ |
| मुखिया | १ | -१९।२५ - | १। | -२०।२५ |
| राइटर | २ | -१५९।२२ - | २। | -१६१।२२ |
| नारा | १ | -१।६ - | १। | -२।६ |
| कागते ३बेनी | १ | -१४।५८ - | १। | -१५।५८ |
| बैद | १ | -१९८।४१ - | १। | -१९९।४१ |
| चीत्रकारी | १ | -६४।१३ - | १। | -६५।१३ |
| सिपाहि | ३ | -१२८।८४ - | ३। | -१३१।८४ |
| टहलुवा | २ | -६६।६४ - | १। | -६७।६४ |
| | १८ | ५७६८३।८१ - | १९। | -५७७०२।८१ |
| **महीपदी** | | | | |
| १पदी | १ | -९५।३४ - | १। | -९६।३४ |
| २पदी | १ | -८४।३८ - | १। | -८५।३८ |
| ३पदी | १ | -१३७।१२ - | १। | -१३८।१२ |
| ४पदी | १ | -५६।६७ - | १। | -५७।६७ |
| ५पदी | १ | -१३८।१६ - | १। | -१३९।१६ |
| ७पदी | १ | -१९।२८ - | १। | -२०।२८ |
| ८पदी | १ | -३२३।४९ - | १। | -३२४।४९ |
| | ७ | ८८४।७४ - | ७। | -८९१।७४ |
| | २५ | ५८५६८।५५ - | २६। | ५८५९४।५५ |
| **मदिस्दन** | | | | |
| जेज | २ | -५४७।१४ - | ४। | -५५१।१४ |
| मेज | २ | -१३८३५।२० - | ४। | -१३८३९।२० |
| केक | १ | - - | २। | -२। |
| कर्पोद | १ | -६०९८।१८ - | २। | -६१००।१८ |
| मेक | १ | - - | २। | -२। |
| कप्तान | १ | -३७।८६ - | | -३७।८६ |
| नोफर्ट | १ | -४२३। - | १। | -४२४। |
| | ९ | २५८८१।२८ - | १५। | -२५८९६।२८ |

मतीलगी

| | | | | |
|---|---|---|---|---|
| **पट्टीपट्टी** | | | | |
| १पट्टी | १ | -५२।३१ | १। | -५३।३१ |
| २पट्टी | १ | -१३०।३१ | १। | -१३१।३१ |
| ३पट्टी | १ | -१३२।४१ | १। | -१३३।४१ |
| ४पट्टी | १ | -७१२।५९ | १। | -७१३।५९ |
| ५पट्टी | १ | -५०।११ | १। | -५१।११ |
| ६पट्टी | १ | -१२५।८४ | १। | -१२६।८४ |
| ७पट्टी | १ | -१५०।८२ | १। | -१५१।८२ |
| ८पट्टी | १ | -६०।८१ | १। | -६१।८१ |
| ९पट्टी | १ | -१३२।४४ | १। | -१३३।४४ |
| १०पट्टी | १ | -४५।७८ | १। | -४६।७८ |
| | १० | -१५९३।३२ | १०। | -१६०३।३२ |
| | १९ | -३४७४।६० | २४। | -३४९९।६० |
| **वहेवाहादुर** | | | | |
| मेज | १ | -८९३४।६७ | २। | -८९३६।६७ |
| लेक | ३ | -१०९८४।७५ | ६। | -१०९९०।७५ |
| मेक | २ | -२६४१।२९ | ४। | -२६४५।२९ |
| सीसा | १ | - | १। | -१। |
| तादि | १ | -२३९।३८ | १। | -२४०।३८ |
| | ८ | २२८००।२९ | १४। | -२२८१४।२९ |
| **पट्टीपट्टी** | | | | |
| १पट्टी | १ | -५४।८ | १। | -५५।८ |
| २पट्टी | १ | -७७।५७ | १। | -७८।५७ |
| ४पट्टी | १ | -१८८।५० | १। | -१८९।५० |
| ५पट्टी | १ | -१४२।७१ | १। | -१४३।७१ |
| ६पट्टी | १ | -२१०।५१ | १। | -२११।५१ |
| ७पट्टी | १ | -१८१।२ | १। | -१८२।२ |
| ८पट्टी | १ | -४७।५५ | १। | -४८।५५ |
| १०पट्टी | १ | -१०५।२२ | १। | -१०६।२२ |
| | ८ | १००७।१६ | ८। | -१०१५।१६ |
| | १६ | २३८०७।४५ | २२। | -२३८२९।४५ |

कातिवकस

| | | | | |
|---|---|---|---|---|
| **कातिवकस** | | | | |
| मेज | १ | ६९१७।६० | २। | ६९१९।६० |
| नेक | ३ | ६३९७।९९ | ६। | ६४०३।९९ |
| मेक | १ | ८४१।२२ | २। | ८४३।२२ |
| कम्प्रार | २ | ८०५।२२ | २। | ८०७।२२ |
| | ७ | १४९६२। | १२। | १४९७४। |
| **पट्टीपट्टी** | | | | |
| १पट्टी | २ | १०३।४३ | २। | १०५।४३ |
| २पट्टी | १ | २।३१ | १। | ३।३१ |
| ३पट्टी | १ | २२९।५७ | १। | २३०।५७ |
| ४पट्टी | १ | ६४।८९ | १। | ६५।८९ |
| ५पट्टी | १ | ५९।३२ | १। | ६०।३२ |
| ६पट्टी | १ | २३।३६ | १। | २४।३६ |
| ७पट्टी | १ | १३२।४८ | १। | १३३।४८ |
| ८पट्टी | १ | १४९।७३ | १। | १५०।७३ |
| ९पट्टी | १ | १४२।८३ | १। | १४३।८३ |
| १०पट्टी | १ | ७९।७ | १। | ८०।७ |
| | ११ | ९८६।९९ | ११। | ९९७।९९ |
| | १८ | १५९४८।९९ | २३। | १५९७१।९९ |
| **सम्मेरदत** | | | | |
| जनरल | २ | ४५२६५।१६ | ४। | ४५२६९।१६ |
| मेज | २ | १८८३५।२० | ४। | १८८३९।२० |
| नेक | १ | २४०२।९६ | २। | २४०४।९६ |
| कप | २ | ५३।४९ | · | ५३।४९ |
| सीम | १ | ८०।६९ | १। | ८१।६९ |
| | ८ | ६६६३७।५० | ११। | ६६६४८।५० |
| **पट्टीपट्टी** | | | | |
| १पट्टी | २ | ६३।८९ | २। | ६५।८९ |
| ३पट्टी | १ | ८४।६३ | १। | ८५।६३ |
| ६पट्टी | १ | १०।३७ | १। | ११।३७ |
| ७पट्टी | १ | [illegible]।५९ | १। | २३९।५९ |
| ८पट्टी | १ | २९।९५ | १। | ३०।९५ |
| ९पट्टी | १ | ५९।४८ | १। | ६०।४८ |
| १०पट्टी | | | | |

| | | | | |
|---|---|---|---|---|
| देपट्टी | १ | ५९।४८ | १। | ६०।४८ |
| १०पट्टी | १ | ३४।६२ | १। | ३५।६२ |
| | ८ | ५२१।४३ | ८। | ५२९।४३ |
| | १६ | ६७१५८।९३ | १९। | ६७१७७।९३ |

## पुरानागोरख

| | | | | |
|---|---|---|---|---|
| मेन | १ | ६९९७।६० | २। | ६९९९।६० |
| कर्णेल | १ | ६३२२।१६ | २। | ६३२४।१६ |
| कप्तान | १ | १०३७।६२ | २। | १०३९।६२ |
| मुखिया | १ | १८५।३६ | १। | १८६।३६ |
| राइटर | २ | १८५।९७ | २। | १८७।९७ |
| | ६ | १४६४८।७१ | ९। | १४६५७।७१ |

## पट्टीपट्टी

| | | | | |
|---|---|---|---|---|
| १पट्टी | १ | ६१।२ | १। | ६२।२ |
| २पट्टी | १ | २४१।४६ | १। | २४२।४६ |
| ३पट्टी | १ | ३३४।८३ | १। | ३३५।८३ |
| ४पट्टी | १ | ३०।२२ | १। | ३१।२२ |
| ५पट्टी | १ | १६६।४९ | १। | १६७।४९ |
| ७पट्टी | १ | १२०।८५ | १। | १२१।८५ |
| ८पट्टी | १ | २९६।३५ | १। | २९७।३५ |
| देपट्टी | १ | १३७।७६ | १। | १३८।७६ |
| १०पट्टी | १ | १३।६६ | १। | १४।६६ |
| | ९ | १३९२।९४ | ९। | १४०१।९४ |
| | १५ | १६०४१।६५ | १८। | १६०५९।६५ |

## सिंहनाथ

| | | | | |
|---|---|---|---|---|
| कक | १ | ७३१६।१४ | २। | ७३१८।१४ |
| कप्तान | ३ | १४३५।१ | ४। | १४३९।१ |
| लेफ्टँ | १ | ११८।५७ | . | ११८।५७ |
| मेसु | ३ | २६७।९४ | ३। | २७०।९४ |
| मुखिया | १ | ६३।४५ | १। | ६४।४५ |
| राइटर | १ | ५८।९५ | १। | ५९।९५ |
| नारा | १ | ९३।९८ | १। | ९४।९८ |
| | ११ | ९३७३।९४ | १२। | ९३८५।९४ |

| | | | | |
|---|---|---|---|---|
| | ११ | ८३७३।८४ | १२। | ८३८५।८४ |
| **पट्टीपट्टी** | | | | |
| २पट्टी | १ | १०४।७ | १। | १०५।७ |
| ३पट्टी | १ | ६३१।१ | १। | ६३२।१ |
| ४पट्टी | १ | २१५।७६ | १। | २१६।७६ |
| ५पट्टी | १ | ३०। | १। | ३१। |
| ६पट्टी | १ | ११८।२९ | १। | ११९।२९ |
| ७पट्टी | १ | २३२।४८ | १। | २३३।४८ |
| ८पट्टी | १ | २००।६४ | १। | २०१।६४ |
| | ७ | १५३२।२५ | ७। | १५३९।२५ |
| | १८ | १०९०६।१९ | १९। | १०९२५।१९ |
| **ऐंड़ू** | | | | |
| कर्णीत | १ | ४३३७।२५ | २। | ४३३९।२५ |
| **जवरजड़** | | | | |
| कर्णीत | १ | ६३२१।६६ | २। | [illegible]३।६६ |
| टेक | २ | ३४४६।६० | ४। | ३४५०।६० |
| मेक | १ | १९७७।९१ | २। | १९७९।९१ |
| खरीजार | १ | ५३७।७ | १। | ५३८।७ |
| | ५ | १२२८३।२४ | ९। | १२२९२।२४ |
| **गोरखनाथ** | | | | |
| कर्णीत | १ | ३०२१।१३ | २। | ३०२३।१३ |
| कपु | १ | ५।८७ | | ५।८७ |
| | २ | ३०२७।१० | २। | ३०२९।१० |
| **सुजंदन** | | | | |

| | | | | |
|---|---|---|---|---|
| **सुर्जेदल** | | | | |
| मेज | १ | ६६९१।६० | २। | ६९१९।६० |
| करॉल | १ | ९९८२२।९६ | २। | ९९८२४।९६ |
| लेक | ३ | ६८५५।६८ | ४। | ६८५६।६८ |
| | ५ | ९३६६५।७४ | ८। | ३३७०३।७४ |
| **रामदल** | | | | |
| मेज | १ | ६६९१।६० | २। | ६६९६।६० |
| लेक | १ | ९१२३।३० | २। | ९१२५।३० |
| मेक | २ | २३४९।२२ | ४। | २३४५।२२ |
| कप | २ | ४९७०।४२ | ४। | ४९७४।४२ |
| सुबेदार | २ | ३४६९।५४ | २। | ३५९१।६४ |
| | ८ | ९५५०२।४८ | १४। | ९५[illegible]।४८ |
| **पटीपटी** | | | | |
| १पटी | १ | १२२।३६ | १। | १२३।३६ |
| २पटी | १ | १२३।३६ | १। | १२४।३६ |
| ३पटी | १ | १६०।४८ | १। | १६१।४८ |
| ४पटी | १ | ३९९।६० | १। | ४००।६० |
| ५पटी | १ | ४२१।६९ | १। | ४२२।६९ |
| ६पटी | १ | ८४।१७ | १। | ८५[illegible] |
| ७पटी | १ | २६०।४६ | १। | २६१।४६ |
| ८पटी | १ | २०८।२९ | १। | २०९।२९ |
| | ८ | १६४०।११ | ८। | १६४८।११ |
| | १६ | ११३४२।५९ | २२। | ११३६४।५९ |
| **दौरे** | | | | |
| कर्मॉल | २ | ३९८४४।३२ | ४। | ३९८४८।३२ |
| लेक | १ | ३४२३।३० | २। | ३४[illegible] |
| कप्रप | १ | १४८ | . | १४८ |
| मुखिया | १ | २०१।५६ | १। | २०२।५६ |
| | ५ | ४३४६६।६६ | ७। | ४३४७३।६६ |
| **नगारोख** | | | | |

**नगागोरख**

| | | | | |
|---|---|---|---|---|
| कर्णेल | २ | -३९८४१३२- | ४१ | -३९८४८१३२ |
| लेक | १ | -११२३१३०- | २१ | -११२५१३० |
| कप्तान | १ | - २१२० - | . | - २१२० |
| क्वाटरमास्टर | १ | -२५०१२४- | २१ | -२५२१२४ |
| सुबेदार | २ | -२९७१५५- | २१ | -२९९१५५ |
| नामु | १ | -७८१२५- | ११ | -७९१२५ |
| पहिरा | १ | -९७६१६४- | ११ | -९७७१६४ |
| | ८ | -४१७७२१५०- | १२१ | -४१७८४१५० |

**पट्टीपट्टी**

| | | | | |
|---|---|---|---|---|
| १पट्टी | १ | -३६४१४२- | ११ | -३६५१४२ |
| २पट्टी | १ | -१६१२५- | ११ | -९७१२५ |
| ३पट्टी | १ | -९७३१८२- | ११ | -९७४१८२ |
| ४पट्टी | १ | -९१५१- | ११ | -१०१५१ |
| ५पट्टी | १ | -१३२१९- | ११ | -१३३१९ |
| ६पट्टी | १ | -८३१३६- | ११ | -८४१३६ |
| ७पट्टी | १ | -३३३१५६- | ११ | -३३४१५६ |
| | ७ | ११९२१९३ | ७१ | ११९९१९३ |
| | १६ | ४२८८५१४३ | १९८१ | ४२९०४१४३ |

**कालिप्रसाद**

| | | | | |
|---|---|---|---|---|
| मेजर | १ | -१३९९७१६०- | २१ | -१३९९९१६० |
| कर्णेल | १ | -१९९२२११६- | २१ | -१९९२४११६ |
| कप्तान | ३ | - . . - | ४१ | - ४१ |

| | | | | |
|---|---|---|---|---|
| कप्तान | ३ | – | ४। | ४। |
| लेफ्टे | २ | १०३५।९० | १। | १०३६।९० |
| सुबेदार | २ | १२९०।४४ | २। | १२९२।४४ |
| मुखिया | १ | १००।९२ | १। | १०१।९२ |
| नाम्रा | १ | ८४।८६ | १। | ८५।८६ |
| | ९ | ३६८३९।८८ | १३। | ३६२८४।८८ |

| पटीपटी | | | | |
|---|---|---|---|---|
| १पटी | १ | ११३।७० | १। | ११४।७० |
| २पटी | १ | ४१५।१ | १। | ४१६।१ |
| ३पटी | १ | ६०६।६३ | १। | ६०७।६३ |
| ४पटी | १ | ६०७।७७ | १। | ६०८।७७ |
| ५पटी | १ | ६६९।७८ | १। | ६६२।७८ |
| ६पटी | १ | ५६६।८३ | १। | ५७०।८३ |
| ७पटी | १ | ३६६।५८ | १। | ३७०।५८ |
| | ७ | ३७१४।३० | ७। | ३७२१।३० |
| | १८ | ३६६८६।१८ | २०। | ४०००६।१८ |

| सेर | | | | |
|---|---|---|---|---|
| कप्तान | ६ | २३५८।१३ | ८। | २३६६।१३ |
| टैपोर्टरी कप्तान | १ | २१६४ | - | २१६४ |
| मेसु | १ | ३७३।५८ | १। | ३७४।५८ |
| सुबेदार | १ | १३२।९२ | १। | १३३।९२ |
| मुखिया | १ | १५६।५७ | १। | १५७।५७ |
| राईटर | १ | ११४।५१ | १। | ११५।५१ |
| | ११ | ३०७८।३५ | १२। | ३०९०।३५ |

| पटीपटी | | | | |
|---|---|---|---|---|
| २पटी | १ | २२१।७ | १। | २२२।७ |
| ३पटी | १ | ४५४।६१ | १। | ४५५।६१ |
| ४पटी | १ | २४१।३४ | १। | २४२।३४ |
| ५पटी | १ | ११७।४० | १। | ११८।४० |
| ६पटी | १ | १२३।५५ | १। | १२४।५५ |
| ७पटी | १ | २८४।११ | १। | २८५।११ |
| ८पटी | १ | ३७६।१५ | १। | ३७७।१५ |
| | ७ | १७१८।२३ | ७। | १७२५।२३ |

| | | | | |
|---|---|---|---|---|
| | ७ | ३७१८।२३ | ७। | ३७२५।२३ |
| | १८ | ४७८३।५८ | १८। | ४८०१।५८ |
| **पशुपतिप्रसाद** | | | | |
| लेज | १ | ३०९५।६१ | २। | ३०९७।६१ |
| सुबेदार | २ | ९५।८२ | २। | ९७।८२ |
| तारा | १ | १६६।१३ | १। | १६७।१३ |
| | ४ | ३३५७।५६ | ५। | ३३६२।५६ |
| **पट्टीपट्टी** | | | | |
| २पट्टी | १ | १४।६० | १। | १५।६० |
| ३पट्टी | १ | ९५।७७ | १। | ९६।७७ |
| ४पट्टी | १ | ६२।९ | १। | ६३।९ |
| ६पट्टी | १ | ५०।८४ | १। | ५१।८४ |
| ८पट्टी | १ | ११७।८९ | १। | ११८।८९ |
| | ५ | ३४१।१९ | ५। | ३४६।१९ |
| | ९ | ३६९८।७५ | १०। | ३७०८।७५ |
| **भैरवनाथ** | | | | |
| टोक | १ | २१।६३ | २। | २३।६३ |
| कप्तान | ३ | ११६३।२१ | ४। | ११६७।२१ |
| टोफँ | १ | १। | . | १। |
| | ५ | ११८५।८४ | ६। | ११९१।८४ |
| **गोप्रसाद** | | | | |
| कज | १ | २०९।०८ | २। | २०९।०१ |
| मेज | ३ | २९१३।१० | ६। | २९१९।१० |
| कक | १ | ७६०।९१ | २। | ७६१।९१ |
| कर्णेल | १ | [illegible] | [illegible] | २। |
| टोक | २ | ७२३।३० | ४। | ७२७।३० |
| मेक | १ | १२।३३ | . | १२।३३ |
| कप्तान | १ | २४।९ | . | २४।९ |
| मेसु | १ | २२।८७ | १। | २३।८७ |
| सुबेदार | १ | १४१।२४ | १। | १४२।२४ |
| तारा | १ | ७१।१५ | १। | ७२।१५ |
| ४स्वेतितेर्शोंदा | १ | १०७।२२ | १। | १०८।२२ |
| | १४ | ५६७६।३० | २०। | ५६९६।३० |

| | | | | |
|---|---|---|---|---|
| | १४ | ५८७६१।३० | २०। | ५८७८१।३० |
| **पट्टीपट्टी** | | | | |
| १पट्टी | १ | -२४४।१० | ११ | -२४५।१० |
| २पट्टी | १ | -३२७।४३ | ११ | -३२८।४३ |
| ४पट्टी | १ | -५०।४० | ११ | -५१।४० |
| ६पट्टी | १ | -११६।८ | ११ | -११७।८ |
| ७पट्टी | १ | -४३३।८३ | ११ | -४३४।८३ |
| ८पट्टी | १ | -१६३।३८ | ११ | -१६४।३८ |
| | ६ | १३३५।२३ | ६। | १३४१।२३ |
| | २० | ६१०८६।५३ | २६। | ६११२२।५३ |
| **पेजं** | | | | |
| कर्योल | १ | - | २। | -२। |
| **पट्टीपट्टी** | | | | |
| १पट्टी | १ | -८४।६१ | ११ | -८५।६१ |
| ८पट्टी | १ | -११३।५१ | ११ | -११४।५१ |
| | ३ | २०८।१२ | ४। | २१२।१२ |
| **आबतिप्रसाद** | | | | |
| मज | १ | -८२।४६ | २। | -८४।४६ |
| कप्तान | १ | -२४।८१ | | -२४।८१ |
| मेसुं | ३ | -६०७।३७ | ३। | -६१०।३७ |
| | ५ | ७२४।६४ | ५। | -७२९।६४ |
| **पट्टीपट्टी** | | | | |
| ४पट्टी | १ | -२०७।६७ | ११ | -२०८।६७ |
| ५पट्टी | १ | -२३९।५१ | ११ | -२४०।५१ |
| | २ | ४४७।१८ | २। | -४४९।१८ |
| | ७ | ११७१।८२ | ७। | ११७८।८२ |
| **दोजं** | | | | |
| मेक | १ | -९५।३४ | | -९५।३४ |
| **पार्श** | | | | |
| जेफर | २ | -६८३।७१ | २। | -६८५।७१ |
| | ३४९ | ७६४५३५।१२ | ४२६।५० | ७६४९६१।५२ |

इती सम्वत २००० साल आखाड गतेरोज

(समाप्त)

# वाराणसी स्थित नेपाली मन्दिर तथा धर्मशाला संरक्षणका प्रसंगहरू*

गोपाल झा

**विषय प्रवेशः**

मित्र राष्ट्र भारतको उत्तर प्रदेशमा अवस्थित अति प्राचीन एवम् प्रसिद्ध धार्मिक र सांस्कृतिक शहर वाराणसीबारे प्रत्येक नेपालीले केही न केही सुनेकै छ ।* एसियाको ज्योति (Light of Asia) मानिएका भगवान् गौतमबुद्धले पहिलो पटक पाँच शिष्यलाई उपदेश (धर्मचक्र प्रवर्तन) दिनुभएको स्थल सारनाथ पनि यस वाराणसी नगर क्षेत्रभित्रै पर्दछ । वाराणसीलाई काशी विश्वनाथको शहर पनि भनिन्छ । वाराणसी भन्नाले वरुणा र अस्सी नदीको बीचमा बसेको भू-भागलाई चिनिन्छ । यस भू-भागको पूर्व पट्टि भागीरथी गंगा बग्दछिन् । यसको अर्को नाम हो 'काशी' अर्थात् जुन सदैव प्रकाशमान छ वा ज्ञानमय छ । त्यसैगरी अंग्रेजहरूको शासनकालमा बनारस नामले पनि प्रसिद्ध भयो । तर धार्मिक, सांस्कृतिक दृष्टिकोणले यस प्राचीन शहरको नामको सार्थकता वाराणसी वा काशी भन्नु मै छ । पौराणिक साहित्यहरूमा काशी वा वाराणसी भनेर नै उल्लेख भएको पाइन्छ । स्कन्ध पुराणमा 'काशी खण्ड' भनेर अलग्गै यस भू-भागको वर्णन गरिएको छ । पौराणिक साहित्यको आधारमा आनन्दवन र महाश्मसान पनि भनिन्छ । महादेवको त्रिशुलमाथि यो शहर अडिएकोले भूकम्पको असर नपरेको किंवदन्ती छ । त्यस्तै वाराणसी क्षेत्रमा पर्ने उत्तर वाहिनी भागीरथी गंगामा स्नान गर्ने तीर्थालु जोकोहीलाई यस नदीमा पाइने ठूला-ठूला जीव-जन्तुहरूले कुनै हानी नोक्सानी गर्दैन भन्ने धार्मिक विश्वास छ । त्यसैले वाराणसी अर्थात् काशीलाई सनातन धर्मावलम्बी (हिन्दू)हरूले सांस्कृतिक राजधानीको रूपमा पनि मानिआएका छन् । काशी प्राचीनकालदेखि नै शिक्षा-दीक्षाको केन्द्र रहेकोले प्रत्येक धर्म, सम्प्रदायका अनुयायीहरू यहाँबाट शिक्षा-दीक्षा ग्रहण गरी आ-आफ्नो धर्म सम्प्रदायबारे प्रचार-प्रसार गर्ने अवसर पाएका छन् । तसर्थ सनातन धर्मावलम्बीहरूको लागि मात्र नभई मानव मात्रको लागि पनि यो पवित्र एवम् पुण्य भूमि हो भन्न सकिन्छ ।

नेपाल र नेपालीलाई यस पवित्र भूमिले धेरै गुन लगाएको छ जुन कहिल्यै बिर्सन सकिदैन । शिक्षा, धर्म, संस्कृति, साहित्य, कला, संगीत, राजनीति आदि प्रत्येक क्षेत्रमा यस शहरले नेपाल र नेपालीको लागि अविस्मरणीय योगदान पुऱ्याएको छ । "विद्या हराए काशी जानु ..........." भन्ने राजा रामशाहको भनाईले भगवान् गौतम बुद्धदेखि आधुनिक कालसम्मको इतिहासलाई जोडेको छ । त्यसैगरि सर्वसाधारण नेपाली जनता मात्रै होइन, नेपालका राजा, रजौटा, साहु-महाजन, सामन्त, जमिन्दार, साधु-सन्त, विद्वान, राजनीतिज्ञ सबैको लागि आश्रय स्थलको रूपमा सम्झनै पर्ने शहर पनि वाराणसी हो ।

भक्तपुरको अन्तिम मल्ल राजा रणजीत मल्लको देहावसान काशीमा हुनु, शाहवंशीय राजा पृथ्वीनारायण शाहले नेपालको एकीकरणको अभियानलाई सफल पार्न हतियार संग्रह गर्ने मनसायले काशीमा बिहे गर्नु, स्वामी महाराज रणबहादुर शाह (स्वामी निर्वाणानन्द) आफ्नी जेठी महारानी राजराजेश्वरी र

* श्री साम्राज्येश्वर पशुपतिनाथ मन्दिरको समस्याबारे लेखकले मिति २०६४/६/२४ मा प्रस्तुत गरेको प्रतिवेदनमा आधारित ।

* यस शहरसित नेपाल र नेपालीको गहिरो भावनात्मक सम्बन्ध रही आएको छ ।

सहयोगीहरू भीमसेन थापा, रङ्गनाथ पौड्याल लगायत अन्य सहयोगीहरूका साथ तीन वर्ष काशी प्रवासमा रहनु जंगबहादुरको उदय पश्चात् देश निकाला गरिएकी राजा राजेन्द्रकी कान्छी रानी र उनका छोराहरूका साथ स्वयम् राजा राजेन्द्र पनि काशी तीर्थ यात्रामा गएबाट काशी नेपालको शासकहरूको लागि पनि आश्रय स्थल थियो भन्न सकिन्छ ।

भारत वर्षको प्रायः प्रत्येक राजा, रजौटाहरूले भागीरथी गंगा किनारमा घाट, मन्दिर, धर्मशाला निर्माण गरेका छन् । त्यसै क्रममा नेपालको राजपरिवारबाट पनि घाट, मन्दिर र धर्मशाला निर्माण गरेको हुनु पर्दछ । नेपाली काष्ठ कलाकृतिको उत्कृष्ट नमूनाको रूपमा निर्माण भएको यस शिवमन्दिर र चौघरा धर्मशालाले नेपाली कला, वास्तुकला, धर्म, संस्कृतिलाई विदेशमा प्रचार-प्रसार गर्ने काम गरेको छ । त्यसैले मन्दिर र धर्मशाला निर्माण गर्नुका साथै कला र वास्तुकलाको प्रदर्शन गर्ने मनसाय रहेको पनि स्पष्ट हुन्छ । नेपाली शैलीमा निर्माण भएकै कारण यस मन्दिरलाई नेपाली मन्दिर र धर्मशालालाई नेपाली घर समेत भन्ने गरिएको छ । नेपाल सरकार (तत्कालीन श्री ५ को सरकार) र नेपालीहरूको दृष्टिबाट तीन दशकसम्म ओझेलमा परे पनि नेपाली वास्तुकला कै कारणले पनि यो घाटको आफ्नो अस्तित्व बचाउन सफल रहेको छ । अन्यथा स्वामी महाराज रणबहादुर शाह र भीमसेन थापा जस्तो व्यक्तित्व पनि तीन वर्ष बसेको ठाउँबारे हामी अनभिज्ञ हुनेछौं भने राजराजेश्वरी मन्दिर र ललितादेवी मन्दिर हाम्रै सम्पत्ति हो भन्न प्रमाण खोज्नु परे जस्तै श्री साम्राज्येश्वर पशुपतिनाथ मन्दिर र धर्मशालाको स्वामित्वबारे पनि प्रश्न चिन्ह उठ्न सक्थ्यो होला ।

पछिल्लो पटक २०५० को जीर्णोद्धार कार्य प्रारम्भ हुनुपूर्व तीन दशक लामोअवधिमा मन्दिर र धर्मशालालाई प्रतिकूल असर पर्ने गरी कतिपय निर्माण कार्यहरू भएका थिए । यथेष्ठ प्रमाणको अभावमा मन्दिर र धर्मशाला परिसरको क्षेत्रफल यकिन गर्न सकिएको छैन । तत्कालीन नेपालका प्रधानमन्त्रीको निर्देशन बमोजिम आत्मनिर्भर सम्पदाको रूपमा विकास गर्ने लक्ष्य राखेर पुरातत्व विभागले सम्पूर्ण जीर्णोद्धार कार्य सम्पन्न गरेका थिए । मन्दिर र धर्मशालाको सञ्चालन, संरक्षण, विकासको लागि नेपाल सरकारबाट स्वीकृत कार्यविधि नियमावली अनुसार कार्य गर्न वाराणसीमा स्थायी रूपले बस्ने नेपालीहरूलाई जिम्मा लगाइयो । तीन दशकसम्म नेपालीहरूको प्रवेश निषेध गरी अवाञ्छित क्रियाकलाप गरी आएका स्थानीय व्यक्तिहरूबाट बाधा-व्यवधान उत्पन्न गर्न खोज्नु कुनै अस्वाभाविक थिएन । तर समय मै समस्याको समाधान गरिएन भने सञ्चालक समितिको पदाधिकारीहरूको मनोबल घट्न सक्छ । अतः मनोबल उच्च राख्न यस सम्पदासँग सम्बन्धित ऐतिहासिक कागजात, प्रमाणहरू संकलन गरी सञ्चालक समितिलाई जानकारी गराउनुका साथै प्रकाशित गरी जनसमक्ष ल्याउनु आवश्यक देखिएको र यसबारे थप जानकारी प्राप्त गर्न अनुसन्धान कार्य गर्नु आवश्यक छ । सम्पदाको स्वामित्व बारे कानुनी आधार बलियो बनाउन, अनुसन्धानकर्ताको जिज्ञासा बढाउन र अनुसन्धान कार्य गर्न सजिलो होस् भन्ने उद्देश्यले यो आलेख तयार पारिएको छ । यसअघि प्राचीन नेपालको विभिन्न अंकमा जीर्णोद्धार परियोजनामा संलग्न पदाधिकारीहरूबाट लेखहरू प्रकाशित भइसकेका छन् । जस्तै डा. ऋषिकेशव रेग्मीद्वारा लिखित Samrajyeshwar Mahadeva Temple– A case of Archaeological Renovation Outside Nepal शीर्षकको लेख, श्रीमती शोभा श्रेष्ठद्वारा लिखित "साम्राज्येश्वर महादेव मन्दिर तथा धर्मशालाको संरक्षण, सम्बर्द्धन एक जानकारी" शीर्षकको लेख, भेषनारायण दाहालद्वारा लिखित "साम्राज्येश्वर महादेव मन्दिर तथा धर्मशालाको जीर्णोद्धार तथा व्यवस्थापन एक रिपोर्ट" शीर्षकको लेख प्रकाशित छन् । पुनः तिनै विषयवस्तुहरूलाई दोहऱ्याउनु उचित लागेन । यो पङ्क्तिकारबाट जीर्णोद्धार कार्यको शुरूदेखि अन्तिम समयसम्म इन्जिनियरिङ्ग कामको जिम्मेवारी निर्वाह गर्ने अवसर प्राप्त गरेकोले मन्दिर र धर्मशालाको जीर्णोद्धार पूर्वको भौतिक अवस्था र आत्मनिर्भर सम्पदाको रूपमा विकास गर्ने दृष्टिकोणले गरिएका भौतिक तथा वातावरणीय सुधार कार्यहरू, जीर्णोद्धार कार्यको समयमा नेपाली तथा स्थानीय व्यक्तिहरूबाट प्राप्त सहयोग, तीन दशकसम्म नियमित पूजा-आजा नभए पनि मन्दिर प्रति जनआस्था कम हुन नदिई जीवन्त राख्न योगदान पुऱ्याउने साधु-सन्तहरूबारेको बेली बिस्तार जान्ने बुझ्ने जिज्ञासा पाठक वर्गलाई हुनु स्वभाविक हुन जानेमा विश्वास छ । तर अहिलेको प्रसङ्ग श्री साम्राज्येश्वर पशुपतिनाथ महादेव मन्दिर तथा धर्मशाला सञ्चालक समिति (ट्रष्ट) ललिताघाट, वाराणसीद्वारा वाराणसीको जिलाधिकारी महोदयलाई प्रेषित सन् १०/०८/२००७ पत्रांक ३८/०७ च.नं. ३६१ को पत्र पुरातत्व विभागमा प्राप्त हुन आएपछि

समस्या समाधान गर्ने उपायको खोजीमा ०६४/६/२४ गते प्रतिवेदन पेस गर्दा श्रीमान् महानिर्देशकज्यूबाट उक्त प्रतिवेदनको महत्वलाई हृदयंगम् गरी प्रकाशमा ल्याउने निर्देशन दिनुभएकोले त्यसैको सेरोफेरोमा रही जनसमक्ष ल्याउने प्रयास गरिएको छ ।

यस मन्दिर र धर्मशालाको वि.सं. १८९८ (ई. १८४१) देखि वि.सं. १९०० (ई. १८४३) मा तत्कालीन युवराजा सुरेन्द्रबाट आफ्नी आमा रानी साम्राज्यलक्ष्मीदेवीको अन्तिम इच्छा पुरा गर्न मित्रराष्ट्र भारतको प्रसिद्ध धार्मिक शहर वाराणसीको ललिताघाटमा निर्माण भएको हो । यो घाट वाराणसीमा बग्ने उत्तर वाहिनी पवित्र नदी भागिरथी गंगाको पक्की घाटहरूको मध्यभागमा छ । प्रसिद्ध मन्दिर श्री काशी विश्वनाथमा चढाइएको जल, फूल, बेलपत्र आदि यसै घाटमा विसर्जन हुने भएकोले यो घाट काशीको प्रसिद्ध घाट मध्येको एक हो । यो घाट परापूर्वकालदेखि नेपाली घाटको नामले प्रसिद्ध थियो भने कालान्तरमा राजराजेश्वरी घाट हुँदै अहिले ललिताघाटको नामले प्रसिद्ध छ । बनारस हिन्दू विश्वविद्यालय (B.H.U.) को संग्रहालयमा प्रदर्शनीमा राखिएको तैल चित्रमा राजराजेश्वरी घाट र ललिताघाट उल्लेख भएकोले राजराजेश्वरी घाटको नाम पछि मात्र परिवर्तन भएको प्रमाणित हुन्छ । यसै ललिताघाटमा स्वामी महाराज (श्री ५ रणबहादुर शाह) जप, ध्यान गर्ने आसन समेत निर्माण भएको छ । स्वामी महाराज १८०० ई. देखि १८०३ ई. सम्म काशी बासमा हुँदा सँगै बस्नु भएकी महारानी राजराजेश्वरीको नाममा यस घाटको निर्माण भएको हो । स्वामी महाराजा, महारानी राजराजेश्वरी, भीमसेन थापा, रङ्गनाथ पौड्याल आदि नेपालको ऐतिहासिक व्यक्तित्वहरू काशी बासमा रहँदा बसेको भवनमा पछि राजराजेश्वरी मन्दिर स्थापना भई अहिले पनि सुव्यवस्थित तरिकाले विहान-बेलुका पूजा आजा, भोग, आरतीको व्यवस्था हुनुका साथै राजराजेश्वरी मठमा साधु सन्यासीहरू बस्ने गरेका छन् । त्यसैगरी ललिताघाटमा गंगा मन्दिर, लक्ष्मी नारायण मन्दिर, ललितादेवी मन्दिर स्थापित छन् भने स्वामी महाराजले जप ध्यान गर्ने आसन कलात्मक ढुंगाको गुम्वज शैलीको निर्माण भएको छ । तर यसबारे कुनै लिखित प्रमाण नभएको हुनाले स्थापित मूर्ति र तत्कालनि परिस्थितिको आधारमा अनुमान गर्न सकिन्छ । यस विषयमा अनुसन्धान गर्नु आवश्यक छ । यसै ललितादेवी मन्दिरको पछाडि करिब दश मिटरमाथि श्री साम्राज्येश्वर पशुपतिनाथ मन्दिर र चौघेरा धर्मशाला निर्माण भएको छ । यस धर्मशालाको निर्माण सम्पन्न भएको तीन वर्षपछि मात्र राजा राजेन्द्र दुई छोरा र काशी बासमा रहनु भएकी कान्छी महारानी लक्ष्मीदेवी समेत यसै धर्मशालामा बस्नु भएको अनुमान गर्न सकिन्छ । यस मन्दिर र धर्मशालाको संरक्षण, सम्वर्द्धन, दैनिक र विशेष पूजापाठ, भोग, आरतीको लागि नेपालकै १७१२ विगाह ५ कट्ठा ११ धूर जग्गा श्री काशी साम्राज्येश्वर गुठीको नाममा गुठी व्यवस्था गरिएको थियो भने शेषजीवन काशीमै बिताउने असहाय नेपाली वृद्धवृद्धाहरूको लागि काशी वर्षासन गुठीको नाममा सिरहा जिल्लाका ५२ विगाह ७ कट्ठा २ धूर र ललितपुरमा ५३ रोपनी ५ आना जग्गा गुठी व्यवस्था भएको लगतमा उल्लेख छ । उक्त लगतमा यस मन्दिरमा नेपाली पुजारीबाट रेखदेख, पूजाआजाको व्यवस्था गुठी संस्थानबाट १९६४ ई. सम्म हुन्थ्यो भने १९६३ ई. मा नेपालीहरूको संस्था विद्याधर्म प्रचारिणी समिति मार्फत् मन्दिरको छाना मर्मत समेत भएको बुझिन्छ । के कति कारणले नेपाली पुजारी त्यहाँबाट विस्थापित भए त्यसको कतै उल्लेख भएको छैन र गुठी संस्थानले किन नेपाली पुजारी राख्ने व्यवस्था गरेन भन्ने बारे अनुसन्धानको विषय हुन सक्छ । नेपाली पुजारी विस्थापित भएपछि मोतीलाल शुक्ल नाम गरेको स्थानीय पण्डाले पूजाआजा, रेखदेख गर्न थालेका थिए । त्यसपछि पूजा खर्च जान रोकिएको थियो । तर वर्षासन वापत बाँड्ने रकम गुठी संस्थानद्वारा विद्याधर्म प्रचारिणी समिति मार्फत वृद्ध-वृद्धाहरूलाई बाँड्ने काम भयो । ती मोतीलाल शुक्लको ६ छोरा र एक छोरीको ठूलो परिवारलाई नै धर्मशाला बस्न नपुग्ने भएपछि नेपाली तीर्थयात्रीहरूले बस्ने ठाउँ पाउन कठिन हुँदै गयो । वाराणसीको प्रमुख पर्यटकीय स्थलहरू मध्येको एक यस नेपाली मन्दिरलाई हेर्न आउने विदेशी पर्यटकहरूबाट लिएको रकम नै प्रमुख आयको स्रोत बनेको थियो । यसबीच मन्दिर तथा धर्मशालाका मूर्ति, काष्ठ कलाकृति, गरगहना र अन्य सामग्रीहरू हराएको पनि जानकारी प्राप्त भएको थियो ।

### मन्दिर परिसरमा अवैध निर्माण र अतिक्रमण

पुरातत्व विभागले पछिल्लो पटक १९९३ ई. मा जीर्णोद्धार

कार्य प्रारम्भ गर्नु भन्दा अगाडि तीन दशकसम्म नेपालीहरूको दृष्टिबाट मात्र होइन गुठी संस्थान समेतको दृष्टिबाट ओझेलमा परेको समयमा मन्दिर परिसरमा ललितघाटबाट मन्दिरको दृश्य नदेखिने गरी विद्यालय भवन निर्माण भयो भने ललितादेवी मन्दिरमाथि मौनी बाबाको मठ निर्माण भयो । मन्दिर परिसरबाट गंगाजी जाने बाटो मै एउटा शिवालय निर्माण भयो । यी सबै निर्माण कार्य शुक्ल परिवारलाई प्रलोभन देखाई गरिएको थियो । त्यसैगरी बाढीको समयमा राजराजेश्वरी मन्दिर गुफामा पानी जम्ने भएकोले वैकल्पिक बाटोको रूपमा गणेश मन्दिर अगाडिबाट ५० मिटर दक्षिण गई ३०-४० मिटर पूर्वको गल्ली प्रयोगमा थियो, जुन सबैभन्दा छोटो र सुविधाजनक पनि थियो । ललिताघाट जाने प्रमुख बाटो राजराजेश्वरी गुफामा गाईभैंसी बाँध्ने गरेको थियो जुन जीर्णोद्धारको लागि खटिएका पुरातत्व विभागको कर्मचारीहरूको अनुरोधमा स्थानीय प्रशासनबाट सफा गरियो । तर वैकल्पिक बाटो, जुन यस मन्दिर र धर्मशालाको लागि अति आवश्यक छ, अहिले पनि सर्वसाधारणलाई प्रयोग गर्न दिइएको छैन । मन्दिर धर्मशालाको जीर्णोद्धारकै क्रममा बाटोमा बनाइएको शिवालय र अन्य सानातिना भौतिक संरचना भत्काइयो तर यथेष्ठ प्रमाणको अभावमा विद्यालय र मौनीबाबाको अखडा नियन्त्रणमा लिने काम हुन सकेन । त्यही मौनीबाबाको अखडा र विद्यालय भवनमा स्थानीय व्यक्तिहरूको प्रयोगमा नियन्त्रण भएकोले समय समयमा बाधा व्यवधान उत्पन्न भएको छ भने कहिले काँही विवादले चर्को रूप लिएर ज्यान मार्ने जस्तो डर, धम्की पनि दिइएको छ ।

### जीर्णोद्धार कार्य र हालको संचालन व्यवस्था

वि.सं. २०३५ (१९७८ ई.) मा स्व. राजा वीरेन्द्र र स्व. रानी ऐश्वर्यबाट मित्राराष्ट्र भारतको औपचारिक भ्रमणको सिलसिलामा वाराणसी सवारी हुँदा यस नेपाली मन्दिरमा पूजाअर्चना गरी मन्दिर र धर्मशालाको निरीक्षण भएपछि श्री ५ को सरकार (नेपाल सरकार) को वि.सं. २०३५/२/६ को निर्णयानुसार पुरातत्व विभागले मन्दिर र धर्मशालाको जीर्णोद्धार कार्य गर्ने जिम्मेवारी पाएको हो । पुरातत्व विभागको निरीक्षणमा पहिलो पटक आ.व. २०३६।३७ देखि आ.व. २०४०।४१ सम्म जीर्णोद्धार कार्य हुँदा मन्दिरको छानामा झिंगटी हटाई पित्तल पाता जडान गरियो भने मन्दिर धर्मशालाको लागि केही नयाँ कलात्मक झ्याल, ढोका तयार गरेर मात्र राखियो । मन्दिरको छाना बाहेक अन्य काम हुन सकेन भने धर्मशालाको जीर्णोद्धार कार्य सुरु नै हुन सकेन । स्थानीय पत्रपत्रिकाहरूमा यस मन्दिर र धर्मशालाको बिग्रँदो अवस्थाबारे समाचार, लेख छापिएपछि ३० नोभेम्बर १९९२ ई. मा पूर्व काशी नरेश डा. विभूति नारायण सिंहज्यूले राजा वीरेन्द्रलाई सम्बोधन गरी पत्र मार्फत् ध्यानाकर्षण गराएपछि तत्कालीन प्रधानमन्त्री श्री गिरिजाप्रसाद कोइरालाज्यूको वि.सं. २०४९ चैत्र (१९९३ ई.) मा भएको मित्रराष्ट्र भारतको औपचारिक भ्रमणको क्रममा वाराणसी पुग्दा यस मन्दिरमा समेत पूजा अर्चना गरी यथाशिघ्र मन्दिर, धर्मशालालाई जीर्णोद्धार गरी आत्मनिर्भर सम्पदाको रूपमा विकसित गर्न निर्देशन दिनु भए अनुसार पुरातत्व विभागद्वारा आ.व. २०५०।५१ देखि आ.व. २०५६।५७ सम्ममा मन्दिर र धर्मशालाको सम्पूर्ण जीर्णोद्धार कार्य सम्पन्न गरिएको थियो र पुनः प्रयोग गर्न नसकिएका काष्ठ कलाकृतिहरूलाई मन्दिरको पूर्व र उत्तरतिर विद्यालयको भित्ता र राजराजेश्वरी मन्दिरको पर्खालसँगै जोडेर सुरक्षित साथ प्रदर्शनीको लागि राखिएको छ, जुन पर्यटक तथा दर्शनार्थीहरूको लागि आकर्षणको केन्द्र बनेको छ ।

यसैबीच मन्दिर र धर्मशालाको सञ्चालन, संरक्षण र आत्मनिर्भर सम्पदाको रूपमा विकास गर्न तत्कालीन श्री ५ को सरकार (नेपाल सरकार) को मिति २०५६ जेष्ठ १० गतेको निर्णय अनुसार भारतको लागि महामहीम नेपाली राजदूतलाई संरक्षक र अध्यक्षको नियुक्ति श्री ५ को सरकार (नेपाल सरकार) ले गर्ने गरी स्वामी ओंकारानन्द गिरीज्यूको अध्यक्षतामा सञ्चालक समिति गठन समेत गरी श्री साम्राज्येश्वर पशुपतिनाथ महादेव मन्दिर तथा धर्मशाला संचालक समिति, ललिताघाट, वाराणसीको कार्यविधि नियम-२०५६ स्वीकृति गरियो । सुरक्षा गार्डको लागि नेपाल सरकारबाट प्राप्त अनुदान र सञ्चालक समितिको संचित रकमबाट अक्षय कोषको व्यवस्था गरिएयो र पूजाआजा, पुजारीको लागि गुठी संस्थानले आ.व. २०५६/५७ देखि नै रकम पठाइरहेको छ । शेष जीवन काशीमै बिताउने नेपाली वृद्ध-वृद्धाहरूलाई गुठी संस्थानले वितरण गर्ने वर्षासन बापतको रकम पनि यसै सञ्चालक समितिलाई पठाइएको छ ।

यस मन्दिरको प्रचार-प्रसार र सुरक्षाको दृष्टिकोणले समेत नेपालीहरूको गतिविधि बढाउन र नेपाली वृद्धाहरूलाई

अन्तिम सास फेर्ने अनुकुल वातावरण वनाउन धर्मशालाको पश्चिम-उत्तर कुनामा जोडिएर रहेको पुरानो घर खरिद गरी ३० जना वृद्धाहरूलाई बस्ने र अतिथिहरू समेतको लागि कोठा र सभा कक्ष आदिको व्यवस्था गरी श्री पशुपतिनाथ वृद्धाश्रम सञ्चालन गरिएको छ । यसको उद्‌घाटन तत्कालीन संस्कृति, पर्यटन तथा नागरिक उड्डयन मन्त्री श्री बलबहादुर के.सी.ज्यू बाट वि.सं. २०५९ आषाढ ६ गते भयो । सोही अवसरमा नेपाल पर्यटन बोर्डको सहयोगमा सञ्चालन गरिएको नेपाल सूचना केन्द्रको समेत उद्‌घाटन भएको थियो । वृद्धाश्रम सञ्चालनको लागि केही रकम विगत तीन वर्षदेखि महिला, बालबालिका तथा समाज कल्याण मन्त्रालयबाट अनुदान रकम उपलब्ध गराइएको छ । त्यसैगरी परराष्ट्र मन्त्री श्री रमेशनाथ पाण्डेबाट मिति २०६२ फागुन १७ गते यस मन्दिरमा पूजाआजा भएको थियो ।

यसरी पुरातत्व विभाग, गुठी संस्थान, नेपाल पर्यटन बोर्ड, महिला, बालबालिका तथा समाज कल्याण मन्त्रालयको सहयोग प्राप्त गरी यस सञ्चालक समितिले नेपाल र नेपालीको प्रतिष्ठालाई वृद्धि गर्दै नेपाली काष्ठ कलाकृतिको उत्कृष्ट नमूनाको रूपमा रहेको यस मन्दिर र धर्मशालाको संरक्षण, सम्वर्द्धन गरिरहेको छ ।

**समस्या र समाधानको लागि सुझाव**

तीन दशकसम्म यस मन्दिर र धर्मशालालाई दुरुपयोग गरी अवाञ्छित गतिविधि गर्ने र परिसरको अतिक्रमण गरी आर्थिक लाभ उठाउने स्थानीय व्यक्तिहरूले सञ्चालक समितिको अध्यक्षलगायत अन्य पदाधिकारीहरू, सदस्य, व्यवस्थापक, विद्यार्थी, तीर्थयात्रीहरूलाई डर, धम्की देखाई अपमानित गर्ने जस्ता राखेको त्रासको वातावरण बनाई पुनः कब्जा गर्ने नियत राखेको देखिन्छ । घरबार छोडेर काशी जस्तो पवित्र धार्मिक स्थलमा अध्ययन, अध्यापन गरिरहेका छात्र, अध्यापकज्यूहरू, स्थायी बसोबास गरी विभिन्न पेशामा संलग्न नेपालीहरू, लब्ध प्रतिष्ठित विद्वान पदाधिकारीज्यूहरूले अथक प्रयास गर्दा गर्दै पनि यस मन्दिर र धर्मशालालाई आत्मनिर्भर सम्पदाको रूपमा विकास गर्न धेरै चुनौतीको सामना गर्नु परिरहेको छ । नेपाली छात्रहरूले वि.सं. २०५४ जेठ १८ गतेदेखि प्रत्येक सोमबार साँझ ४ बजे रूद्राभिषेक कार्यक्रम आयोजना गरिरहेका छन् । यस कार्यक्रमले स्वदेश तथा विदेशमा मन्दिरको प्रचार प्रसार हुनुका साथै नेपालीहरूको भेटघाट गर्ने, सहयोग आदान प्रदान गर्ने स्थलको रूपमा विकास भएको छ । आफ्नो त्याग, तपस्या, विद्वताले परदेशमा दत्तात्रय मठको मठाधीश बन्नु भएका अध्यक्ष स्वामी ओंकारानन्द गिरीले नेपालको विभिन्न क्षेत्र र भारत, भुटानको नेपाली भाषीहरूबीच यस मन्दिर र धर्मशालाको संरक्षण सम्वर्द्धनको लागि प्रचार प्रसार गर्दै आएको छ । फलस्वरूप आसाम, सिक्किम, दार्जिलिङ्गका सयकडौं नेपाली भाषाभाषीले मुष्टिदान दिन प्रारम्भ गरेका छन् । यसबाट भविष्यमा वृद्धाश्रममा बस्ने वृद्धाहरूको राम्रो व्यवस्था हुने सम्भावना छ । वहाँहरूको प्रयास स्तुत्य छ ।


वाराणसी जस्तो अत्यधिक गर्मी हुने ठाउँमा काठमा धमिराको प्रकोप धेरै हुने हुनाले यस सम्पदालाई सुरक्षित राख्न समय समयमा रसायनिक उपचार आवश्यक पर्ने हुनाले आम्दानी बढाउने योजना बनाई केही रकम प्रत्येक वर्ष संचित गर्न् आवश्यक छ । आम्दानीको स्रोत दान, दातव्य, धर्मशालामा बस्ने यात्रुहरूबाट आउने सेवा शुल्क, पर्यटकबाट प्राप्त सहयोग रकम नै प्रमुख भएकोले दर्शनार्थी, तीर्थयात्री र पर्यटक संख्या बढ्नु आवश्यक छ । यसको लागि पूर्ण सुरक्षाको अनुभूति हुनु आवश्यक छ । आत्मनिर्भर सम्पदाको रूपमा विकसित गर्न कुशल व्यवस्थापनको आवश्यकता भएकोले भारतस्थित नेपाली राजदूतावास र महामहीम राजदूतबाट व्यक्तिगत रूपमा पनि सञ्चालक समितिका पदाधिकारीहरूलाई सुरक्षाको पूर्ण अनुभूति गराई मार्गदर्शन समेत हुनु आवश्यक छ ।


**उपसंहारः** यसमा उल्लेख गरिएका महत्वपूर्ण कागजात र सन्दर्भ सामग्रीका अतिरिक्त अझै प्राप्त नहोला भन्न सकिदैन । यस नेपाली मन्दिर र धर्मशालालाई सन् १९८५ र १९८७ मा Archaeological Survey of India ले राष्ट्रिय महत्वको स्मारक घोषित गरी संरक्षण गर्न चाहेको र सहमतिको लागि नेपाल सरकारको परराष्ट्र मन्त्रालय मार्फत् जानकारी हुन आएको पत्र अति महत्वपूर्ण भए पनि संलग्न गर्न सकिएको छैन । खोजी कार्य जारी नै छ । यस्तै गरी अन्य महत्वपूर्ण कागज-पत्रहरू उपलब्ध भएमा प्रकाशित गरिने छ । यस्ता खोजी कार्य गरी प्रकाशमा ल्याउन सके नेपालको गौरवको रूपमा रहेको यस सम्पदाको संरक्षण, सम्वर्द्धन कार्यमा टेवा पुग्ने विश्वास गरेको छु ।

**सन्दर्भ सामाग्री**



१. आचार्य, बाबुराम– अब यस्तो कहिल्यै नहोस्
२. नेपाली, चितरञ्जन– जनरल भीमसेन थापा र तत्कालीन नेपाल, प्रकाशक रत्न पुस्तक भण्डार, काठमाडौं (प्र.सं. २०१३, ते.सं.२०३५)
३. नेपाली, चितरञ्जन– श्री ५ रणबहादुर शाह, प्रकाशक रत्नपुस्तक भण्डार, काठमाण्डौ (प्र.सं. २०२०)
४. प्रसाईं, नरेन्द्रराज– प्रथम नारी स्रष्टा ललित त्रिपुर सुन्दरी, प्रकाशक– नई प्रकाशन, काठमाण्डौ (वि.सं. २०६४)
५. पौड्याल दामोदर, समाज र राष्ट्रको उत्थानमा गुठीको भूमिका प्रकाशक, नेपाल राजकीय प्रज्ञा-प्रतिष्ठान, (वि.सं. २०४४)
६. रेग्मी, जगदीश चन्द्र– शाहकालीन कला र वास्तुकला प्रकाशक– साझा प्रकाशन (वि.सं. २०३३)
८. शर्मा, बालचन्द्र- नेपालको ऐतिहासिक रूपरेखा, कृष्ण कुमारी देवी वाराणसी- १, चतुर्थ संस्करण वि.सं. २०३३
८. जरनल तथा पत्रपत्रिकाहरू

१. प्राचीन नेपाल– संख्या १०१, भदौ-असोज वि.सं. २०४४
२. प्राचीन नेपाल– संख्या १४७, असार वि.सं. २०५८
३. प्राचीन नेपाल– संख्या १५१, कार्तिक वि.सं. २०५९
४. उदय (नेपाली साहित्य संकलन), वर्ष- ७१, पूर्णाङ्क १३० (वाराणसी), सम्पादक- दुर्गाप्रसाद श्रेष्ठ
५. एकता (नेपाल विद्यार्थी संघ विदेश क्षेत्र वाराणसीको मुखपत्र), वर्ष- २८, अंक- ६, आश्विन वि.सं. २०६३
६. श्री साप्ताहिकहरू रूद्राभिषेक कार्यक्रम सहयोग समिति, नेपालद्वारा प्रकाशित कैलेण्डरहरू
७. महालेखा परीक्षकको प्रतिवेदन २०४१, भाग- १
८. A Road Guide to VARANASI
TTK HEALTH CARE LIMITED,
Printing Division
328, G.S.T. Road, Chromepet,
Chennai- 600044





सन् १८८३-८४ मा नापी गरि तयार गरिएको बनारस शहरको नक्सा- (क)



सन् १८८३-८४ मा नापी गरि तयार गरिएको बनारस शहरको नक्सा- (ख)



पूर्व काशी नरेश डा. विभूति नारायण सिंह द्वारा नेपालको राजा वीरेन्द्रलाई लेखेको पत्र

Fort, Ramnagar
Varanasi 221008

30 November 1992

Your Majesty

When late His Majesty came to Benares I showed him the ghats while taking him down the river. I showed the Nepali Ghat to His Majesty and suggested to him that is should be taken over by the Government of Nepal and turned into a Nepalese Cultural and Information Centre. His Majesty appreciated the idea and assured me that steps would be taken in that direction. Unfortunately nothing has been done and the property is falling into ruins owing to neglect.

When Sri G. P. Koirala, the Prime Minister, came to Benares last year and had lunch at the Fort, I talked to him about the property on the Ghat. He said he would take up the matter but probably owing to his many preoccupations he has forgotten about it. I am enclosing a copy of a write-up in the "Aaj" a leading newspaper of Varanasi, highlighting the gradual destruction of the beautiful wood carvings on the premises. May I request Your Majesty to take a personal interest in the matter and turn this property into a decent Cultural and Information Centre. This will add to the beauty of the river bank.

With warmest regards,
Yours sincerely,
Sd..................................
(Vibhuti Narayan Singh)

His Majesty
King Birendra Bir Bikram Shah Dev
The Royal Palace
Kathmandu
(Note:- typed true copy)

पूर्व कोशी नरेश डा. विभूति नारायण सिंह द्वारा नेपालको तत्कालीन प्रधानमन्त्री गिरिजाप्रसाद कोइरालालाई लेखेको पत्र

Fort, Ramnagar
Varanasi 221008

18 August 2000

My dear Sri Koiralaji,


I was very happy to meet the two Government officials sent by your Excellency who came to report about Nepalese Temple in Varanasi which is being renovated by His Majesty. I have suggested that a Nepal Information Centre like the British Council and the American Centre be opened here by the Crown Prince. I have also suggested that the His Majesty's Government do something for the gold covering of the domes of the Kashi Visvanath Temple.

Kindly convey my best regards to His Majesty.


With all good wishes,
Yours sincerely,
Sd................................
(Vibhuti Narayan Singh)

His Excellency
Sri G. P. Koirala
Prime Minister of Nepal
Prime Minister's House
Kathmandu
Nepal

(Note:- typed true copy)



(सन् १८८३-८४ मा नापी गरिएको वनारस शहरको फिल्ड बूक उतार)



उर्दू भाषामा लेखिएको फिल्डबूक उतारको लिप्यान्तर । क्र.सं. ८५५३ र ८५५५ मा नेपाली मन्दिर र धर्मशाला क्षेत्र उल्लेख छ ।

# बर्दियाको ठाकुरद्वारा मन्दिरस्थित विष्णुविश्वरूप मूर्तिको एक अध्ययन

रामबहादुर कुँवर

**अवस्थितिः**

बर्दिया जिल्लाको ठाकुरद्वारा गा.वि.स.को वडा नं.६ मा वि.सं. २०३७ सालमा बनेको शिखर शैलीको मन्दिर छ । यो मन्दिरलाई ठाकुरको मन्दिर भनेर चिनिन्छ । यसै मन्दिरको नामबाट गा.वि.स.को नाम ठाकुरद्वारा राखिएको हो । बर्दिया राष्ट्रिय निकुञ्जको नजिकै रहेको यो मन्दिरमा पुग्न पूर्व पश्चिम राजमार्गको अम्बौनी भन्ने ठाउँबाट करिब १० कि.मि. कच्ची बाटो रहेको छ । यो मन्दिर क्षेत्र वरिपरि बजारको पनि विकास भइसकेको छ ।

**मन्दिरको गर्भगृहमा भएको विष्णु विश्वरूपको मूर्ति**

मन्दिरको मूल गर्भगृहमा ढुङ्गाको करिब ३ फिट उचाईको मूर्ति रहेको छ । (फोटो १) स्थानक मुद्रामा भएको यो मूर्ति विष्णु विश्वरुपको मूर्ति हो । मूर्तिमा आठवटा हातहरू छन् । हातमा विभिन्न आयुधहरू लिएतापनि दाहिने हातमा लिएको गदा र बाया हातमा लिएको खेटक मात्र पहिचान गर्न सकिन्छ । मूर्तिको शिरमा मुकुट छ । मुकुट पूर्ण रुपमा खिई सकेको छ । छातीमा भएका मालाहरू पनि स्पष्ट रुपमा देखिदैनन् । धोतिको पट्टा र लामो कपडाको पट्टा जाँघ र घुँडानिर स्पष्ट रुपमा देख्न सकिन्छ । तल्लो भागमा विष्णुका दायाँ बायाँ खुट्टाहरू नाग पुरुषद्वारा समातिएको छ । दायाँतिरको नागको तल्लो भाग सर्पाकार स्वरूपमा छ र हातले स्पष्ट रुपमा विष्णुको पाउ समातेको देखाइएको छ । शिर सर्पयुक्त बनाई फणको स्वरुपमा देखाइएको छ । बायाँतिरको सर्प पुरुषको तल्लो भाग सर्प आकारमा प्रस्तुत गरिएको छ । यसले पनि विष्णुको पाउ समातेको छ । यसको माथिल्लो भाग मानव स्वरुपमा देखाइएको छ । दुवै मूर्तिहरूको तल्लो भागका सर्पाकार स्वरुप तल्लो भागमा ल्याएर जोडिएको छ । दुवै मूर्तिहरू पूर्ण रुपमा खिई सकेकोले धेरै कुराहरू स्पष्ट हुदैनन् । विष्णुको दुवै खुट्टाको बीचमा सानो खिई सकेको मूर्ति छ । सम्भवत यो पृथ्वीको मूर्ति हो । विष्णुका दुवै खुट्टा यसै मूर्तिको काँधमा राखेको देखिन्छ । मूर्ति फलकको तल्लो भागको दुवै कुना नमस्कार मुद्रामा बसेका मूर्तिहरू छन् । यी मूर्तिहरू खिई सकेको हुँदा धेरै कुरा स्पष्ट नहुने हुनाले त्यो कुन देवताका हुन् भनेर चिनिने अवस्था देखिँदैन । विष्णुको मूर्तिको दायाँतिर सानो मूर्ति देखिन्छ । यो मूर्ति मूर्तिविज्ञानका आधारमा पार्वतीको हो भनेर भन्न सकिए तापनि मूर्ति धेरै जीर्ण भइसकेको हुनाले धेरै कुराहरू स्पष्ट रुपमा भन्न सकिने आधारहरू छैनन् । पार्वतीको दायाँतिर मूर्तिको आभास दिने खालको आकृति मात्र देखिन्छ । संभवतः यो मूर्ति अर्जुनको हुन सक्छ । मूर्तिको बायाँतिर २ वटा मूर्तिका स्वरुपहरू देखिन्छन् । ती मध्ये एउटा मूर्ति गरुडको हो । गरुडको मूर्ति नमस्कार मुद्रामा भएजस्तो देखिन्छ । गरुडको बायाँतिरको मूर्ति के को हो स्पष्ट रुपमा भन्न



(फोटो नं. १)

सकिँदैन । मूर्तिको शिर माथि क्रमशः साना-साना २ वटा मूर्तिहरू छन् । ती मध्ये विष्णुको शिर माथिको मूर्तिलाई ब्रह्माको हुनसक्ने अनुमान गर्न सकिन्छ । मूर्तिको काँधदेखि माथिको भाग र शिर वरिपरि साना-साना सयौंको संख्यामा मूर्तिहरू देखिन्छन् । तर मूर्तिहरू सबै खिई सकेकोले कुन देवताका मूर्तिहरू हुन् भन्ने अवस्था छैन । समष्टिगत रुपमा मूर्तिको अध्ययन गर्दा कलाकारिता र ऐतिहासिकताको दृष्टिकोणले नेपालकै एउटा महत्वपूर्ण मूर्ति मान्न सकिन्छ ।

**मूर्तिलाई विष्णु विश्वरूपको भन्न सकिने आधारहरू:**

विष्णुका विभिन्न स्वरुपका मूर्तिहरू मध्ये विश्वरूपको मूर्ति पनि एक हो । विष्णु विश्वरूपका मूर्तिहरूको चर्चा विभिन्न किसिमका मूर्ति विज्ञानका ग्रन्थहरूमा उल्लेख पाइन्छ । रुपमण्डन, विष्णुधर्मोत्तर पुराण र अग्नि पुराणहरूमा विष्णुको विश्वरूपको मूर्ति यस्तो किसिमको हुनुपर्छ भनेर विस्तृत रुपमा व्याख्या गरिएको पाइन्छ । ठाकुरद्वारास्थित मन्दिरको गर्भगृहमा भएको विश्वरूपको यस मूर्तिमा विभिन्न ग्रन्थहरूमा लेखिएका विवरण हूवहू नमिल्ने भए तापनि यस मूर्तिका केही लक्षणहरू जस्तै स्थानक मुद्रामा हुनु, खट्टाहरूको दायाँबायाँ नागहरू हुनु, नागहरूले खुट्टाहरूलाई समातेको देखाइनु, विष्णुको दुवै खुट्टाहरूको मध्येभागमा स्त्री मूर्ति हुनु, विष्णुका दुवै खुट्टाहरू स्त्री मूर्तिको काँधमा हुनु, विष्णुको दायाँ लक्ष्मी र वायाँ गरुडलाई देखाउनु, विष्णुको शिरको माथि ब्रह्माको मूर्ति हुनु र विष्णुको काँधको माथि र शिर वरिपरि विभिन्न किसिमको सयौं संख्यामा मूर्तिका आकृतिहरू हुनाले यो मूर्ति विष्णु विश्वरूपको मूर्ति हो भन्ने कुरा स्पष्ट हुन्छ । यो मूर्तिको प्रतिमा लक्षणहरू नेपालमा पाइने विष्णु विश्वरूपका मूर्तिहरू भन्दा धेरै फरक देखिन्छन् । जस्तै नेपालको सबभन्दा महत्वपूर्ण विश्वरूप विष्णुको मूर्ति चाँगुनारायण स्थानको हो । यस मूर्तिमा विष्णुका १० शिर र २० हातहरू छन् जुन ठाकुरद्वाराको मूर्तिमा पाइँदैन । तर अन्य कुराहरू केही न केही रुपमा समानता देख्न सकिन्छ ।

यो मूर्ति विश्वरूप विष्णु कै हो भन्ने महत्वपूर्ण आधार भारतको कन्नौज स्थित विष्णु विश्वरुप को मूर्ति हो । कन्नौज स्थित मूर्ति र यस मूर्तिमा धेरै किसिमका समानताहरू पाइन्छन् । हुनत कन्नौजको यो मूर्ति पनि मूर्तिविज्ञानका ग्रन्थहरूमा उल्लेख गरेका लक्षणहरू भन्दा फरक देखिन्छ । ठाकुरद्वारा स्थित विष्णु विश्वरुपको र कन्नौजको मूर्तिमा निम्नलिखित समानताहरू पाइन्छन् । मूर्तिको पाउको दायाँवायाँ नागका मूर्तिहरू हुनु नागले खुट्टाहरू समाउनु, विष्णुको दुवै खुट्टाको मध्यभागमा नारी मूर्ति हुनु, मूर्ति फलकको तल्लो दुवै किनारमा मूर्तिहरू हुनु, विष्णुको दायाँवायाँ दुई-दुई वटा मूर्तिहरू हुनु, जसमध्ये एउटा गरुडको र अर्को लक्ष्मीको हुनु, मूर्तिको घुँडानेर र जाँघनेरको कपडाको पट्टाको स्वरूप एउटै हुनु, दाहिने हातमध्ये एउटा हातले गदालिएको हुनु, वायाँहातको सबभन्दा माथिल्लो भागमा खेटक हुनु, आठ हातमध्ये दायाँ एउटा हात र वायाँ एउट हात दायाँ-वायाँ लामो दुरीमा हुनु, वायाँ हातको तल्लो भागको अवस्था मिल्नु, मूर्तिको उभिएको अवस्था एउटै हुनु, शिरको मुकुट एउटै खाले हुनु र मूर्तिको काँधको दायाँवायाँ र शिर वरिपरि विभिन्न किसिमका मूर्तिहरू बनाइनु । यी विभिन्न समानताको आधारमा ठाकुरद्वारास्थित यो मूर्ति विष्णु विश्वरूपको मूर्ति हो भनेर किटान साथ भन्न सकिन्छ । मूर्तिहरूमा धेरै समानता देखिए तापनि कन्नौजको मूर्तिमा धेरै अलङ्करणहरू पाइन्छन्

र ढङ्ग पनि फरक देखिन्छ ।

**मूर्तिसँग सम्बन्धित किंवदन्तीहरू**

विष्णुको विश्वरूपको यो मूर्तिलाई स्थानीय वासिन्दाहरूले ठाकुर भनेर चिन्ने गर्दछन् । ठाकुर भन्ने बंगाली शब्द हो । यसको अर्थ पूजनीय देवता भनेर चिनिन्छ । तसर्थ स्थानीय भाषामा देवतालाई बुझाउने अर्थमा यसको नामाकरण गरिएको हुन सक्छ । मूर्तिको उत्पत्तिको सम्बन्धमा प्रचलित जनश्रुती अनुसार महाभारतकालमा कृष्ण, बालगोपालको अवस्थामा भएको बखत यस मूर्तिको प्रतिस्थापना गरिएको र पछि गाई हेर्ने ग्वालाले हँसियामा धार लाउँदा उक्त प्रस्तर मूर्तिबाट रगत निक्लियो । उक्त कुरा स्थानीय जनताले थाहा पाई सकेपछि उक्त ठाउमा खनी हेर्दा मूर्ति फेला पारे । सो मूर्तिलाई बाहिर झिकी मन्दिर निमांण गरी पूजा र विधि विधान पुऱ्याई स्थापना गरिएको भन्ने विश्वास गरिन्छ । देव मूर्तिहरूको उत्पत्तिको सम्बन्धमा यस्तै किसिमका किंवदन्तीहरू पाइने हुनाले यस ठाउँको मूर्तिको सम्बन्धमा पनि यस किसिमको किंवदन्तीहरू पाइनुलाई स्वभाविक रूपमा लिन सकिन्छ ।

**मूर्तिको प्राचीनता**

मूर्तिको कलापक्ष र मूर्तिको वर्तमान स्वरूपको अध्ययन गर्दा यो मूर्तिको समय १२औं १३औं शताब्दी मान्न सकिन्छ । यो मूर्तिमा कुनै न कुनै रूपमा पाल सेन कलाको प्रभाव पाइन्छ । यस हिसाबले पनि यस मूर्तिको सयम किटान गर्न सजिलो भएको छ । यो मूर्तिको सम्बन्धमा प्रचलित किंवदन्तीले पनि यसलाई जमिन मुनिबाट खनी निकालिएको भन्ने गरेको पाइन्छ र करिब ४० वर्ष पूर्व यस ठाउँमा सानो खरको छाना भएको मन्दिर भएको विवरण पाइने हुनाले यो मूर्तिको अन्तैबाट ल्याएर यस ठाउँमा स्थापना गरिएको कुरा स्पष्ट गर्नुका साथै कुनै ठाउँमा मन्दिर भत्किएर मूर्ति जमिन मुनी रहेको कुरा समेतलाई संकेत गर्दछ । साथै यो मूर्ति मध्यकालीन कुनै विकसित शहरमा रहेको कुरासमेत अनुमान पनि गर्न सकिन्छ ।

**मूर्तिको वर्तमान अवस्था**

ऐतिहासिक, सांस्कृतिक, धार्मिक र पुरातात्विक महत्वको विश्वरूप विष्णुको यो मूर्तिको वर्तमान स्वरूप जीर्ण रहेको छ । मूर्तिफलकमा भएका धेरै मूर्तिहरू खिई सकेका छन् । जसको पहिचान सम्भव देखिँदैन । मूर्तिहरू ठाउँ-ठाउँबाट चोइटाहरू उप्किएका छन् । जसले मूर्तिलाई अझ अस्पष्ट बनाएको छ । भक्तहरूले निरन्तर अबिर छर्नु, पानीले पखाल्नु नै यस मूर्तिलाई जीर्ण बनाउने महत्वपूर्ण कारणहरू हुन् । यस मूर्तिको नयाँ मूर्ति बनाई पूरा सञ्चालन गर्ने र अर्कोलाई संरक्षण गरी सुरक्षित राख्न सकिएमा मात्र मूर्ति सुरक्षित राख्न सकिन्छ ।

**साभारः** सविता न्यौपाने
(फोटो र विवरण संकलनका लागि)

**सन्दर्भ ग्रन्थहरू**

Pal Pratapaditya: ***Vaisnava Iconography in Nepal***, The Asiatic society Calcutta, 1985

Rao T.A. Gopinatha : ***Elements of Hindu Iconography;*** vol I, II, A venture of low price publication Delhi, 1999

Banerjee J.N. ***The Development of Hindu Iconography;*** Munsiram Manoharlal publishers, 1985

यादव, रुदल प्रसाद; ***प्राचीन भारतीय प्रतिमाशास्त्र,*** नगिना प्रकाशन, वाराणसी,

श्रीवास्तव बृजभूषण; ***प्राचीन भारतीय प्रतिमा विज्ञान एवं मूर्तिकला,*** शिक्षा प्रकाशन केन्द्र, वाराणसी, १९८१

# पुरातत्व विभागको गतिविधि आ.व. ०६३/०६४

**श्याम सुन्दर राजवंशी**
**सविता न्यौपाने**

नेपाल अधिराज्यभरि छरिएर रहेको मूर्त एवं अमूर्त सम्पदाहरूको खोज एवं अनुसन्धान गरी तिनको महत्व र भौतिक अवस्थाको आधारमा संरक्षण तथा सम्वर्द्धन गर्ने कानूनी दायित्व यस विभागले लिए अनुरूप आफ्नो स्थापना कालदेखिनै तिनको जर्गेना गर्ने कार्य गर्दै आएको छ । हाम्रा पूर्वजद्वारा सिर्जिएका यी सम्पदाहरूको अस्तित्व संरक्षण गरी भावी सन्ततिका लागि हस्तान्तरण गर्नु आजको आवश्यकता हो । यसका माध्यमबाट विगतका शीप र जाँगर लोकका साम् उजागर गरी भविष्यलाई मार्ग दर्शन गराउनतर्फ प्रशस्त हुनेछ । यस कार्यलाई विभागले महत्वपूर्ण भूमिकाको रुपमा निर्वाह गर्न विगत केही वर्षदेखि वार्षिक कार्यक्रममा समावेश गरी सञ्चालन गर्दै आएको छ । सम्पदाहरूको मर्मत सम्भार एवं जीर्णोद्धार कार्यमा जनसहभागिता वृद्धि गर्दै जनमुखी बनाउने लक्ष्य अनुरुप राष्ट्रभित्रका विभिन्न स्थानका सम्पदा संरक्षण एवं सम्वर्द्धन गर्ने कार्यहरू भैरहेको छ । यस कार्यबाट जनउत्तरदायित्व वृद्धि हुनका साथसाथै सम्पदा संरक्षण गर्ने कार्य विशेष चासोको विषय भएको छ । राष्ट्रभरिका सम्पदा सूचीकरण एवं वर्गीकरण गर्ने उद्देश्य अनुरूप आगामी वर्षदेखि यस्तो कार्यक्रम सञ्चालन गर्ने प्रस्ताव तैयारी भैसकेको छ । प्रस्तावित प्रस्ताव बमोजिम सम्पदाहरूको सूचीकरण एवं वर्गीकरण गर्ने कार्य आगामी तीन वर्षभित्र सम्पन्न गरी स्थानीयस्तरका सम्पदाहरूको जीर्णोद्धार मर्मत एवं सम्भार गर्ने काम स्थानीय निकाय मार्फत गर्न गराउन कानूनी स्वरूपसमेत निर्धारण गर्ने लक्ष्य लिएको छ । उक्त लक्ष्यलाई उपलब्धिमूलक बनाउनलाई चालु आ.व.मा जीर्णोद्धारसम्बन्धी प्राचीन स्मारक संरक्षण सम्बन्धी कार्यविधि २०६४ तयार गरी प्रकाशनसमेत गरी सकिएको छ । जीर्णोद्धार कार्यलाई प्रभावकारी तुल्याउन यो निर्देशिकालगायत सम्पदा जीर्णोद्धार सम्बन्धी जनचेतना अभिवृद्धिका लागि अभिमुखीकरण कार्यक्रम विगत तीन वर्षदेखि सञ्चालनमा रहेको छ ।

राष्ट्रिय सम्पदाहरूको बृहद संरक्षण संवर्द्धन कार्यका लागि यस विभागलाई प्राप्त हुने न्यून आर्थिक सुविधाबाट सम्पन्न गर्न अप्ठेरो परिस्थिति रहेको छ । विभागको दायित्व र कार्यक्षेत्रलाई हृदयङ्गम गरी यसले गर्नुपर्ने कार्यक्रमहरूलाई प्राथमिकताका साथ अग्रगामी शोच एवं क्रियाकलापहरू सञ्चालन गर्नुपर्ने देखिन्छ । अपितु यस विभागले आशा गरेभन्दा बढी प्रतिफल जनसमक्ष पुऱ्याउन सफलता हासिल गरेको छ ।

विभागले पचहत्तरै जिल्लामा रहेका स्मारकहरूका पुरातात्विक तथा ऐतिहासिक स्थलहरू खोज तथा अनुसन्धान एवं संरक्षण र सम्वर्द्धन लगायत विश्व सम्पदा क्षेत्रको सुव्यवस्था र क्षेत्रीय संग्रहालयहरू, राष्ट्रिय अभिलेखालय तथा सांस्कृतिक सम्पदा संरक्षण प्रयोगशाला विकासका लागि आवश्यक व्यवस्था गरिएको छ ।

| आ.व. | राष्ट्रिय विकास बजेट रु. हजारमा | पुरातत्व विभागको विकास बजेट रु. हजारमा | बजेटमा पुरातत्व विभागको विकास बजेट अनुपात |
|---|---|---|---|
| २०६२।६३ | ३९७१०३५८ | ४७४०० | .००५ |
| २०६३।६४ | ६४२७६९५८ | ४५६५८ | .००७ |
| २०६४।६५ | ५५२६१६८२ | ५१३४० | .००९ |

विभागबाट सञ्चालित विभिन्न विकास आयोजना परियोजनाहरू मार्फत प्रत्येक वर्ष विनियोजित गरेको रकमबाट विभिन्न जिल्लाहरूमा गरिएका सम्वर्द्धन, संरक्षण, उत्खनन् तथा विकासका कामहरूबारे सबैमा जानकारी गराउन यस विभागले आफ्नो मुखपत्र प्राचीन नेपालमा एक आर्थिक वर्षभित्र भए गरेका कामहरूको विवरण प्रकाशन गर्दै लैजाने नीति अनुरूप यस अंकमा आर्थिक वर्ष २०६३।०६४ को विकास कार्य प्रगतिको संक्षिप्त विवरण निम्न बमोजिम प्रस्तुत गरिएको छ।

**पुरातात्विक स्थल संरक्षण तथा सुधार आयोजना**

यस आयोजना अन्तर्गत पूर्व मेचीदेखि पश्चिम महाकालीसम्मका स्मारकहरूको सूचीकरण, तिनको संरक्षण सम्वर्द्धन गरी ऐतिहासिक एवं पुरातात्विक महत्वलाई जगेंना गर्नु लगायत पुरातात्विक स्थलको खोज अनुसन्धान एवं उत्खनन् प्रतिवेदन तयार गर्ने कार्यहरू पर्दछन्। कार्यक्षेत्रको व्यापकतालाई दृष्टिगत गर्दा उल्लेखित कार्यहरूका लागि बजेट न्यून रहेको छ। हालसम्म गरिएका अनुसन्धानबाट प्राप्त विवरणहरूका आधारमा सूचीकरण भैसकेका राष्ट्रका सम्पदाहरूको बाहुल्यता ल्याई मध्यनजर गर्दा उपलब्ध बजेटलाई अधिकतम सदुपयोग गरी प्रतिफल प्राप्त गर्न सम्पदाहरूप्रति जनचासो अभिवृद्धि गर्न जनसहभागितामूलक कार्यक्रमहरू सञ्चालन गर्नमा विशेष प्रयासहरू भइरहेको छ। फलस्वरूप यस क्षेत्रमा केही वर्षदेखि विभिन्न निकायहरू महानगरपालिका, नगरपालिका, वडा कार्यालय स्थानीय निकायहरू, निजी गुठी एवं सरोकारवालाहरूबाट पनि उल्लेखनीय लगानी हुन थालेको छ। यस प्रकारको संलग्नताले सम्पदाको संरक्षण कार्यमा महत्वपूर्ण सहयोग हुने विश्वास गरिन्छ।

**पुरातात्विक स्थल संरक्षण तथा सुधार आयोजना**

**पूर्वाञ्चल**

| क्र.सं. | कार्य विवरण | वार्षिक बजेट रु. हजारमा | कैफियत |
|---|---|---|---|
| (क) | मन्दिरतर्फ | | |
| १. | धनकुटा मारेकटारेस्थित धर्मदेव मन्दिर जीर्णोद्धार | १०० | अनुदान |
| २. | निशानथान भगवती मन्दिर प्राङ्गणमा ढुंगा छाप्ने कार्य। | १०० | अनुदान |
| ३. | वराह क्षेत्रको प्राचीन पूर्वतर्फको पर्खाल मर्मत | २०० | |
| (ख) | संग्रहालय विकास | | |
| १ | धनकुटा संग्रहालय भवन विस्तार कार्य पूरा गर्ने | २००० | |
| २ | सामग्री संकलन गर्ने (सतार, ताजपुरिया, धिमाल) जाति | ७५ | |

**मध्यमाञ्चल**

| क | मन्दिर तथा सत्तल जीर्णोद्धारतर्फ | | |
|---|---|---|---|
| १. | दोलखास्थित वैतेश्वर महादेव मन्दिर जीर्णोद्धार | १०० | अनुदान |
| २. | पनौती स्थित नरसिंह मठ पछाडिको महादेव मन्दिर जीर्णोद्धार | १५० | |
| ३. | नुवाकोट स्थित महिषमर्दिनी मन्दिर जीर्णोद्धार | ३५० | |

| | | | |
|---|---|---|---|
| ४. | जनकपुरस्थित राजदेवी मन्दिर जीर्णोद्धार | २०० | अनुदान |
| ५. | नाला उग्रचण्डी भगवती मन्दिरस्थित पाटी जीर्णोद्धार | ७०० | |
| ६. | चित्लाङ शिव मन्दिर संरक्षण कार्य | ३०० | |
| ७. | मनमैजु संरक्षण कार्य | १५० | अनुदान |
| ८. | भक्तपुरस्थित चण्डी भगवती द्योछें जीर्णोद्धार | ४५० | अनुदान |
| ९. | खोक्सार उत्खननबाट प्राप्त भएको संरचनाको संरक्षण गर्ने | १०० | |
| १०. | लिच्छविकालीन तथा मल्लकालीन छरिएर रहेका अभिलेख तथा मूर्तिहरू संरक्षण गर्ने | १०० | |
| ११. | कटुन्जे पाण्डु बजार स्थित ढुंगेधारा जीर्णोद्धार | १५० | |
| १२. | कीर्तिपुर सागलटोलस्थित १६ खुट्टे पाटी जीर्णोद्धार | १४५० | |
| १३. | काभ्रेस्थित खरदार पाटीको छाना जीर्णोद्धार | ८०० | |
| १४. | टेकु पचलीस्थित मूल बाटोमा अवस्थित पाटी जीर्णोद्धार | ३०० | |
| १५. | रामेछाप कपिलेश्वर महादेव मन्दिर जीर्णोद्धार | १०० | अनुदान |
| १६. | बुङ्गमतीस्थित प्रथमपुर महाविहारको पूर्वीलङ्ग जीर्णोद्धार | १९०० | |
| १७. | भृङ्गारेश्वर महादेब मन्दिरको प्राङ्गणमा तेलिया ईटा छाप्ने | १००० | |
| १८. | दधिकोटस्थित विश्व रुपेश्वर महादेव मन्दिर जीर्णोद्धार | १५० | अनुदान |
| १९. | रामेछाप ढिकुरीस्थित सेतीदेवी मन्दिर जीर्णोद्धार | ५० | अनुदान |
| २०. | राष्ट्रभरिका पुरातात्विक स्थल तथा सम्पदाहरूलाई नेपालको नक्सामा अंकित गर्ने र संक्षिप्त विवरण तयार गर्ने | ५०० | |
| २१ | चाँगुनारायणस्थित गरुड मूर्तिको पछाडि रहेको पताह बनाइ जडान गर्ने | १०० | |
| २२. | चोभारस्थित पाटी जीर्णोद्धार | २०० | अनुदान |
| २३. | पाटन चपट गणेश मन्दिर जीर्णोद्धार | २०० | |
| २४. | काठमाडौं जिल्लाभित्र ५ वटा गा.वि.स.को लगत लिन बाँकी भएका लगत लिने र प्रकाशन गर्ने | १५० | |
| २५. | ज्योतिर्लिङ्गेश्वर (भ.पु.) घाटपाटी जीर्णोद्धार | ३०० | अनुदान |
| २६ | अनन्तेश्वर महादेव जीर्णोद्धार, पवटी ९ | २५ | अनुदान |
| २७. | दोलखा पवटीस्थित हिरण्येश्वर महादेव मन्दिर र धारो जीर्णोद्धार | ३०० | अनुदान |
| २८. | पटुक्वस्थित हरिशङ्कर मन्दिरको रसायनिक संरक्षण गर्नेकार्य | ५० | |
| २९. | पाटन सुन्धारास्थित उमामहेश्वर मन्दिरको रसायनिक संरक्षण गर्ने कार्य | ५० | |
| ३०. | सैंबुस्थित गणेश लक्ष्मी मन्दिर परिसरको पोखरी र मूर्ति संरक्षण कार्य | ५० | कार्यक्रम संशोधन अनुदान |
| ३१. | धर्मस्थलीस्थित शिव मन्दिर संरक्षण | ३०० | |
| ३२. | खोक्सारस्थित पुरातात्विक अन्वेपण सुरक्षाकालागि ग्याबिङवाल लगाउने । | २५० | अनुदान |
| ३३. | धादिङस्थित पौवाघर संरक्षण गर्ने | २०० | |
| ३४. | पाटन र भक्तपुरस्थित ढुङ्गेधाराहरूको आलेख तयार गर्ने | १०० | |
| ३५. | उल्लेखित क्षेत्रहरूको धाराहरूको डकुमेन्ट्री तयार गर्ने । | १०० | |
| ३६ | सन्तानेश्वर महादेव मन्दिरको विस्तृत विवरण तयार गर्ने । | १०० | |

| | | | |
|---|---|---|---|
| ३७ | पालुङ क्षेत्रका सम्पदाहरूको विवरण तयार गर्ने । | ५० | |
| ३८. | भक्तपुर दिव्येश्वरीस्थित मन्दिरको विस्तृत अध्ययन तयार गर्ने | ३० | |
| ३९ | भोजपुर स्थित सिद्धकाली मन्दिरको पाटी जीर्णोद्धार | २५० | अनुदान |
| ४० | थिमी दक्षिणवाराहीस्थित पार्टी संरक्षण, भक्तपुर | ३०० | |
| ४१. | महापाल उमा महेश्वर भूगोल परिसरको संरक्षण तथा मूलचोक धमिरा र मूर्तिहरूको रसायन संरक्षण गर्ने | १६८ | |

**संग्रहालय तथा अभिलेखालय विकास**

| | | | |
|---|---|---|---|
| १. | **राष्ट्रिय संग्रहालय, छाउनी** | | |
| १.१ | राष्ट्रिय संग्रहालयको क्यान्टिन को लागि आवश्यक फर्निचर खरीद गर्ने | १५० | |
| १.२ | राष्ट्रिय संग्रहालयको पुरानो विद्युत अर्थिङ व्यवस्थित गर्ने | ६० | |
| १.३ | खानेपानी प्रयोजनको लागि यूरोगार्डको व्यवस्था | ४० | |
| १.४ | राष्ट्रिय संग्रहालयको विद्युत Inverter खरीद गर्ने | १०० | |
| १.५ | राष्ट्रिय संग्रहालयको शौचालय सुधार गर्ने | १५० | |
| १.६ | क्यान्टिन सेड निर्माण | २०० | |
| १.७ | जुद्धजातीय कलाशालाको भित्ता तथा सिलिङ्ग मर्मत | ७५ | |
| १.८ | बौद्धकलाशालाको छाना मर्मत | ७५ | |
| १.९ | रसायनिक उपचार खर्च | २५ | |
| १.१० | डिजिटल क्यामरा थान १ | ३५ | |
| १.११ | प्रतिकृति तयारीका लागि | १०० | |
| १.१२ | फायरएक्सिटिङ्गयूसर (ग्यास) खरिद गर्ने र चार्ज गर्ने | ५० | |
| १.१३ | संग्रहित तथा प्रदर्शित सामग्रीको फोटो सहितको विवरण पुस्तिका तयार गर्ने | १०० | |
| १.१४ | स्टोर प्रयोजनको लागि दराज तथा र्‍याक निर्माण तथा मर्मत सुधार गर्ने | १५० | |
| १.१५ | संग्रहालय कम्पाउण्ड भित्र रहेका छरिएर रहेका मूर्ति तथा अभिलेख संरक्षण | १०० | |
| १.१६ | बगैंचा व्यवस्थित गर्ने | ५० | |
| १.१७ | फिलाटेलिक शाखामा रहेका टिकटहरू व्यवस्थित गर्न एलबम खरीद गर्ने | १०० | |
| १.१८ | राष्ट्रिय संग्रहालयको ब्रोसियर छाप्ने । | १०० | |
| १.१९ | टेलिफोन विस्तार तथा दीपङ्कर बुद्धको कपडा मर्मत सुधार | ४० | |
| २ | **राष्ट्रिय कला संग्रहालय भक्तपुर** | | |
| २.१ | संग्रहित प्रदर्शित सामग्रीहरूको फोटोसहितको विवरण पुस्तिका प्रकाशन गर्ने (डकुमेण्टेशन) | १०० | |
| २.२ | जेनेरेटर खरिद गर्ने | १०० | |
| २.३ | डिजिटल क्यामरा खरिद गर्ने २ थान (पाटन स्मारक) | ७० | |
| २.४ | पुजारी मठमा भएका झ्याल तथा कलात्मक खम्बा र कौशी मर्मत | ५० | |
| २.५ | मालतीचोक स्थित प्रस्तर देवालय जीर्णोद्धार | ७२० | |
| २.६ | यापी भैरव मन्दिर जीर्णोद्धार, भक्तपुर | १०० | |

| | | | |
|---|---|---|---|
| ३. | **राष्ट्रिय अभिलेखालय** | | |
| ३.१ | राष्ट्रिय अभिलेखालयको पुस्तकालयमा रहेका पुस्तकहरूको क्याटलगिङ्ग र वाइन्डिङ | १०० | |
| ३.२ | वर्णानुक्रम (अकारादी) मिलाई सूचीलाई प्रकाशन गर्ने | १२५ | |
| ३.३ | अभिलेख राख्ने कोठाको सुधार गर्ने | ३०० | |
| ३.४ | शिलालेख उतार गर्ने | ५० | |
| ३.५ | हस्तलिखित ग्रन्थको तयारी सूचीलाइ कम्प्युटरमा प्रविष्ट गरी प्रिन्ट निकाल्ने | ५० | |
| ३.६ | अभिलेखालयको पूर्वतर्फ बाँकी रहेका नालीपाखा मर्मत | २०० | |
| ४. | **राष्ट्रिय मुद्रा सङ्ग्रहालय** | | |
| ४.१ | मुद्रा खरिदकार्य गर्ने मल्लकालीन, शाहकालीन | १०० | |
| ४.२ | शोकेश निर्माण काय गर्ने | १०० | |
| ४.३ | क्याप्सन तथा लेभलिङ्ग सुधार र सूचना वोर्ड तयार गर्ने | ८५ | |
| ४.४ | संग्रहित तथा प्रदर्शित सामग्रीको फोटो सहितको विवरण पुस्तिका तयार गर्ने | ५० | |
| ४.५ | विभागका पुस्तकालयको पुस्तकहरूको वाइन्डिङ, लेवलिङ | ४५ | |

**डकुमेन्टेशन तथा प्रकाशन**

| | | | |
|---|---|---|---|
| १. | थेचो, थैव, सुनाकोथी, चापागाउँ, लेले भेगका प्राचीन जलद्रोणीहरूको inventory तयार गर्ने । | १०० | |
| २. | थानकोट, वलम्बु, सतुंगल,मातातीर्थ क्षेत्रको प्राचीन मूर्ति एवं अभिलेखहरूको संरक्षणको लागि अभिलेख तयार पर्ने । | ५० | |
| ३. | तिलौराकोटको उत्खननबाट Antiquity को Index छाप्ने ५०० थान | १०० | |
| ४. | प्राचीन नेपाल (३ अंक) प्रकाशन गर्ने | | |
| ४.१ | (क) प्राचीन नेपाल अंक १६३ प्रकाशन गर्ने | ६० | |
| ४.२ | (ख) प्राचीन नेपाल अंक १६४ प्रकाशन गर्ने | ६० | |
| ४.३ | (ग) प्राचीन नेपाल अंक १६५ प्रकाशन गर्ने | ६० | |
| ५ | पुरातात्विक जीर्णोद्धार सम्वन्धी हाल सम्म भएका कार्यहरूको विवरणलाई Computer Record राख्ने | १०० | |
| ६. | प्राचीन स्मारक संरक्षण कार्यबिधि २०६४ छपाई गर्ने | १० | |

**उत्खनन्**

| | | | |
|---|---|---|---|
| १. | धनगढी क्षेत्रको उत्खनन् तथा संरक्षण गर्ने | ३०० | तराई अशान्तिको कारण कार्यक्रम सञ्चालन हुन नसकि कार्यक्रम संशोधन भएको |
| २. | खप्टे डाँडाको पुरातात्विक संरक्षण तथा कन्टुरम्याप तयार गर्ने | २१० | |

**फर्निचर खरीद तथा अन्य**

| | | | |
|---|---|---|---|
| १. | लमजुंग दरवारस्थित कार्यालयका लागि फर्निचर खरीद गर्ने | ३० | |

| | | | |
|---|---|---|---|
| २. | योजना शाखाको सुदृढीकरणको लागि फर्निचर, दराज, कम्प्युटर टेबुल र ऱ्याक खरीद गर्न | २२० | |
| ३. | कोठा सुधार (पर्दा कार्पेट तथा अन्य) | २० | |

**विभागीय तथा अर्न्तगत कार्यालय सुदृढीकरणका लागि**

| | | | |
|---|---|---|---|
| १. | फ्याक्स मेशिन १० थान | १०० | |
| २. | फोटोकपी मेशिन २ थान (xerox) | ४७५ | |
| ३. | पुरातत्व विभागको आन्तरिक व्यवस्थापन एवं क्यान्टिन मर्मत संभार | ७० | |
| ४. | ब्राण्डेड कम्प्यूटर प्रिण्टर सहित ४ थान | ३५० | |

**पश्चिमाञ्चल**

| | | | |
|---|---|---|---|
| (क) | **मन्दिर जीर्णोद्धारतर्फ** | | |
| १. | पाल्पास्थित अन्नपूर्ण महादेव मन्दिर जीर्णोद्धार | ८०० | |
| २. | मुस्ताङ्गस्थित माने पर्खाल संरक्षण कार्य पुरा गर्ने | ७०० | |
| ३. | कागवेनी छोर्तेन कडनी गुम्बाको चित्र संरक्षण (मुस्ताङ्ग) | ५० | अनुदान |
| ४. | कालिका मन्दिर संरक्षण, अर्लाङ्कोट, गुल्मी | १०० | |
| ५. | सिद्ध बाबा मन्दिर जीर्णोद्धार, गुल्मी | ५० | |
| ६. | तनहुँसुर मन्दिर संरक्षण, तनहुँ | ५० | |
| ७. | लमजुङ्ग दरबारको छाना जीर्णोद्धार गर्ने | २०० | |
| ८. | सर्वेश्वर महादेव मन्दिर तनहुँ | २५ | |
| ९. | गोरुजुरेमाई मन्दिर संरक्षण वातावरण संरक्षण, स्याङजा | २५ | |
| १०. | पूर्णेश्वर शिवालय मन्दिर, पर्वत | २५ | |
| ११. | पञ्चदेवलको विस्तृत अध्ययन, बैतडी | ५० | |
| १२. | बगैंचा गोडमेल तथा सुधार (गोरखा दरबार क्षेत्र) | ३७५ | |
| १३. | कीर्तिपुरस्थित चिलन्चोविहारको अध्ययन तथा गुरुयोजना तयार गर्ने | १०० | |
| १४. | क्यामिन स्थित कोटकी कालिका मन्दिर जीर्णोद्धार | १५० | अनुदान |
| १५. | नडखेलस्थित महादेवी मन्दिरको पर्खाल संरक्षण कार्य गर्ने | ३० | |
| १६. | चुनीखेलस्थित पाटीको बाँकी कार्य पुरा गर्ने | ७५ | |
| १७. | गाबहालस्थित जलद्रोणी संरक्षण ललितपुर | ५५ | |
| १८ | बगलामुखी मार्गको मध्यकालीन प्रवेशद्धार मर्मत | ५० | |
| १९ | दौघास्थित वाराही मन्दिर संरक्षण गुल्मी | ९५ | अनुदान |

| | | | |
|---|---|---|---|
| (ख) | **संग्रहालय विकास (पोखरा संग्रहालय)** | | |
| १ | सामग्री संकलन | १०० | स्वीकृत ल.ई. अनुसारको सामग्रीहरूको अप्राप्यताले शतप्रतिशत कार्य हुन नसकेको |
| २. | पुरानो भवन र नया भवनबीच आवतजावत गर्ने पैदल मार्ग निर्माण | १०० | |

| | | | |
|---|---|---|---|
| ग. | **उत्खनन्**<br>रामग्राम स्तुपको उत्खनन् तथा संरक्षण कार्य | ६०० | कार्यक्रम संशोधनमा परेको |

**मध्यपश्चिमाञ्चल**

| | | | |
|---|---|---|---|
| | **सुर्खेत संग्रहालय** | | |
| १. | सामग्री संकलन | १०० | नक्सा मात्र तयार भएको |
| २. | कांक्रेविहार संरचना शैलीको निरुपण गर्ने (काठमाण्डौमा गोष्ठी सहित) | ३०० | |

**सुदूर पश्चिमाञ्चल**

| | | | |
|---|---|---|---|
| | **मन्दिर जीर्णोद्धारतर्फ** | | |
| १. | दिपायलस्थित रानीपौवा जीर्णोद्धार | २०० | अनुदान |
| २. | दिपायलस्थित दिलिपेश्वर मन्दिरको छाना जीर्णोद्धार | १५० | अनुदान |

**अन्य कार्यक्रमहरू**

| | | | |
|---|---|---|---|
| १. | भित्तेपात्रो छपाई | १५० | |
| २. | जीर्णोद्धार कार्यको लागि फोटोग्राफी सामग्री खरिद गर्नका लागि | ३५० | |
| ३. | सालवसाली रसायन खरिद गर्नका लागि | २१५ | |
| ४. | आपतकालीन खर्च | ४०० | |
| | (अ) पूजीगत खर्च अन्तर्गतका कार्यकमहरूको | २६४१५ | |
| | (आ) चालुखर्च अन्तर्गतका कार्यक्रमहरू | | |
| १. | अभिमुखीकरण कार्यकम अर्न्तगत प्रति स्थानमा ३० जना प्राविधिक र गा.वि.स.का कर्मचारीलाई सम्पदा संरक्षण कार्यमा बोध गराउने । | | |
| | (क) पाटन क्षेत्रका ठैव, ठेचो, सुनाकोठी, चापागाउं र लेले | १७० | |
| | (ख) मुस्ताङ जिल्ला | ४३० | |
| २. | कम्प्यूटर तालीम दिने | ७५ | |
| २. | आयमूलक शैक्षिक कार्यक्रम सञ्चालन, राष्ट्रिय संग्रहालय छाउनी | १०० | |
| | (इ) चालु खर्चअर्न्तगतका कार्यक्रमहरू | ७७५ | |
| | पूंजीगत र चालु खर्चहरूको जम्मा (आ+इ) | २७१९० | |
| १. | प्रशासकीय खर्च | १२९५ | |
| | **कूल जम्मा** | २८४८५ | |

**विश्व सम्पदा संरक्षण कार्य**

विश्व सम्पदा संरक्षण कार्य विश्वव्यापी महत्वको अद्वितीय वास्तुकलाका वेजोड नमुनाहरू विश्वका साझा सम्पदाको रुपमा रहने युनेस्काको नीति अनुरूप हालसम्म नेपालको काठमाडौं उपत्यकाका विश्व सम्पदा क्षेत्रहरूमा चांगुनारायण क्षेत्र, वौद्धनाथ क्षेत्र, स्वयम्भू क्षेत्र, हनुमानढोका दरवार क्षेत्र, पाटन दरवार क्षेत्र, भक्तपुर दरवार क्षेत्र र पशुपतिनाथ क्षेत्र विश्व सम्पदा क्षेत्रमा समावेश छन् । त्यस्तै गरी लुम्बिनी क्षेत्र पनि सो सूचीमा समावेश भएको छ । यस्ता विश्व सम्पदा सूचीमा समावेश क्षेत्रको विशेष संरक्षण र व्यवस्थापनका लागि एक विशेष विश्व सम्पदा संरक्षण योजना सञ्चालन भई आएको

छ। यस आयोजना अन्तर्गत आ.व.०६३ र ०६४ मा विभिन्न कार्यहरू भएका थिए।

यस आयोजना अन्तर्गत काठमाडौं उपत्यका भित्रको विश्व सम्पदा सूचीमा परेका संरक्षित स्मारक क्षेत्र भित्र रहेका (चांगुनारायण क्षेत्र, बौद्धनाथ क्षेत्र, स्वयम्भू क्षेत्र, हनुमानढोका दरवार क्षेत्र, पाटन दरवार क्षेत्र, भक्तपुर दरवार क्षेत्र र पनौती क्षेत्रका) स्मारकहरूको संरक्षण संवर्द्धन तथा वातावरण सुधार कार्यहरू निम्नानुसार रहेका छन्।

| क्र.सं. | कार्य विवरण | वार्षिक वजेट रु. हजारमा | कैफियत |
|---|---|---|---|
| १. | सातवटै संरक्षित स्मारक क्षेत्रभित्रका परम्परागत घर भवनहरूको वर्गीकरणलाई पुनरावलोकन गर्ने | | |
| | क. वर्गीकरण अद्यावधिक गर्ने | १०० | |
| | ख. ३०० थान प्रकाशन गर्ने | १०० | |
| २. | स्वयम्भू र चाँगु संरक्षित स्मारक क्षेत्रको घरहरूको सडक मोहडाको नक्सा तयार गर्ने र नियमित घरहरूको Modification नक्सा तयार गर्ने | ११० | |
| ३. | स्वयम्भू, भक्तपुर, बौद्ध र पशुपति संरक्षित स्मारक क्षेत्रको परिधि संरक्षण निर्धारित मापदण्डको जानकारीमूलक साइनबोर्ड राख्ने (Hoarding Board) | १०० | |
| ४. | संरक्षित स्मारक क्षेत्रका Core / Buffer Zones को नक्सा तयार गर्ने | २५० | |
| ५. | काठमाडौं मखनटोल स्थित नारायण मन्दिर जीर्णोद्धार गर्ने | १२५० | |
| १. | **चाँगुनारायण** | | |
| १.१. | (क) पुजारी वस्ने सत्तल जीर्णोद्धार गर्ने | १५०० | |
| १.२. | (ख) नारायणहिटी संरक्षण गर्ने | ५०० | |
| १.३. | (ग) अनुशरण कार्य (झारपात उखेल्ने) | ४५ | |
| २. | **पाटन, ललितपुर** | | |
| २.१ | (क) नागवहालभित्रको बुद्ध मन्दिर जीर्णोद्धार | १००० | |
| २.२. | (ख) पटुक्वस्थित नारायण मन्दिर जीर्णाद्धार गर्ने | ८५ | |
| २.३. | (ग) अनुशरण कार्य (झारपात उखल्ने) | ५० | |
| ३. | **स्वयम्भू** | | |
| ३.१ | (क) ज्ञानमाला भजन सत्तलको छाना जीर्णोद्धार | २०० | |
| ३.२. | (ख) मञ्जुश्री सत्तलको छाना मर्मत तथा जीर्णोद्धार कार्य | २०० | |
| ४. | **भक्तपुर** | | |
| ४.१. | (क) ५५ झ्याले दरवार जीर्णोद्धारको लागि भ.पु.न.पा.लाई अनुदान दिने | ८०० | |
| ४.२. | तवः सत्तलको बाँकी भागको जीर्णोद्धार कार्य गर्ने | १२०० | |
| ४.३. | (ग) अनुशरण कार्य (झारपात उखेल्ने) | ५० | |
| ५. | **पनौती वंश गोपाल मन्दिर छाना जीर्णोद्धार गर्ने** | ३०० | |
| ६. | **व्यवस्थापन सुदृढीकरण** | | |
| ६.१. | (क) चार पाँग्रे स्कूटर १ थान, साइकल २ थान | १५० | |
| ६.२ | (ख) फर्निचर खरिद (दराज, टेवुल ) नक्सा स्ट्याण्ड | ५० | |

| | | | |
|---|---|---|---|
| क | पूंजीगत कार्यक्रमको जम्मा : | ८०४० | |
| १. | तोकिएको सहुलियत उपलब्ध गराउँदा पनि मापदण्ड अनुरूप संरक्षण गर्न नमान्ने घरधनीहरूको घर खरीद गर्न प्राचीन स्मारक संरक्षण कोषमा राख्न | ६५०० | |
| २. | संरक्षित स्मारक क्षेत्रका घरधनीहरूलाई उत्प्रेरित गर्न कूल खर्चको ५०% देखि ७५% सम्म अनुदान दिन आवश्यक रकम कोषमा राख्न | १००० | |
| १ | खर्च शीर्षक | | |
| २. | ३ संरक्षित स्मारक क्षेत्रभित्र बाँकी रहेका घर भवनहरूको लगत विवरण अध्यावधिक गर्ने | ४०० | |
| ३. | विश्व सम्पदा सूचीमा सूचीकृत संरक्षित क्षेत्रहरूमा अन्तर्क्रिया कार्यक्रम गर्ने | | |
| | (क) पनौति, चाँगु, भक्तपुर | १०० | |
| | (ख) हनुमानढोका, बौद्ध, पाटन । | १०० | |
| ४. | विश्व सम्पदाहरूको संरक्षण व्यवस्थापन कार्य सम्बन्धी प्रगति प्रतिवेदन तयार गरी UNESCO लगायत विभिन्न निकायहरूमा पठाउने | ५० | |
| ५. | UNESCO को विश्व सम्पदा समितिको बैठकमा भाग लिन पठाउने | ३०० | |
| ६. | विश्व सम्पदा शाखाको कोठाहरूमा फ्लोरिङ्ग तथा फर्निसिङ्ग कार्यको लागि | ७० | |
| ७. | आपतकालीन संरक्षण | २८० | |
| ख. | चालु खर्च कार्यक्रमको जम्मा | ८८०० | |
| ग. | कार्यक्रम खर्चतर्फको जम्मा (क+ख) | १६८४० | |
| घ. | उपभोग खर्च | | |
| ङ. | कार्यालय सञ्चालन खर्च | ३६० | |
| च. | कूल जम्मा खर्च (ग+घ+ङ) | १७२०० | |

**परम्परागत नाच तथा जात्राहरू :**

विभिन्न नाच तथा जात्राहरूलाई आ.व. २०६३।०६४ मा यस विभागबाट दिइएको आर्थिक अनुदानको विवरण

| क्र.सं. | नाच तथा जात्रा | नाइके | अनुदान रकम |
|---|---|---|---|
| | महाकाली नाच ६ थरी, भक्तपुर | | |
| १. | मुस्याजु समूह | श्री लक्ष्मी भक्त मुस्याजु | ९६६३।०६ |
| २. | लोहला समूह | श्री राम प्रसाद लोहला | ९६६३।०६ |
| ३. | फैंजु समूह | श्री दान भक्त फैंजु | ९६६३।०६ |
| ४. | खर्बुजा समूह | श्री रामचन्द्र खर्बुजा | ९६६३।०६ |
| ५. | जोशी समूह | श्री हिरण्य बहादुर जोशी | ९६६३।०६ |
| ६. | दैवज्ञ समूह | श्री सुनिल दैवज्ञ | १२८८४।०८ |
| ७. | रामचन्द्र नाच , भक्तपुर | श्री रत्न लाल डण्डेख्या | ९६६३।०६ |
| ८. | दशअवतार नाच , त्रिपुरेश्वर | श्री शंकर प्रसाद श्रेष्ठ | १४४९४।५९ |
| ९. | भैरव नाच , हलचोक | श्री माइला पुतुवार | ८०५२।५५ |
| १०. | लाखेनाच मजिपाट | श्री लक्ष्मण राम रञ्जित | ८०५२।५५ |
| ११. | गाउंने ढाडी, यटखा | श्री सूर्यमान महर्जन | २४१५।१६ |

| | | | |
|---|---|---|---|
| १२. | कार्तिक नाच, ललितपुर | श्री हरिमान श्रेष्ट (प्रबन्धक) | ४९९२५।८० |
| १३. | माघ जात्रा, बटु | श्री शालिग्राम तण्डुकार(वडा सदस्य) | ६४४२।०४ |
| १४. | हात्ति नाच, किलागल | श्री आशारत्न महर्जन (गुठीपाला) | ४०२६।२७ |
| १५. | अप्टमातृका नाच, ललितपुर | श्री भाजुरत्न शाक्य (सचिव) | ३६६०२।५० |
| १६. | भीमसेन जात्रा, ललितपुर | श्री मंगलटोल सुधार संघ | ४३९२।३० |
| १७. | कृष्ण पूजा, ललितपुर | श्री कृष्ण पूजा संचालक समिति | ४३९२।३० |
| १८. | न्यकू जात्रा (मतया), ललितपुर | श्री न्यकूमतया जात्रा संचालक समिति | २१९६१।५० |
| १९. | दैत्य नाच,जोर गणेश | श्री गंगा प्रसाद श्रेष्ठ | ८३८०।०० |

**आपतकालीन संरक्षण कार्य**

| क्र.सं. | नाच | रकम |
|---|---|---|
| १. | पनौती स्थित वंशगोपाल मन्दिर संरक्षण कार्य | ५०३९०।१८ |
| २. | झापा स्थित सतासीधाम मठ मन्दिर संरक्षण | ५००००।०० |
| ३. | पचली भैरव पश्चिम पट्टिको पाटी निर्माण कार्य | ३४४१५।०० |
| ४. | वनारसस्थित साम्राज्येश्वर स्थित धर्मशाला पर्खाल निर्माण | ८०,०००।०० |
| ५. | चापागाउँ स्थित जलद्रोणी संरक्षण कार्य | २०,०००।०० |
| ६. | ले ले स्थित लिच्छविकालीन शिलालेख संरक्षण | १,००,०००।०० |
| ७. | कोटेश्वरस्थित महादेव मन्दिर तथा नारायण मन्दिर संरक्षण | ६५,५८५।०० |
| | जम्मा | ४००३९०।१८ |

**आ.व. ०६३।०६४ मा विभागबाट प्राबिधिक सहयोग तथा सहमति प्रदान गरिएका कार्यहरू :**

१. नारायण मन्दिर बागदरवार निमार्ण कार्यमा सहमति प्रदान गरिएको ।
२. भद्रकाली ज्यापू सम्प्रदायको कूल देवता मन्दिर निर्माण कार्यमा सहमति ।
३. प्रगति शिक्षा सदन मा.वि.निर्माण कार्य सहमति प्रदान ।
४. नन्दीरात्री स्कूलको चौघेरा सत्तल निर्माण कार्यमा सहमति प्रदान ।
६. वनेपा स्थित चण्डेश्री मन्दिर प्राङ्गणको चण्डेश्वर महादेव मन्दिर जीर्णोद्धार कार्य सहमति प्रदान ।
७. न्यूरोड स्थित राधाकृष्ण मन्दिर जीर्णोद्धार सहमति प्रदान ।
८. विष्णुमति स्थित महामायादेवी मन्दिर कर्णद्विप मसानघाट ढुङ्गेसिंढी व्यवस्थित गर्न सहमति प्रदान ।
९. चावहिल स्थित चन्द्र विनायक मन्दिर परिसरको पाटीपौवा संरक्षण कार्यका लागि ल.ई. तथा ड्रइङ्ग गरी प्राविधिक सहयोग प्रदान ।
१० १२ वडा स्थित मचली पाटीको निर्माण कार्य र छाना मर्मत सहमति प्रदान ।
११. मैतिदेवी मन्दिरमा पित्तल चाँदीका तोरण , सिंह, मण्डला मर्मत जडानमा सहमति प्रदान ।
१२. सुनाकोठी स्थित श्री बालकुमारी भवानी मन्दिर छाना मर्मत सहमति प्रदान ।
१३. नगदेश स्थित ल्हापतिं ख्वा: थिमी न.पा. वडा नं.४ स्थित ढुङ्गेधारा जीर्णोद्धार सहमति प्रदान ।

# ABOUT THE AUTHORS


| | | |
|---|---|---|
| Dr. Shaphalya Amatya | – | Archaeologist<br>Chhauni, Kathmandu |
| Dr. Bhaveswar Pangeni | – | History Department<br>Tribhuvan University, Kirtipur |
| Ram Bahadur Kunwar | – | Excavation Officer<br>DoA |
| Shyam Sundar Rajbanshi | – | Epigraphist Officer<br>DoA |
| Gopal Jha | – | Engineer, DoA<br>Involved in Varanasi Restoration Project of Nepalese Temple |
| Sabita Neupane | – | Assistant Epigraphist<br>DoA |